# शोधपरिचय

## १. १ विषयपरिचय

प्रकाशित रचनाका आधारमा वि.सं. २०४३ देखि साहित्यलेखनमा कलम चलाएका विश्वभक्त दुलाल 'आहुति'ले हालसम्म 'तपस्वीका गीतहरू' (२०४९) कवितासङ्ग्रह, विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर कविताहरू, 'नयाँ घर' उपन्यास (२०५०), 'स्खलन' (२०५९) उपन्यास, 'हिन्दु समाजमा दलित जातीय मुक्तिको प्रश्न' (समाजशास्त्रीय तथा राजनीतिक रचना (२०६०), 'धुवाँ, आगो र मानिस' (अनूदित उपन्यास (२०६१), 'दलन' (टेलिशृङ्खला) हाल नेपाल टेलिभिजनमा प्रसारित सृजनाहरूको लेखन गरिसकेका छन् । यसरी यिनले विभिन्न विधा, कविता, टेलिश्रृङ्खला, उपन्यास तथा कविताको अनुवाद, सामाजशास्त्रीय तथा राजनीतिक लेखहरू रचना गरिसकेका छन् । विशेषत : प्रगतिवादी कविताका स्रष्टा आहुतिको 'तपस्वीका गीतहरू' कवितासङ्ग्रह (२०४९) र २०४४ देखि हालसम्म लेखिएका विभिन्न पत्रपत्रिकामा प्रकाशित प्रतिनिधि कविताहरूको विश्लेषण र मूल्य निरूपण गर्दै उनको कवित्वको आँकलन गरिने भएकाले कवि **आहुतिको काव्यिक व्यक्तित्वका सापेक्षतामा 'तपस्वीका गीतहरू' को अध्ययन** विषय स्वत:स्पष्ट रहेको छ ।

## १.२ समस्याकथन

आहुतिको काव्यिक व्यक्तित्वका सापेक्षतामा 'तपस्वीका गीतहरू' को अध्ययन नामक प्रस्तुत शोधपत्रका समस्याहरू निम्न रहेका छन्:

क) कवि आहुतिको जीवनी र व्यक्तित्व के कस्तो रहेको छ ?,

ख) कवि आहुतिको काव्यिक यात्रा कसरी अगाडि बढेको छ ?,

ग) कवि आहुतिको 'तपस्वीका गीतहरू' सङ्ग्रहका कविता कवितातत्त्वका आधारमा के कस्तो रहेको छ ? र

घ)  कवि आहुतिका योगदान र प्रवृत्तिहरू के कस्ता देखिएका छन् ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधका उद्देश्य निम्नानुसार रहेका छन्  :

क)  कवि आहुतिको जीवनी र व्यक्तित्वको बारेमा प्रकाश पार्ने,

ख)  कवि आहुतिको काव्यिक यात्रा कसरी अगाडि बढेको छ भन्ने प्रस्ट गर्ने,

ग)  कवि आहुतिको 'तपस्वीका गीतहरू' सङ्ग्रहमा रहेको कविताहरूका कवितातत्त्वका आधारमा अध्ययन गर्ने र

घ)  कवि आहुतिको योगदान र प्रवृत्तिहरूको निरुपण गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

कवि विश्वभक्त दुलाल 'आहुति'का बारेमा विभिन्न पत्रपत्रिका र समालोचनात्मक कृतिमा विभिन्न साहित्यकार र समालोचकहरूले सामान्य चर्चा गरेका छन् । यहाँ तिनको कालक्रमिक समीक्षात्मक विवरण प्रस्तुत गरिएको छ ।

पारिजात (२०४९) ले 'हत्केलाका फोकाहरू, एक जोडा आँखाहरू, आहुतिका कविताहरू' शीर्षकको 'तपस्वीका गीतहरू' कवितासङ्ग्रहको भूमिकामा आहुतिलाई मानसिकता बिथोलिदिएर मान्छेको जातलाई समाजमा ऐना हेर्न बाध्य तुल्याउन सक्षम सर्जकको रूपमा चित्रण गरेको पाइन्छ ।

राजेन्द्र सुवेदी र रुद्र खरेल (२०५०) ले 'प्रलेस' को सम्पादकीय लेखनमा आहुतिका कवितामा शीर्षमा रहेको संस्थागत सामन्ती संस्थापनको विरुद्धमा आक्रोसित जनमानसको प्रतिविम्बन र आमूल परिवर्तनको अपेक्षा र भविष्यप्रतिको जनताको अटुट आस्था पाउन सकिन्छ भनेर उल्लेख गरेको पाइन्छ ।

निनु चपागाई (२०५१) ले 'यथार्थवादी रचनादृष्टि र विवेचना' भन्ने पुस्तकमा आहुतिलाई कवितामा विचार र शिल्पको संयोजन राम्रोसँग पेश गर्ने कविका रूपमा प्रस्तुत गरेका छन् ।

नरेन्द्रराज चापागाई र दधिराज सुवेदी (२०५२) द्वारा सम्पादित 'काव्यसमालोचना' पुस्तकमा हीरामणि शर्मा पौडेलले आहुतिलाई राजनीतिक निरङ्कुशता, क्रुरता र बर्बर दानवीयताप्रति तीव्र घृणा र आक्रोश व्यक्त गर्ने साहित्यकारको रूपमा चित्रण गरेका छन् ।

ऋषिराज बराल (२०५३) ले 'प्रगतिवादी नेपाली कविता र यथार्थबोधको प्रश्न' शीर्षक लेखमा आहुति २०४० सालपछि प्रगतिवादी कविता लेखनमा सशक्त प्रतिभाको रूपमा देखा परेका कवि हुन् भनी चित्रण गरेका छन् ।

ताराकान्त पाण्डेय (२०५३) ले 'कला साहित्य भूमिका र मूल्याङ्कन' नामक पुस्तकमा आहुतिलाई सङ्घर्षको निरन्तरता र आमूल परिवर्तनको गणतन्त्रवादी चेत बोकेका साहित्यकारका रूपमा चिनाएका छन् ।

राजकुमार के.सी. (२०५५) ले 'एउटा नयाँ र साहसिलो प्रयोग' शीर्षक भूमिकामा आहुतिलाई नेपालको प्रचलित साहित्यमा एउटा महत्त्वपूर्ण थालनीकर्ताको रूपमा चर्चा गरेका छन् ।

घटराज भट्टराई (२०५६) ले 'नेपाली लेखक कोश' भन्ने पुस्तकमा आहुतिलाई राजनीतिक र सामाजिक चिन्तनमा रमाउने र आफ्ना विचार समाजकै लागि आहुति दिएका स्रष्टा भनी चिनाएका छन् ।

गोपीन्द्र पौडेल (२०५९) ले 'सौन्दर्यबोध र समीक्षा विविध' भन्ने पुस्तकको 'स्वर र संरचनाका दृष्टिमा आहुतिको 'तपस्वीका गीतहरू' शीर्षकमा आहुतिलाई मानवीय मूल्य र अपहरण भएको वर्तमानको सामाजिक संरचनाप्रति वितृष्णा तथा मानवीय स्वतन्त्रता र स्वाधीनताको पक्षमा आवाज उठाउने साथै विषयको विविधता, सरल भाषिक प्रयोग, मेहनतकश जनताको दारुण जीवनको चित्रण, क्रान्तिचेत, नेपाली नारीले भोगेका नारकीय जीवनको चित्रण तथा नारी विद्रोहको स्वर, जीवनका अनेक तथा जटिलतम अवस्थाको पर्यवेक्षण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुँजीवादी

शासनयन्त्रप्रति तिखो आक्रमण, विविध तथा गम्भीर भावको पोखाइ आहुतिको कविताका प्राप्ति हुन् भन्ने उल्लेख गरेका छन् ।

इस्माली (२०६०) ले प्रलेसद्वारा आयोजित गोष्ठीको कार्यपत्रमा आहुतिलाई न्यायपूर्ण सुन्दर समाज निर्माणका लागि सङ्घर्षशील कथा प्रदान गर्न सक्षम सर्जकका रूपमा उभ्याएका छन् ।

शरद पौडेल (२०६०) ले 'हिन्दु समाजमा दलित जातीय मुक्तिको प्रश्न' भन्ने पुस्तकको भूमिकामा आहुतिलाई छुवाछुत प्रथाको इतिहास र वर्तमान अवस्था बारेको खोजको परिश्रमी सर्जकको रूपमा प्रस्तुत गरेका छन् ।

धुव्रबहादुर भण्डारी (२०६१) ले 'आहुतिको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शोधपत्रमा मार्क्सवादी चिन्तनलाई सचेत रूपमा आत्मसात् गरेर त्यसलाई प्रयोग गर्ने कवि आहुति प्रगतिवादी कवि हुन् भनेर आहुतिको कवित्वको चित्रण गरेका छन् ।

राजकुमार वन (२०६४) ले 'आहुतिको उपन्यासकारिता' शोधपत्रमा आहुतिको 'कवि तथा गीतकार' व्यक्तित्वको लघुचर्चा गर्दा आहुतिको कवितामा सामाजिक जीवनको यथार्थ चित्रण, नारीका विविध समस्याहरूको उठान, क्रान्तिकारी चेतना, साम्राज्यवादी राज्य संरचनाप्रति विद्रोह, जातीय उत्पीडनको विरोध, सामन्त तथा जमिन्दार वर्गद्वारा किसानमाथि गरिएको शोषण चित्रण आदि आहुतिका कवितागत प्रवृति हुन् भनेका छन् ।

यसरी आहुतिको जीवनी, व्यक्तित्व र कृतित्वको धेरथोर अध्ययन, उपन्यासकारिताको अध्ययन, विश्लेषणसम्बन्धी शोधकार्य भए तापनि माथि समस्याकथनमा उल्लेख गरिएका समस्याहरूको अध्ययन तथा समाधान अझ भएको देखिँदैन । आहुतिको काव्यिक व्यक्तित्वको सघन एवम् गहन अध्ययन-अनुसन्धान भएको पाइँदैन । विभिन्न विद्वान् एवम् समालोचकहरूले फाट्टफुट्ट रूपमा आहुतिको 'तपस्वीका गीतहरू' कवितासङ्ग्रहका केही कविताको सामान्य

चर्चा गरेको पाइन्छ । तर उनको प्रगतिवादी नेपाली कविता परम्परामा काव्यिक योगदान, प्रवृत्ति पहिचान र उनीद्वारा लिखित प्रतिनिधि कविताहरूको विश्लेषण, मूल्याङ्कन भएको पाइँदैन । यसर्थ 'आहुति'को 'तपस्वीका गीतहरू' (२०४९) का साथै विभिन्न पत्रपत्रिकामा प्रकाशित छरिएर रहेका प्रतिनिधि फुटकर कविताहरूको गम्भीर अध्ययन विश्लेषण एवं मूल्याङ्कन गरिनु टड्कारै आवश्यकता देखिएको छ ।

## १.५ अध्ययनको औचित्य, महत्व  र उपयोगिता

प्रस्तुत शोधपत्रमा पूर्वकार्यको समीक्षाद्वारा सङ्केतित समस्याको आजसम्म सही ढङ्गले अध्ययन हुन नसकेको आहुतिको कवित्वको सविस्तार विश्लेषण गर्नाका साथै उनीद्वारा लिखित 'तपस्वीका गीतहरू' कवितासङ्ग्रहका र अन्य प्रतिनिधि फुटकर कविताहरूको अध्ययन विश्लेषण गरिएकाले आहुतिको काव्यिक व्यक्तित्वको बारेमा जान्न चाहने अध्येताहरूलाई यसले ठूलो सहयोग पुऱ्याउने देखिन्छ ।

प्रगतिवादी कविताका स्रष्टा आहुतिको कवितायात्रा, कवित्वको खासखास विशेषता र उनले प्रगतिवादी नेपाली कविता परम्परामा पुऱ्याएको योगदानको सूक्ष्म विश्लेषण भएकाले यो अध्ययनको औचित्य, महत्त्व र उपयोगिता स्वतः स्पष्ट रहेको छ ।

## १.६ क्षेत्र र सीमा

प्रस्तुत शोधकार्य आहुतिको 'तपस्वीका गीतहरू' (२०४९) कवितासङ्ग्रह र २०४४ देखि २०६६ सम्म प्रकाशित प्रतिनिधि फुटकर कविताहरू अनि उनको जीवनी र व्यक्तित्वमा मात्र केन्द्रित छ । यो नै अध्ययनको क्षेत्र र सीमा हो ।

## १.७ शोध विधि

प्रस्तुत शोधकार्यमा निम्नानुसार शोधविधि अपनाइएका छन् :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य गर्दा शोधसामग्रीलाई प्राथमिक र द्वितीयक स्रोतसामग्री गरी दुई भागमा सङ्कलन गर्दा मूलत : पुस्तकालय अध्ययनपद्धतिको आधारमा गरिएको छ । यसका साथै शोधनायकसँग प्रत्यक्ष भेटघाट गरी तथा उनका बारेमा जान्ने बुझ्नेले दिएका लिखित तथा मौखिक जानकारीलाई पनि अध्ययनका क्रममा आत्मसात् गरिएको छ ।

यस शोधकार्यमा आवश्यकताअनुसार सम्वद्ध क्षेत्रका विभिन्न विद्वान्, प्राध्यापक, समालोचकसँग पनि आवश्यक जानकारी लिइएको छ । साथै निगमन र आगमनविधिलाई पनि सामग्री सङ्कलनका क्रममा स्वीकार गरिएको छ ।

### १.७.२ विश्लेषणको सैद्धान्तिक आधार

आहुति प्रगतिवादी कवि हुनाले साहित्यसम्बन्धी प्रगतिवादी मूल्य र मान्यता तथा सिर्जनविधिका आधारमा उनका कविताको विश्लेषण, मूल्याङ्कन गरिनुका साथै उनको कवित्वको समेत निरूपण भएको छ । यस क्रममा आवश्यकता अनुसार प्रगतिवादी साहित्य सिर्जनाका बारेमा पनि अध्ययन गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्र निम्नानुसार अध्यायहरूमा विभाजन गरी व्यवस्थित र सङ्गठित रूपमा प्रस्तुत गरिएको छ :

**पहिलो अध्याय** : शोधपरिचय

**दोस्रो अध्याय** : कवि आहुतिको जीवनी र व्यक्तित्वको अध्ययन

**तेस्रो अध्याय** : कवि आहुतिको काव्यिक यात्राको अध्ययन

**चौथो अध्याय** : *'तपस्वीका गीतहरू'* सङ्ग्रहको अध्ययन

**पाँचौं अध्याय** : कवि आहुतिको काव्यिक प्रवृत्ति र योगदानको निरुपण

**छैटौं अध्याय** : उपसंहार एवं निष्कर्ष

उपर्युक्त छ अध्यायलाई आवश्यकता अनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

# दोस्रो अध्याय

## कवि आहुतिको जीवनी र व्यक्तित्वको अध्ययन

### २.१ आहुतिको जीवनवृत्त

काठमाडौँको काँठे गाउँमा चर्को जातीय भेदभाव र उत्पीडन अनि गरिबीको पीडा सहँदै कष्टपूर्ण बाल्यकाल व्यतित गरेका आहुतिको समग्र जीवनवृत्त आफैंमा सङ्घर्षमय र उतारचढावयुक्त देखिन्छ । प्रगतिवादी नेपाली कविता परम्परामा आफ्नो छुट्टै पहिचान राख्न सफल कवि आहुतिको साङ्गोपाङ्गो जीवनवृत्तलाई यहाँ विभिन्न उपशीर्षकहरूमा चर्चा गरिएको छ ।

#### २.१.१ जन्म र जन्मस्थान

नेपाली नागरिकताको प्रमाणपत्रमा आहुतिको जन्ममिति वि.सं. २०२४ चैत्र १ गते उल्लेख भए तापनि उनको वास्तविक जन्ममिति भने वि.सं. २०२३ साल चैत्र १ गते मङ्गलबारका दिन भएको बुझिन्छ । यिनको जन्मस्थान बागमती अञ्चल, काठमाडौँ जिल्लाको नयाँ नैकाप गा.वि.स., वडा नं. ९, झोलेटोल रहेको पाइन्छ । यिनी हर्षबहादुर दुलालका नाति र राधाकृष्ण दुलाल तथा कान्छी दुलालका कान्छा छोरा हुन् । न्वारानको नाम रामभक्त दुलाल रहेको यिनको बोलाउने नाम भने विश्वभक्त दुलाल रहेको पाइन्छ । साहित्यका क्षेत्रमा भने यिनले आकाश, अमर सिन्धुलीय, आयुष्मान श्रेष्ठ, अरुणकुमार सिंह, अमलेख, आहुति उपनाम प्रयोग गरेको देखिन्छ । यी विभिन्न नाममध्ये हाल यिनी 'आहुति' उपनामले नै सबैसामु चिरपरिचित देखिन्छन् (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

### २.१.२ बाल्यकाल

आहुति 'गर्भेटुहुरो' बालकको रुपमा जन्मेका देखिन्छन् । उनको जन्म हुनुभन्दा एक महिनाअघि बुबाको क्षयरोगका कारण मृत्यु भएको थियो । आफू जन्मनुअघि नै बुबाको मृत्यु भएकाले यिनको बाल्यकाल कष्टपूर्ण रहेको बुझिन्छ । बुबाको ममतापूर्ण पितृवात्सल्यबाट बञ्चित भए पनि आमा, दिदी र दाजुहरूको माया पाएर मायालु वातावरणमा यिनी हुर्केको पाइन्छ । पुर्ख्यौली चलअचल सम्पत्ति बुबा र दुई फुपूहरूको उपचारका क्रममा सकिएकाले यिनको परिवारिक आर्थिक अवस्था सङ्कटमय रहेको पाइन्छ । आजीविकाका लागि यिनले बाल्यकालमा पुर्ख्यौली पेसालाई अपनाएको बुझिन्छ । पढाइ खर्च जुटाउन र बिहानबेलुकीको हातमुख जोड्न यिनले हजुरबा र दिदीसँगै छालाको जुत्ता बनाउने, बनेको जुत्ता सडकका पेटीमा लगेर विक्री गर्ने, दिदीसँग तानमा बसेर कपडा बुन्ने जस्ता कामहरू गरेको पाइन्छ ।

### २.१.३ शिक्षादीक्षा

दलित परिवारमा जन्मिएका भए पनि तत्कालीन समयमा नै आहुतिका हजुरबा साक्षर भएको पाइन्छ । शिक्षाप्रतिको झुकावले नै आहुतिका हजुरबाले आफ्ना छोरानातिलाई पढ्ने वातावरण बनाइदिएका र आहुतिका पिताले पनि दश कक्षासम्मको अध्ययन गरेको बुझिन्छ । शिक्षित परिवारमा जन्मिएको हुनाले वि.सं. २०३१ देखि आहुतिको औपचारिक शिक्षा स्थानीय विद्यामन्दिर माध्यमिक विद्यालयबाट प्रारम्भ भएको पाइन्छ । विद्यालयमा उनी तेजिला विद्यार्थीका रुपमा चिनिन्थे । दलित विद्यार्थी भएकै कारण स्कुलमा साथीसङ्गीद्वारा हेपिने, शिक्षकद्वारा भेदभाव गरिने जस्ता घटनाबाट यिनी पीडित भएको बुझिन्छ । कक्षा ४ को अन्तिम परीक्षामा उनी प्रथम भए तापनि दलित

भएकै कारणले तेस्रो बनाइए । कक्षा ६ देखि भने प्रथम हुने विद्यार्थीलाई निःशुल्क पढाउने भनिएपछि आहुतिले निःशुल्क पढ्न पाएका थिए । यिनले वि.सं. २०४० मा प्रवेशिका (एस.एल.सी) उत्तीर्ण गरेको बुझिन्छ । चिकित्साशास्त्र पढ्ने रहर हुँदाहुँदै पनि छिट्टै जागिर खानुपर्ने बाध्यताले यिनी दुई वर्षे सिभिल ओभरसियर पढ्न काठमाडौँस्थित पुल्चोक इन्जिनियरिङ क्याम्पसमा भर्ना भएको पाइन्छ । क्याम्पस जीवनको प्रारम्भसँगै तत्कालीन 'सर्वहारावादी श्रमिक सङ्गठन नेपाल' नामक भूमिगत कम्युनिस्ट पार्टीको सम्पर्कले उनको पढाइ अधुरै राखेर राजनीतिमा प्रवेश गरायो । वि.सं. २०४६ को राजनीतिक परिवर्तनपछि एकजना मित्रको आग्रह पूरा गर्न आई.ए.को परीक्षा दिएर उत्तीर्ण पनि गरे । आफूसँग आई.ए.सम्मको प्रमाणपत्र भए तापनि उनी आफ्नो औपचारिक शिक्षा १० कक्षा मात्र बताउँछन् (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

### २.१.४ आर्थिक अवस्था

आर्थिक दृष्टिले आहुतिको परिवार निम्न मध्यम वर्गीय रहेको बुझिन्छ । उनका हजुरबा र बुबा दुवैले पुर्ख्यौली पेसालाई अपनाएका थिए । बुबा र फुपूको उपचारका क्रममा भएभरको जायजेथा सकिएपछि हजुरबाको जुत्ता सिउने पेसा र दिदीको तानले परिवार धानेको बुझिन्छ । आर्थिक सङ्कटकै कारणले उनका दाजु तथा दिदीहरूले बीचमै पढाइ छाड्नु परेको थियो । आहुति आफू पनि जुत्ता बनाउने र सहरका विभिन्न ठाउँहरूमा लगेर बेच्ने गर्दथे । यतिमात्र नभएर आफ्नो पढाइ खर्च र बिहानबेलुकीको छाक टार्न उनी राति २:०० बजेसम्म दिदीसँगै तानमा बस्ने गरेको पाइन्छ । सानैदेखि खेप्नुसम्मको आर्थिक सङ्कट खेपेका यिनी हाल लेखन तथा संविधान सभाको सभासदको हैसियतले प्राप्त हुने रकमबाट जीविकोपार्जन गरी जावलाखेलमा डेरा गरेर बसेको देखिन्छ ।

### २.१.५ विवाह र दाम्पत्य जीवन

आहुतिको पहिलो विवाह वि.सं. २०४८ मा २५ वर्षको उमेरमा अञ्जना विशङ्खेसँग परम्परागत ढङ्गले भएको थियो । आन्तरिक मनमुटावका कारण अञ्जना विशङ्खेसँग २०५९मा सम्बन्ध विच्छेद भएको बुझिन्छ । पछि उनको दोस्रो विवाह वि.सं.२०६०मा बुद्धलक्ष्मी महर्जनसँग भयो । दुई श्रीमतीहरूबाट एक/एकजना छोरी गरी हाल उनका दुई छोरीहरू रहेका देखिन्छन् । अहिले आहुतिको परिवारमा आमा, दिदी, श्रीमती र दुई छोरीहरू रहेका छन् (वन, २०६४:१०) ।

### २.१.६ जागिरे जीवन

आहुतिको जागिरे जीवन राजनीतिक पार्टीको साङ्गठनिक कार्यलाई टेवा पुऱ्याउने ध्येयले सुरु भएको देखिन्छ । उनले वि.सं.२०४० मा तीन महिनाजति 'नेपाल टेन्ट एन्ड टारपोलियम कम्पनी'मा कारखाना मजदुरको रुपमा काम गरेको पाइन्छ । यसैगरी वि.सं. २०४३ देखि २०४४ सम्म करिब १३ महिना सिन्धुपाल्चोक जिल्लाको भोटेचौरमा रहेको सरस्वती मा.वि.मा शिक्षकको रुपमा  काम गरेको बुझिन्छ । वि.सं. २०४४-२०४५ बिचको आठ महिना जति क्षेत्रपाटीको लु:ज प्रेसमा मजदुरको रुपमा काम गरेको पनि पाइन्छ । उनको यस किसिमको जागिरे जीवनले आर्थिक लाभभन्दा पनि साङ्गठनिक लाभमा सहयोग पुऱ्याएको र जागिर खानुको मुख्य उद्देश्य पनि त्यही नै हो भन्ने कविको स्पष्टोक्ति रहेको छ । हाल उनी कुनै पनि जागिरमा छैनन् तर राजनीतिक क्षेत्रमा क्रियाशील रहेर संविधान सभाको सभासद पदमा आसिन देखिन्छन् (शोधनायकबाट प्राप्त जानकारी अनुसार) ।

### २.१.७ जीवनदृष्टि

आहुतिको वैचारिक दृष्टिकोण मार्क्सवादबाट प्रभावित रहेको पाइन्छ । उनी द्वन्द्वात्मक भौतिकवादलाई मूल दर्शनका रुपमा अङ्गीकार गर्छन् । उनको जीवनप्रतिको

दृष्टिकोण पलायनवादी नभई आशावादी रहेको बुझिन्छ । उनको विचारमा मानवजीवन आफैँमा सार्वभौम, गतिशील तथा प्रगतिउन्मुख छ । भौतिकवादी द्वन्द्ववादको दृष्टिकोणाबाट विश्लेषण गरियो भने मात्र महानतम् मानवजीवनको सही व्याख्या गर्न र त्यसको अग्रगामी यात्रालाई बुझ्न सकिन्छ भन्ने धारणा उनमा भएको पुष्टि हुन्छ । उनी हरेक कुरालाई द्वन्द्वात्मक भौतिकवादी सिद्धान्तअनुरुप हेर्छन् र व्याख्या गर्दछन् ।

## २.१.८ सांस्कृतिक-सामाजिक कार्यहरूमा संलग्नता

आहुति सिर्जनात्मक क्षेत्रमा जति सक्रिय छन् त्यति नै सांस्कृतिक, सामाजिक कार्यहरूमा पनि सक्रिय रहेका देखिन्छन् । साहित्यिक कार्यक्रमका सिलसिलामा नै उनी विविध सङ्घसंस्थामा संलग्न भएको पाइन्छ । आहुतिको संस्थागत संलग्नता 'दियो' पत्रिकाको सम्पादकबाट सुरु भएको बुझिन्छ (भण्डारी, २०६१:१०) । यिनी वि.सं. २०४३ सालमा रोदन सांस्कृतिक परिवारका अध्यक्ष भएका हुन् । त्यस्तै यिनले अखिल नेपाल जनसांस्कृतिक सङ्घको के.स. (वि.सं. २०४८) भएर सांस्कृतिक सम्बद्धता देखाएका छन् । उनी वि.सं. २०५२ मा इन्द्रेणी सांस्कृतिक समाज (इसास)का केन्द्रीय सचिव र वि.सं. २०५६मा केन्द्रीय सदस्यमा छनोट भएको पाइन्छ । यिनी प्रगतिशील लेखक सङ्घको के.स.स., प्रतिभा प्रवाहको सञ्चालक सदस्य (२०४५) हुँदै 'नेपाली मञ्च' मासिक, 'रक्तिम किरण' साहित्यिक त्रैमासिकको सल्लाहकार र प्रसास एवम् प्रलेससँग आवद्ध भएका थिए । हाल भने यिनी ए.ने.क.पा. (माओवादी)को पालिटब्युरो सदस्य र यसै पार्टीको तर्फबाट संविधान सभाको सभासदसमेत रहेको पाइन्छ ।

## २.१.९ राजनीतिक सम्बद्धता

आहुतिलाई वि.सं. २०३६ को आन्दोलनले जीवनमा प्रभाव पारेको पाइन्छ । त्यसबेला उनी स्कुले छात्र थिए । आन्दोलनको क्रममा उनी अध्ययनरत विद्यालयमा

एकदिन हड्ताल भएको र हड्तालकै क्रममा प्रशासनले दमन गरेको बताइन्छ । आफ्ना हजुरबाका कारण बालककालदेखि नै कम्युनिस्टहरूप्रति उनको विशेष आकर्षण भएको देखिन्छ । उनका हजुरबाले किताबको गाता लाउन 'चीन सचित्र' नामको चिनियाँ पत्रिका ल्याउँथे र त्यस पत्रिकाको खोलमा रहने माओत्सेतुङको फोटोलाई चिनाउँदै भन्थे- "यो मान्छे कम्युनिस्ट हो, यो जन्मिने बित्तिकै सात पाइला हिँडेको, कम्युनिस्टले गरिबको भलाइ गर्छ । सबैलाई समान गर्छ (भण्डारी; २०६१:११)।" वि.सं. २०३७ को जनमतसङ्ग्रहमा उनी बहुदलको पक्षमा स्थानीय बहुदलवादीहरूसँग प्रचारमा पछि लागेको बुझिन्छ । विद्यालयीय जीवन सकिनेबित्तिकै स्थानीय एक कम्युनिस्ट युवासँग उनको मित्रता भएको र त्यस मित्रताले उनलाई कम्युनिस्ट पार्टीको सम्पर्कमा पुऱ्याएको पाइन्छ । पार्टीमा लागेपछि उनी कहिल्यै पछि परेनन् । मार्क्सवादी दर्शन र क्रियाकलापमा आफ्नो सिर्जना र समय लगानी गर्दै गए । वि.सं. २०४८मा ने.क.पा. (एकता केन्द्र) को केन्द्रीय सल्लाहकार समितिको सदस्यमा निर्वाचित भएका आहुति वि.सं. २०५४ को राष्ट्रिय सम्मेलनद्वारा सोही पार्टीको केन्द्रीय सदस्य हुँदै ने.क.पा. (माओवादी) र ने.क.पा.( एकता केन्द्र) बीच पार्टी एकीकरण भएपछि हाल ए.ने.क.पा. (माओवादी) को पोलिटब्युरो सदस्य रहेको बुझिन्छ । संविधान बनाउने ऐतिहासिक दायित्व बोकेको संविधान सभाको सभासदसमेत रहेका आहुति देश र जनताको अग्रगामी परिवर्तनका लागि राजनीतिक रुपमा डटेर लागिपरेका देखिन्छन् ।

### २.१.१० लेखन र प्रकाशन आरम्भ

साहित्यिक लेखनमा आफ्नो प्रेरणाको स्रोत खासै कोही नभएको मान्ने आहुति प्रेरणामा विश्वास गर्दैनन् । नदी कसैको प्रेरणाले बग्दैन मेरा लागि लेखन पनि त्यस्तै हो भन्ने आहुतिको ठम्याइ रहेको पाइन्छ । यिनको लेखन आरम्भ तेऱ्हबर्से विद्यार्थी जीवनबाट नै भएको हो । विद्यार्थी जीवनमा नै यिनले कथा; कविता, एकाङ्की आदि विधामा कलम चलाएको बुझिन्छ । यिनका कृतिहरूले प्रकाशनको सु-अवसर भने वि.सं.

२०४३ देखि मात्र प्राप्त गरेको देखिन्छ । वि.सं. २०४३ मा 'शिलापत्रको हकदार' शीर्षकको एकाङ्की काठमाडौँबाट प्रकाशित हुने 'दियो' पत्रिकामा प्रकाशन गरी आहुतिले आफ्नो सार्वजनिक साहित्यिक यात्रा प्रारम्भ गरेको बुझिन्छ । (वन : २०६४, १०) विधागत विविधताका आधारमा हेर्दा एकाङ्कीअन्तर्गत 'शिलापत्रको हकदार' (दियो, २०४३) फुटकर कवितामा 'साँच्चै गर्छौ र तिमी ?' (दियो, २०४४) कथामा 'पिँजडाको सुगा'- उत्साह त्रैमासिक (२०४३), कवितासङ्ग्रहमा 'तपस्वीका गीतहरू' (२०४९), उपन्यासमा 'नयाँ घर' (२०५०) उनका प्रकाशित प्रथम कृतिहरू हुन् । यसरी उनको सार्वजनिक प्रकाशनको सुरुवात वि.सं. २०४३ देखि मात्र भएको प्रष्ट बुझिन्छ ।

### २.१.११ सम्मान तथा पुरस्कार

आहुतिलाई स्रष्टा प्रकाशनद्वारा प्रदान गरिने नेपाली प्रगतिशील साहित्यिक क्षेत्रमा स्थापित पहिलो पुरस्कार 'कृष्णमणि सिर्जनशील साहित्यिक पुरस्कार' वि.सं. २०५० मा 'तपस्वीका गीतहरू' (२०४९) कवितासङ्ग्रहका लागि प्रदान गरिएको बुझिन्छ ।

### २.१.१२ प्रकाशित पुस्तकाकार कृतिको सूची

आहुतिको नेपथ्यगत लेखनकार्यको थालनी तेऱ्हबर्से कलिलो उमेरदेखि सुरु भए तापनि प्रकाशित रचनाको आधारमा उनको लेखनको सुरुवात वि.सं. २०४३ बाट भएको देखिन्छ । फुटकर रुपमा उनका विविध रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा छरिएर रहेको बुझिन्छ । उनको प्रथम पुस्तकाकार कृतिको प्रकाशन भने वि.सं. २०४९ मा भएको पाइन्छ । आहुतिका आजसम्म प्रकाशित पुस्तकाकार कृतिहरू यस प्रकार छन् :

१. तपस्वीका गीतहरू (कवितासङ्ग्रह, २०४९)

२. नयाँ घर (उपन्यास, २०५०)

३. स्खलन (उपन्यास, २०५९)

४. हिन्दु समाजमा दलित जातीय मुक्तिको प्रश्न (समाजशास्त्रीय तथा राजनीतिक रचना, २०६०)

५. धुवाँ, आगो र मानिस (अनुदित उपन्यास, २०६१)

यिनका हालसम्म विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर कविताहरूको सूची यस प्रकार छ :

| क्र.सं. | शीर्षक | प्र.का. | प्र.स्रो. |
|---|---|---|---|
| १. | साँच्चै गर्छौ र तिमी ? | २०४४ | दियो (९:१) |
| २. | पानीघट्टको सन्देश | २०४४ | जनमत (६:१) |
| ३. | मेरो मुटु दुख्छ | २०४५ | योजना (?) |
| ४. | चिहानमाथि आरुको फूल कहिले फुल्छ ? | २०४६ | जनमत(६:१९) |
| ५. | सियो | २०४८ | हलकारा |
| ६. | गहुँगोरो अफ्रिका | २०५० | मूल्याङ्कन (११:१४) |
| ७. | के लेख्ने ? | २०५१ | विपुल (पू.४) |
| ८. | आजादहरू | २०५१ | कलम (२:४) |
| ९. | एक कविता नारी जातिको निम्ति | २०५२ | जनमत (१२:१०) |
| १०. | पच्चीस वर्षको उत्सव र वीरबहादुर | २०५४ | वेदना (पू.५९) |
| ११. | आस्थाको यात्रामा एक समय | २०५४ | जनएकता (३:३३) |
| १२. | जन्म | २०५४ | जनएकता (३:१) |
| १३. | ऐनाको जिन्दगी | २०५५ | तन्नेरी (?) |
| १४. | लक्ष्मिनिया तिम्रो लोटा खै ? | २०५८ | नव कविता (पू.५२) |
| १५. | सेतो आतङ्ककारीलाई | | |

| | | | |
|---|---|---|---|
| | रातो आतङ्ककारीको जवाफ | २०५८ | जनादेश (१०:५२) |
| १६. | यतिबेला म हाँसिरहेको छु | २०५८ | जनएकता (७:२७) |
| १७. | अनाथ सत्य | २०५८ | कान्तिपुर (९:९१) |
| १८. | कृपया मलाई मेरो टाउको देऊ | २०५९ | मूल्याङ्कन (२१:१०५) |
| १९. | ट्राफिक जाम | २०५९ | वेदना (अङ्क ६७) |
| २०. | जुद्ध वारुणयन्त्र | २०५९ | कान्तिपुर (१०:३४९) |
| २१. | नेपाल अमेरिका एक्सप्रेस | २०५९ | कान्तिपुर (?) |
| २२. | तुच्छ जीवनको महान् गाथा | २०६० | मूल्याङ्कन (२२:११५) |
| २३. | मरेको घोडामाथि बसेको बादशाहको विरुद्ध | २०६० | जनएकता (९:६) |
| २४. | बाइसौँ शताब्दीमा | २०६० | जनएकता (९:१९) |
| २५. | धन्यवाद राजधानी | २०६० | कान्तिपुर (?) |
| २६. | निदाएर जुलुसमा हिँडिरहेको मानिस | २०६० | जनएकता (९:२८) |
| २७. | घाइते वार्डको प्रश्न | २०६१ | (मूल्याङ्कन, ?) |
| २८. | श्रीपेच बम बोकेको आतङ्ककारी | २०६१ | (शब्द संयोजन) |
| २९. | गणतन्त्रको क्षेत्रफल | २०६१ | (वेदना) |
| ३०. | माल्दाइ मैले घाँस खान सकिनँ | २०६२ | (मूल्याङ्कन) |

### २.१.१३ साहित्यिक चिन्तन

मानिस सर्वश्रेष्ठ प्राणी हो । ऊ कुनै दर्शन वा चिन्तनबाट सञ्चालित हुन्छ । अक्षरको खेती गर्ने कलमबाजहरू त झनै चिन्तनलाई केन्द्रमा राखी साहित्य साधना गर्दछन् । कवि आहुति एक जीउँदाजाग्दा स्रष्टा हुन् । उनका विचारमा साहित्य जीवनसँग सम्बन्धित हुनुपर्दछ र यसले जीवनलाई नयाँ दिशा दिनुपर्छ । खासमा यिनी प्रगतिवादी कवि र वामपन्थी नेता भएकाले जीवनप्रतिको दृष्टिकोण ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी रहेको छ । साहित्यले जनताको मुक्तिको आवाज मुखरित गर्नुपर्दछ ।

सर्वहारावर्गीय जनताको मुक्तिको सन्देश बोक्नु नै साहित्यको लक्ष्य हुनुपर्छ भन्ने उनको. साहित्यप्रतिको चिन्तन छ । उनी आफ्नो सिर्जना वर्गदुश्मनका लागि सबैभन्दा हानिकारक हतियार र वर्गमित्रका लागि प्यारो बनोस् भन्ने चाहन्छन् । आहुतिका विचारमा साहित्यमा सबैभन्दा बढी वर्तमान आउँछ तर त्यो वर्तमान गर्भवती महिला जस्तै हुन्छ जसको मुख्य इच्छामा भविष्यको स्वस्थ सन्तानको आकाङ्क्षा भरिएको हुन्छ । मार्क्सवाद, लेनिनवाद र माओत्सेतुङको विचारधाराबाट प्रभावित यिनी आफ्नो राजनीति र साहित्य दुबै यही चिन्तनबाट अनुप्राणित भएको ठान्छन् (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

## २.२ आहुतिको व्यक्तित्ववृत्त

प्रगतिवादी नेपाली साहित्यको क्षेत्रमा कवि, उपन्यासकारका रूपमा आफ्नो सशक्त उपस्थिति दिलाउन सफल आहुति साहित्यिक क्षेत्रमा मात्र नभई राजनीतिक तथा सामाजिक-साङ्गठनिक क्षेत्रमा पनि महिमान्वित स्थानमा छन् । साहित्य र राजनीति दुवैमा प्रगतिवादी मूल्यमान्यतामा आधारित रहँदै मार्क्सवादी तथा माओवादी दर्शनलाई लिई अघि बढ्ने यिनका व्यक्तित्वका विभिन्न पाटाहरू रहेका पाइन्छन्, जसका बारेमा तलका उपशीर्षकहरूमा सबिस्तार चर्चा गरिएको छ ।

### २.२.१ साहित्यिक व्यक्तित्व

आहुति नेपाली साहित्य जगत्मा एक स्थापित स्रष्टा हुन् । नेपाली साहित्यमा यिनले कविता, उपन्यास, निबन्ध, एकाङ्की, कथा, समीक्षा र सामाजिक तथा राजनैतिक लेखहरूसमेत लेखेको पाइन्छ । यिनले साहित्यका विभिन्न विधाहरूमा कलम चलाए तापनि उपन्यास  र कविता विधा बढी उर्बर देखिएका छन् ।

आहुतिको साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरूलाई यहाँ छुट्टाछुट्टै उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

### २.२.१.१ उपन्यासकार व्यक्तित्व

आहुति एक सफल उपन्यासकार हुन् । यिनले वि.सं. २०५० मा 'नयाँ घर' उपन्यासको प्रकाशन गरी उपन्यास लेखनमा प्रवेश गरेका हुन् । यिनका हालसम्म 'नयाँ घर' (२०५०), 'स्खलन' (२०५९) मौलिक र 'धुवाँ, आगो र मानिस' (२०६१- अनूदित) गरी तीनवटा औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । यी उपन्यासका अलावा उनका 'नयाँ आयाम' र 'एक प्रेमकथा' शीर्षकका उपन्यासहरू प्रकाशोन्मुख रहेका छन् ।

मूलत : आहुति प्रगतिवादी उपन्यासकार हुन् । यिनका उपन्यासहरूमा सामन्तवाद तथा विस्तारवादविरोधी राजनीतिक चेतना, सत्तामोहमा लिप्त कथित वामपन्थीहरूप्रति व्यङ्ग्य, पञ्चायती व्यवस्थाप्रति व्यङ्ग्य, सामन्त तथा जमिन्दार वर्गद्वारा गरिब तथा किसानवर्गप्रति गरिने शोषण र यस विरुद्धको वर्गीयचेतना, सामाजिक विकृतिको चित्रण आदि विशेषताहरू पाउन सकिन्छ । मार्क्सवादी दर्शनबाट प्रेरित आहुतिको 'नयाँ घर' ( २०५०) उपन्यासमा व्यक्तिगत स्वार्थबाट उठेर सामूहिक स्वार्थ प्राप्तिका लागि समाजमा भइरहेका अन्याय, शोषणप्रति क्रान्ति गर्न आह्वान गरिएको पाइन्छ । यस उपन्यासमा पञ्चायतकालीन सामाजिक यथार्थको चित्रण गरिएको छ । त्यस्तै 'स्लखलन' (२०५९) उपन्यासमा बहुदलीय व्यवस्थाको स्थापना भइसकेपछि नेताहरूमा देखिएको व्यक्तिगत स्वार्थ र सत्तामोह तथा सैद्धान्तिक पतन देखाइएको छ । पञ्चायतकालमा कठिन भूमिगत जीवन बिताएर क्रान्ति गरेका नेताहरू सत्तामा पुगेपछि जनआकाङ्क्षा विरुद्ध गई निजी स्वार्थमा लिप्त भएको र घरको चौघेरामा मात्र सीमित कथित क्रान्तिकारीका श्रीमतीका मानसिक विक्षिप्तताको चित्रण 'स्खलन' उपन्यासमा पाइन्छ । भारतीय उपन्यासकार शिवनारायण श्रीवास्तवद्वारा लिखित 'धुवाँ, आगो र मानिस' उपन्यासको अनुवाद आहुतिले गरेका छन् । यस उपन्यासमा पनि मजदुर माथिको शोषण, दमनको चित्रण छ । यस प्रकार उनका उपन्यासले उनलाई सफल उपन्यासकार व्यक्तित्वका रुपमा स्थापित गरेको छ ।

### २.२.१.२ कवि व्यक्तित्व

आहुतिको साहित्यिक व्यक्तित्वको महत्त्वपूर्ण पाटो कवि व्यक्तित्व हो । यिनी कविता विधामा सफल र ऊर्जाशील छन् । उनले तेऱ्हबर्से विद्यार्थी कालदेखि नै कविता लेख्न थालेको पाइन्छ । आहुतिको पहिलो प्रकाशित फुटकर कविता 'साँच्चै गर्छौ र तिमी ?' (दियो, २०४४) हो । (वन : २०६४) हालसम्म यिनका अढाई दर्जनजति फुटकर कविताहरू विभिन्न पत्रिकाहरूमा प्रकशित भएका छन् । यिनको हालसम्म प्रकशित एकमात्र कवितासङ्ग्रह भने 'तपस्वीका गीतहरू' (२०४९) हो । यसमा २५ वटा फुटकर कविताहरू सङ्गृहित छन् ।

मूलत : यिनी प्रगतिवादी कवि हुन् । यिनका कवितामा सामन्त तथा जमिन्दार वर्गद्वारा किसानमाथि गरिएको शोषणको चित्रण, जातीय उत्पीडनको विरोध, साम्राज्यवादी राज्यसंरचनाप्रति विद्रोह, क्रान्तिकारी चेतना, नारीका विविध समस्याहरूको उठान, सामाजिक जीवनको यथार्थ चित्रण आदि मुख्य विशेषताहरू पाइन्छन् । आहुतिका कवितामा मानवीय मूल्य अपहरण भएको वर्तमानको सामाजिक संरचनाप्रति वितृष्णा तथा मानवीय स्वतन्त्रता र स्वाधीनताको पक्षमा मृदुगीत गाइएका छन् । (पौडेल, २०५९:२१) यिनका 'तपस्वीका गीतहरू' (२०४९) बाहेक विभिन्न पत्रपत्रिकामा प्रकाशित केही प्रमुख फुटकर कविताहरू 'गहुँगोरो अफ्रिका' (मूल्याङ्कन; ११:१४, २०५०), 'आजादहरू' (विपुल; २०५१), 'के लेख्ने ?' (कलम; २:४, २०५१), 'सेतो आतङ्ककारीलाई रातो आतङ्ककारीको जवाफ' (जनादेश; १०:२८, २०५८), 'श्रीपेच बम बोकेको आतङ्ककारी' (शब्द संयोजन, २०५१), 'गणतन्त्रको क्षेत्रफल' (वेदना; २०६१), 'माल्दाइ, मैले घाँस खान सकिनँ' (मूल्याङ्कन; २०६२) आदि हुन् । आहुतिका प्रकाशित, अप्रकाशित विभिन्न फुटकर कविताहरूको सँगालो 'गहुँगोरो अफ्रिका' तथा 'क्रान्तिकारीको मृत्यु' प्रकाशोन्मुख अवस्थामा रहेका छन् (आहुति; लिखित जानकारी )

यसरी कविता विधामा यिनको लेखन तथा क्रियाशीलताले उनलाई सफल कवि व्यक्तित्वको रुपमा प्रस्तुत गरेको छ ।

### २.२.१.३ गीतकार व्यक्तित्व

आहुतिले साहित्यका अन्य विधा झैँ गीत विधामा पनि कलम चलाएको पाइन्छ । आफ्ना गीतहरूमा यिनले सामन्तवादप्रतिको जनआक्रोशलाई प्रस्तुत गरेको देखिन्छ । स्वर तथा सङ्गीतबद्ध भइसकेका यिनका केही प्रमुख गीतहरू यस प्रकार रहेका छन् :

| गीत शीर्षक | एल्वम | गायन | सङ्गीत |
|---|---|---|---|
| गो इन्डिया गो........ | इन्कलाब जिन्दाबाद | सुमन, कुस्मिता | वदन शर्मा |
| यो कारखाना हो कि..... | पसिनाको थोपा | विकास, सुमन | सुमन |
| चिसो मुढा....... | इन्कलाब जिन्दाबाद | कुस्मिता, नारायण | हिसन समाल |
| यो अँध्यारो रात...... | सामना | पवित्रा | रत्नबहादुर |
| आँखाको बिच्छ्याउनीमा....... | राप | भगीरथ | भगीरथ |

गीतकार आहुतिका गीतले विस्तारवादको विरोध, शोषित, पीडित गरिबवर्गको आवाज उठाएको पाइन्छ । थोरैमा धेरै भन्न सफल यिनका गीतले यिनलाई जनपक्षीय गीतकारका रुपमा उभ्याएको पाइन्छ ।

### २.२.१.४ निबन्धकार व्यक्तित्व

साहित्यका अन्य विधा झैँ आहुति निबन्धमा त्यति उर्बर त छैनन् । 'जनएकता' साप्ताहिक पत्रिकामा २०५२ मा प्रकाशित 'तिमीलाई थाहा छ, एकादेशमा बेइजिङ भन्ने देश छ ?' शीर्षकको निबन्ध नै यिनको प्रथम प्रकाशित निबन्ध हो । निबन्ध नै भनेर पगरी नगुथाए पनि 'जनएकता' साप्ताहिकमा प्रकाशित उनका नारीस्तम्भ र संस्कृतिचिन्तन स्तम्भमा निबन्धस्तरका लेखहरू प्रकाशित भएका देखिन्छन् । यी निबन्धात्मक लेखहरूमा नारीका समस्या र सांस्कृतिक चिन्तनहरूलाई मुख्य विषयस्रोत बनाइएको पाइन्छ । यसप्रकार नारीवादी तथा संस्कृतिप्रेमी आहुतिमा निबन्धकार व्यक्तित्व पनि अन्तर्निहित रहेको प्रस्ट हुन्छ ।

### २.२.१.५ कथाकार व्यक्तित्व

आहुतिको साहित्यिक व्यक्तित्वको एक झिनो पाटो कथाकार व्यक्तित्व पनि हो । यो विधा उनका लागि त्यति सफल भने देखिन्न । यिनले वि.सं. २०४३ मा लेखेको 'पिजँडा र सुगा' नै यिनको हालसम्म प्रकाशित एक मात्र कथा हो ।

### २.२.१.६ एकाङ्कीकार व्यक्तित्व

आहुतिको साहित्यिक यात्राको थालनी एकाङ्कीबाटै भएको पाइन्छ । कविता र उपन्यासपछिको यो उनको उर्बर विधा हो । आफ्नो तेऱ्हबर्से विद्यार्थी कालमा नै उनले 'ईर्ष्या' नामक एकाङ्की लेखेर गाँउकै डवलीमा मञ्चनसमेत गराएको बुझिन्छ । (वन : २०६४) यिनको पहिलो प्रकाशित एकाङ्की भने 'शिलापत्रको हकदार' (दियो २०४३) रहेको पाइन्छ । यस एकाङ्कीमा मजदुरहरूको निम्ति अधिकारको माग गरिएको पाइन्छ । यिनको 'पहरा ब्युँझदै छ'(२०४४) र 'झुक्न मान्दैन हिमाल' (२०५६) शीर्षकका अन्य दुई एकाङ्कीहरू पनि प्रकाशित छन । यी एकाङ्कीहरूमा मजदुर, गरिब तथा किसानहरूका दमित आवाजलाई बुलन्द गरिएको पाइन्छ । उनका हालसम्म प्रकाशित र अप्रकाशित

अवस्थामा रहेका एकाङ्कीहरूको सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको बुझिन्छ । यसरी आफ्नो साहित्यिक यात्राको उषाकालदेखि नै एकाङ्की लेखनको आरम्भ गरेका आहुतिका एकाङ्कीहरू किसान, मजदुर र मिहिनेतकश गरिब जनताका आवाज बन्न पुगेका छन् र तिनले आहुतिको साहित्यिक व्यक्तित्वमा एउटा ईँट थप्ने काम गरेको पाइन्छ ।

### २.२.१.७ पटकथा लेखक व्यक्तित्व

यिनी पाठ्यविधामा मात्र नभई श्रव्यदृश्य विधामा पनि कलम चलाउने एक सफल पटकथा लेखक व्यक्तित्व हुन् । आहुतिले 'सामना' र 'दलन' गरी दुई टेलिश्रृङ्खलामा चोटिलो पाराले पटकथा लेखिसकेका छन् । 'दलन' नेपाल टेलिभिजनबाट प्रसारण भइसकेको एक चर्चित टेलिश्रृङ्खला हो । यसरी पटकथासमेत लेख्न रुचाउने आहुति एक सफल पटकथा लेखक व्यक्तित्व पनि हुन् ।

### २.२.१.८ अनुवादक व्यक्तित्व

आहुतिमा अनुवादक व्यक्तित्व पनि अन्तर्निहित भएको पाइन्छ । यिनले विभिन्न भाषाका विविध विधाका कृतिहरू नेपाली भाषामा अनुवाद गरेको पाइन्छ । यिनीद्वारा अनुदित पहिलो कृति जनएकता साप्ताहिक पत्रिकामा वि.सं. २०५२ मा प्रकाशित नाजिम हिक्मतको 'तिम्रो हात' कविता हो । आहुतिले पाब्लो नेरुदा, बर्टोल्ड ब्रेख्त, सेली आदि विश्वप्रसिद्ध कविहरूका कविताहरूको नेपाली भाषामा अनुवाद गरेका छन् । आहुतिका अनुदित कविताहरूलाई उनी 'क्रान्तिकारीको मृत्यु' नाम दिएर प्रकाशन गर्ने तयारीमा छन् । यिनले भारतीय उपन्यासकार शिवनारायण श्रीवास्तवद्वारा लिखित उपन्यास 'धुँवा, आगो र मानिस' को नेपालीमा अनुवाद गरी वि.सं. २०६१ मा प्रकाशन पनि गरेका छन् ।

यस उपन्यासमा भारतीय गरिब किसानहरूमाथि जमिनदार वर्गले गरेको शोषण र उत्पीडनको चित्रण पाइन्छ ।

यसरी विश्वप्रसिद्ध कवि तथा उपन्यासकारहरूका कृतिहरूको नेपालीमा अनुवाद गरी प्रकाशन गर्न सफल भएकाले आहुति एक अनुवादक व्यक्तित्वका रुपमा स्थापित सर्जक हुन् भन्न सकिन्छ ।

### २.२.१.९ भूमिका लेखक तथा समीक्षक व्यक्तित्व

आहुतिमा स्रष्टा व्यक्तित्वका साथसाथै द्रष्टा व्यक्तित्व पनि रहेको पाइन्छ । यिनले शरद पौडेलद्वारा लिखित 'गुमा' गीतिनाटकको भूमिका लेखेको बुझिन्छ । यसैगरी उनले 'जनएकता' साप्ताहिकका विभिन्न अङ्कहरूमा गीत, एल्बम तथा चलचित्रहरूको समीक्षा छद्मनामबाट गरेको पाइन्छ । यसैगरी 'कीरा नलागेको बन्दागोभी : पल्पसा क्याफे' शीर्षकको समीक्षात्मक लेख मूल्याङ्कन (२०६२:२२:१३४) मासिक पत्रिकामा प्रकाशित भएको छ (वन:२०६४) । यसप्रकार स्रष्टा आहुतिले द्रष्टा नजर लगाएर भूमिका लेखन र समीक्षा गरेको पाइन्छ ।

## २.२.२ निजी व्यक्तित्व र स्वभाव

५'४" उचाइ भएका आहुति कालो वर्णका मझौला कदका देखिन्छन् । अध्ययनशील र सिर्जनशील यिनी अन्तर्मुखी स्वभावका लाग्दछन् । बाल्यकालदेखि नै कोहीसित नडराउने, साथीहरूसँग मिलनसार व्यवहार गर्ने, सहयोगी स्वभाव भएका आहुति बौद्धिक र तार्किक छन् । उनी दलित परिवारबाट उठेको क्रान्तिकारी, जोधाहा, कर्तव्यनिष्ठ र स्पष्ट दृष्टि बोकेको जुझारु युवक हुन् । अन्यायका विरुद्धमा सदैव स्पष्ट धारणा राख्ने आहुति शोषित र पददलित नेपाली जीवनको पींधबाट ब्युँझेर आफ्नो वर्गका मुक्तिका निम्ति वर्गसङ्घर्षको बौद्धिक र व्यावहारिक दुबै मोर्चामा डटेका

प्रतिभाशाली र लडाकु युवक हुन् (सङ्ग्रौला, २०५१:११) । उनलाई स्पष्टवक्ता, अन्याय, दमन र शोषणका विरुद्धमा सदैव आवाज बुलन्द गरिरहने तर्कशील र निर्भिक व्यक्तिका रुपमा देख्न सकिन्छ ।

### २.२.३ साहित्येतर व्यक्तित्व

आहुति बहुमुखी व्यक्तित्व भएका मानिस हुन् । यिनी साहित्यिक क्षेत्रमा मात्र सीमित नरही साहित्येतर क्षेत्रमा पनि उत्तिकै सक्रिय देखिन्छन् । यिनको राजनीतिक व्यक्तित्व साहित्येतर व्यक्तित्वको महत्त्वपूर्ण पाटो हो । यिनी राजनीतिका अलावा समाजसेवा र विभिन्न सङ्घसंस्थामा आबद्ध छन् जसको चर्चा तलका उपशीर्षकमा गर्नु उपयुक्त हुन्छ ।

#### २.२.३.१ राजनीतिक व्यक्तित्व

यिनी २०३६ सालको आन्दोलनबाट प्रभावित व्यक्ति हुन् । त्यसबेला यिनी स्कुले विद्यार्थी थिए । आन्दोलनका क्रममा आफू अध्ययनरत विद्यालयमा एक दिन हड्ताल भएको र हड्तालकै क्रममा प्रशासनले दमन गरेको बुझिन्छ । आफ्ना हजुरबाका कारण बालककालदेखि नै कम्युनिस्टहरूप्रति आहुतिको विशेष आकर्षण भएको देखिन्छ । उनका हजुरबाले किताबको गाता लाउन ‘चीन सचित्र’नामको चिनियाँ पत्रिका ल्याउँथे र त्यस पत्रिकाको खोलमा रहने माओत्सेतुङको फोटोलाई चिनाउँदै भन्थे-“यो मान्छे कम्युनिस्ट हो, यो जन्मिने बित्तिकै सात पाइला हिँडेको । कम्युनिस्टले गरिबको भलाइ गर्छ । सबैलाई समान गर्छ (भण्डारी, २०६१:११) ।” वि.सं. २०३७ को जनमतसङ्ग्रहमा उनी बहुदलको पक्षमा स्थानीय बहुदलवादीहरूसँग प्रचारमा पछि लागेको पाइन्छ । विद्यालयीय जीवन सक्नेबित्तिकै स्थानीय एक कम्युनिस्ट युवासँगको

उनको मित्रता भयो र त्यस मित्रताले उनलाई कम्युनिस्ट पार्टीको सम्पर्कमा पुऱ्याएको पाइन्छ । पार्टीमा लागेपछि उनी कहिल्यै पछि परेनन् । मार्क्सवादी दर्शन र क्रियाकलापमा आफ्नो सिर्जना र समय लगानी गर्दै गए । वि.सं. २०४८ मा यिनी ने.क.पा. (एकता केन्द्र) को केन्द्रीय सल्लाहकार समितिको सदस्यमा निर्वाचित भएको पाइन्छ । वि.सं. २०५४ को राष्ट्रिय सम्मेलनद्वारा ने.क.पा. (एकता केन्द्र) को केन्द्रीय सदस्य हुँदै ने.क.पा. (माओवादी) र ने.क.पा. (एकता केन्द्र) बीच एकीकरण भएपछि हाल ए.ने.क.पा. (माओवादी) को पोलिटब्युरो सदस्य भई आजपर्यन्त त्यसै पार्टीमा सक्रियतापूर्वक लागिपरेको देखिन्छ । हाल यिनी ए.ने.क.पा.(माओवादी) को तर्फबाट संविधानसभाको सदस्यसमेत रहेको पाइन्छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

### २.२.३.२ सामाजिक-सांस्कृतिक व्यक्तित्व

आहुतिको सामाजिक-सांस्कृतिक क्षेत्रमा पनि सक्रियता रहेको पाइन्छ । उनले वि.सं. २०४७-२०४९ सम्म स्थानीय विद्यामन्दिर मा.वि.को सञ्चालक समितिको सदस्य भएर काम गरेको बुझिन्छ । यिनको संलग्नता दलित मुक्ति आन्दोलनमा पनि सशक्त रुपमा रहेको पाइन्छ । वि.सं. २०४७ देखि 'नेपाल उत्पीडित जनविकास परिषद्' र 'नेपाल उत्पीडित जातीय उत्थान मञ्च' बिच एकता भई बनेको एकीकृत दलित मोर्चा सङ्गठन 'नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज' को संस्थापक महासचिव भई काम गरेको बुझिन्छ । त्यस्तै यिनको संस्थागत संलग्नता 'दियो' पत्रिकाको सम्पादकबाट सुरु भएको हो (भण्डारी, २०६१:१०) । यिनी वि.सं. २०४३ सालमा 'रोदन सांस्कृतिक परिवार'को अध्यक्ष भएको पाइन्छ । आहुतिले 'अखिल नेपाल जनसांस्कृतिक सङ्घ'को के.स. (वि.सं. २०४८) भएर सांस्कृतिक सम्बद्धता देखाएका छन् । उनी वि.सं. २०५२ मा 'इन्द्रेणी सांस्कृतिक समाज' (इसास) का केन्द्रीय सचिव र वि.सं. २०५६ मा केन्द्रीय सदस्यमा छनोट भएको बुझिन्छ । यिनी 'प्रगतिशील लेखक सङ्घ'को के.स.स., 'प्रतिभा प्रवाह'को सञ्चालक सदस्य २०४५ हुँदै

'नेपाली मञ्च' मासिक, 'रक्तिम किरण' साहित्यिक त्रैमासिकको सल्लाहकार र प्रसाससँग समयको कुनै कालखण्डमा आवद्ध रहेको बुझिन्छ ।

यसरी उपर्युक्त विवरणका आधारमा आहुति सामाजिक-सांस्कृतिक परिवर्तनका लागि सक्रियतापूर्वक अहोरात्र लागि परेको देखिन्छ । उनको सक्रियताले उनको व्यक्तित्वको अर्को महत्त्वपूर्ण पाटोमा सामाजिक-सांस्कृतिक व्यक्तित्वलाई पनि बुलन्द गरेको पाइन्छ ।

### २.२.३.३ साहित्येतर लेखक व्यक्तित्व

आहुति साहित्येतर लेखक व्यक्तित्व पनि हुन् । मूलत : सामाजिक, राजनीतिक, नारीसम्बन्धी लेखहरू, घरपरिवारबारेका लेखहरू यिनका साहित्येतर लेखहरू हुन् । वि.सं. २०५२ मा 'पोस्टर चोर्ने महान् यात्रीको सम्झना' शीर्षकको लेख जनएकता साप्ताहिकमा प्रकाशित यिनको प्रथम साहित्येतर लेख हो । यिनले 'हिन्दु समाजमा दलित जातीय मुक्तिको प्रश्न' (२०६०) शीर्षकको शोधमूलक ग्रन्थ प्रकाशित गरिसकेका छन् । त्यस्तै नारीसम्बन्धी विषयवस्तु भएका ५६ वटा लेखहरूको सङ्कलन प्रकाशोन्मुख अवस्थामा रहेको छ । जनएकता साप्ताहिकको विभिन्न अङ्कहरूमा यिनले विभिन्न छद्मनामबाट 'चलचित्र'को पनि समीक्षा गरेको पाइन्छ । आफ्नो बहुमुखी व्यक्तित्वका कारण साहित्य र राजनीतिमा मात्र नरही सम-सामयिक विषयवस्तु र चिन्तनअनुरुप साहित्येतर लेख लेख्नु आहुतिको व्यक्तित्वको अर्को महत्त्वपूर्ण पाटो हो ।

### २.२.३.४ अभिनेता व्यक्तित्व

आहुतिको गाँउमा हरेक वर्ष नेवार जातिले चाडपर्वहरूमा डबली नाटक देखाउने गर्दथे । त्यस्ता नाटकहरूमा दलित जातिलाई अभिनय गर्न रोक लगाइन्थ्यो । यही पीडाले आहुतिले तेऱ्हबर्से विद्यार्थी कालमा 'ईर्ष्या' शीर्षकको नाटक लेखी साथीहरूको मिलेमतोमा

स्थानीय डबलीमा मञ्चन गराएका थिए । यहींबाट उनको अभिनययात्रा सुरु भएको हो । उनको यो प्रयासले निरन्तरता भने पाउन सकेन । ठूलाबडा जातका भनाउँदाहरूको मेख मार्न र दलितहरूले पनि नाटक मञ्चन गर्न सक्छन् भन्ने देखाउनैका लागि उनले अभिनययात्रा गरेका थिए । यद्यपि उनको यस अभिनययात्राले जीवनभर साथ नदिए तापनि लेखन र अभिनयबाट नै आहुतिको साहित्य सिर्जना शुभारम्भ भएको हो । जीवनको कुनै मोडमा उनी एक अभिनेता थिए ।

### २.२.३.५ शिक्षक व्यक्तित्व

आफूसम्बद्ध राजनीतिक पार्टीको कामलाई अगाडि बढाउने क्रममा वि.सं. २०४३ मा सिन्धुपाल्चोक जिल्लाको सरस्वती मा.वि.मा १३ महिना जति आहुतिले शिक्षण कार्य गरेको बुझिन्छ । यो पेशा उनले व्यक्तिगत रुपमा लाभ गर्नका लागि नभई साङ्गठनिक कार्यलाई अगाडि बढाउने उद्देश्यले गरेको पाइन्छ । भौगोलिक विकटताले युक्त दूर-दराजको त्यस्तो गाउँमा गई शिक्षाको ज्योति बाल्ने यिनमा शिक्षक भएको रमाइलो अनुभव छ ।

### २.२.३.६ सम्पादक तथा पत्रकार व्यक्तित्व

आहुतिको साहित्येतर व्यक्तित्वको अर्को पाटो सम्पादक तथा पत्रकार व्यक्तित्व पनि हो । यिनी आफ्नो साहित्यिक यात्रामा उषाकालदेखि नै पत्रकारितामा आबद्ध भएको पाइन्छ । यिनले वि.सं. २०४३-२०४५ सम्म 'दियो' त्रैमासिक पत्रिकाको सम्पादन गरेको बुझिन्छ । वि.सं. २०४६ मा यिनले आन्दोलनमूलक साहित्यिक पत्रिका 'वर्तमान साहित्य' को सम्पादन गरेको पाइन्छ । आहुति 'रक्तिम किरण' र 'नेपाली मञ्च' पत्रिकाका सल्लाहकार पनि भएका हुन् । यिनले विभिन्न रचनाहरूको सङ्ग्रह 'निर्मल लामाको केही रचनाहरू' (२०५९) र 'सम्झनाको तरेलीमा निर्मल लामा' (२०५८)को सम्पादनसमेत

गरेका थिए । यस प्रकार बहुप्रतिभाशाली आहुतिमा पत्रकार तथा सम्पादक व्यक्तित्व पनि विद्यमान रहेको प्रस्ट हुन्छ (शोधनायकबाट प्राप्त जानकारीअनुसार) ।

## २.२.४ आहुतिको जीवनी, व्यक्तित्व र साहित्य सिर्जनाका बिच सम्बन्ध

मानिस स्वभावैले सामाजिक, राजनीतिक परिवेशबाट प्रभावित हुन्छ । आफ्नो जीवन भोगाइको विविध अनुभवले एउटा सिर्जनात्मक क्षमता भएको व्यक्तिलाई कवि बनाउँछ । नेपाली जनजीवनका विविध परिवेशहरूमध्ये राजनीतिक वातावरणले प्रभावित आहुतिको जीवनको पहिलो सार राजनीतिप्रतिको कर्तव्यबोध हो । उनलाई राजनीतिक परिवेशप्रतिको यही झुकाउले साहित्यकार व्यक्तिको रुपमा प्रस्तुत गरेको छ । प्रारम्भदेखि नै प्रगतिवादी साहित्य र संस्कृतिको निर्माणमा सक्रिय यिनी अन्य व्यक्तित्वको तुलनामा सर्जक व्यक्तित्वको रुपमा महिमान्वित स्थानमा छन् । साहित्य सिर्जनाकै क्षेत्रमा रहेर नेपालको वामपन्थी आन्दोलनलाई योगदान दिन चाहने यिनको साहित्य सिर्जना र राजनीतिक चिन्तनबिच नङ र मासुको जस्तो सम्बन्ध रहेको देखिन्छ । राजनीतिक चिन्तनले साहित्य सिर्जनाका लागि आधार सामग्री प्रदान गरेको देखिन्छ भने साहित्य सिर्जनाले राजनीतिक चिन्तनलाई टेवा पुऱ्याएको पाइन्छ । यिनी सर्जक व्यक्तित्वका विविध पाटामध्ये कवि, उपन्यासकारमा अब्बल ठहरिएका छन् । यसका अलावा निबन्धकार व्यक्तित्व पनि सम्झन लायक छ । यी विविध व्यक्तित्वका पक्षलाई सघाउ पुऱ्याउनमा राजनीतिक व्यक्तित्वको महत्त्वपूर्ण हात छ । अन्तत : आहुतिको जीवनी, व्यक्तित्व र साहित्य सिर्जनाका बिच एक-अर्काको प्रभाव र घनिष्ठ सम्बन्ध रहेको स्वत स्पष्ट हुन्छ ।

## २.३ निष्कर्ष

समाजको अग्रगामी परिवर्तनका लागि साहित्यिक, राजनीतिक, सामाजिक-सांस्कृतिक हरेक क्षेत्रबाट आफूलाई समर्पित गर्न चाहने आहुति समग्रमा एक जोधाहा प्रतिभाका व्यक्तित्व देखिन्छन् । प्रगतिवादी कविताका क्षेत्रमा सशक्त कविताको साधना गर्दै उत्कृष्ट कविता रचना गर्ने यिनी गरिब, निमुखा, शोषित, पीडित महिलाका आवाज मुखरित गर्ने र राजनीतिक भ्रष्टाचारको दोहोलो काड्ने एक अब्बल कविका रूपमा स्थापित देखिन्छन् । त्यस्तै उपन्यासका क्षेत्रमा पनि प्रगतिवादलाई अनुशरण गर्दै सामाजिक यथार्थको उद्घाटन गर्ने यिनको औपन्यासिक व्यक्तित्व पनि सबल रहेको देखिन्छ । कवि व्यक्तित्व र औपन्यासिक व्यक्तित्वको सापेक्षतामा त्यति सबल नदेखिने यिनका अन्य साहित्यिक विधागत व्यक्तित्व उल्लेख्य त देखिँदैनन् तर पनि तिनले साहित्यकार आहुतिको व्यक्तित्वमा एउटा इँट थप्ने काम भने अवस्य गरेको पाइन्छ । आहुतिको जीवनवृत्तको अर्को महत्त्वपूर्ण पाटो राजनीति रहेको देखिन्छ । राजनीतिमा पनि उनी सफल रहेका छन् । सर्वहारा वर्गको मुक्ति र अग्रगामी परिवर्तनका लागि डटेर लागिपरेका यिनी हाल एकीकृत नेकपा (माओवादी) को पोलिटव्युरो सदस्य र यसै पार्टीका तर्फबाट संविधान सभाको सभासदसमेत रहेका छन् । सामाजिक-सांस्कृतिक क्षेत्रमा पनि आफूलाई समाहित गर्दै अघि बढेका आहुतिको समग्र व्यक्तित्व सफल र सम्झन लायक रहेको पाइन्छ ।

# तेस्रो अध्याय

## कवि आहुतिको काव्यिक यात्राको अध्ययन

### ३.१ आहुतिको काव्ययात्रा

नदी कसैको प्रेरणाले बग्दैन बरु वस्तुगत समग्र परिस्थितिले बग्न बाध्य हुन्छ भन्ने सोचाइ राख्ने आहुति प्रेरणाको सिद्धान्तमाथि विश्वास नगर्ने कवि हुन् । कोही विशिष्ट साहित्यकार वा व्यक्ति विशेष आफ्नो प्रेरणाको स्रोत नभई समग्र वातावरण प्रेरक रहेको उनको स्वीकारोक्ति छ । आहुति देश, काल, परिस्थितिले जन्माएका कवि हुन् । तेऱ्हबर्से विद्यार्थीकालदेखि नै उनले साहित्यिक यात्राको सुरुवात एकाङ्कीबाट गरेको बुझिन्छ । त्यसताका यिनको गाउँमा चाडबाडको बेलामा डबली नाटक देखाइने र त्यस्ता नाटकहरूमा दलितलाई वर्जित गरिने भएकाले होचोअर्घेलो सहन नसकी अभिजातवर्गको सेखी झार्न यिनले 'ईर्ष्या' नामक एकाङ्की लेखी मञ्चन गराएको पाइन्छ । तेऱ्हबर्से विद्यार्थी कालमा एकाङ्कीबाट साहित्यिक यात्रा सुरु गरेका यिनले तिनताका छिटफुट रुपमा कविता लेख्ने प्रयास नगरेका होइनन् । वि.सं. २०४४ मा काठमाडौँबाट प्रकाशित हुने 'दियो' पत्रिकामा 'साँच्चै गर्छौ र तिमी ?' शीर्षकको कविता प्रकाशन गरी यिनले सार्वजनिक कवितायात्राको सुरुवात गरेका हुन् । हाल प्राप्त हुन नसकेको उक्त 'साँच्चै गर्छौ र तिमी ?' नै उनको पहिलो प्रकाशित कविता रहेको बुझिन्छ । यसभन्दा अगाडि कविता लेखनको नेपथ्यगत तयारी भए तापनि तिनले कविताको स्वरुप र प्रकाशनको अवसर भने पाउन नसकेको बुझिन्छ । वि.सं. २०४४ देखि सार्वजनिक कवितायात्रा गरेका आहुतिको २०४९ मा 'तपस्वीका गीतहरू' कवितासङ्ग्रहमा आहुतिले सार्वजनिक काव्यिक यात्रा सुरु गर्दाताकाका देखि २०४९ सम्मका कविता समेटिएकाले 'तपस्वीका गीतहरू' (२०४९) कवितासङ्ग्रहलाई आधारविन्दु मानी यिनको हालसम्मको काव्यिक यात्रालाई दुई चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । खासमा २०४४

देखि २०४९ सम्मका कविताभन्दा पछिल्ला चरणका कविताहरू अझ बढी सशक्त र परिष्कृत भएकाले पनि 'तपस्वीका गीतहरू' (२०४९) लाई चरण विभाजनको आधार मान्नु परेको हो ।

## ३.२ चरण विभाजनका आधार र औचित्य

चालीसको दशकमा प्रगतिवादी कविता रचना गर्दै नेपाली कविता क्षेत्रमा उदाएका आहुतिको सार्वजनिक काव्यिक यात्राको सुरुवात २०४४ बाट भएको हो । यसभन्दा अगाडि एकाङ्की लेखेर मञ्चनसमेत गराएका यिनले कविता लेख्ने प्रयास पनि नगरेका होइनन् । २०४४ भन्दा अगाडि केही आभ्यासिक कविताहरू लेखिए तापनि तिनले प्रकाशनको सुअवसर पाउन सकेनन् र ती नेपथ्यगत तयारीका रूपमा सीमित रहे । खासमा वि.सं. २०४४ मा 'दियो' पत्रिकामा प्रकाशित 'साँच्चै गर्छौं र तिमी ?' नै यिनको प्रथम पटक प्रकाशित कविता रहेको बुझिन्छ । यसरी २०४४ बाट सुरु भएको आहुतिको काव्यिक यात्राले विभिन्न आरोह-अवरोह पार गर्दै अघि बढेको पाइन्छ । कवि आहुतिले वि.सं. २०४९ मा 'तपस्वीका गीतहरू' कवितासङ्ग्रहको प्रकाशन गराए, जसमा उनका २५ वटा कविताहरू सङ्गृहित छन् । सार्वजनिक कवितायात्रा सुरु गर्दाताकाका देखि २०४९ सम्मका विभिन्न समय, परिवेश र विषयका यी कविताहरू करिब पाँच वर्षको अन्तरालमा लेखिएका पाइन्छन् । यसरी 'तपस्वीका गीतहरू' सङ्ग्रहमा आहुतिले सार्वजनिक काव्यिक यात्रा सुरु गर्दादेखिका कविताहरू समेटिएकाले उक्त सङ्ग्रहलाई प्रथम चरणको चूडान्त कृति र चरण विभाजनको आधारविन्दु मानी सोभन्दा अगाडि ( २०४९) सम्मको काव्यिक यात्रालाई प्रथम चरण र त्यसयता (२०५०) उप्रान्तलाई दोस्रो चरणमा राखी अध्ययन गर्ने जमर्को यहाँ गरिएको छ । वस्तुतः आहुतिका प्रथम चरणका भन्दा दोस्रो चरणका कविताहरू अझ सशक्त, क्रान्तिकारी, गणतान्त्रिक चेत बोकेर देखा परेका छन् र ती काव्यिक गुणले अझ सम्पन्न परिष्कृत छन् । यसरी उनको कविता

लेखनमा आएको निखारता र 'तपस्वीका गीतहरू' (२०४९) लाई आधार मानी चरण विभाजन गर्ने काम भएको छ ।

- प्रथम चरण (वि.सं. २०४४ देखि २०४९ सम्म)
- द्वितीय चरण (वि.सं. २०५० देखि हालसम्म)

### ३.२.१ प्रथम चरण (वि.सं. २०४४ देखि २०४९ सम्म)

काठमाडौँबाट प्रकाशित हुने 'दियो' पत्रिकामा 'साँच्चै गर्छौ र तिमी ?' (दियो, २०४४, ९:१) शीर्षकको फुटकर कविता प्रकाशन गरी आरम्भ भएको आहुतिको कवितायात्राको यस चरणलाई प्रथम चरणका रुपमा लिन सकिन्छ । वि.सं. २०४९ मा प्रकाशन भएको 'तपस्वीका गीतहरू' कवितासङ्ग्रहलाई यस चरणमै राखेर अध्ययन गर्न सकिन्छ । वि.सं. २०४४ देखि सुरु भएको आहुतिको काव्यिक यात्रालाई प्रथम र द्वितीय चरण गरी विभाजन चर्ने आधारविन्दुका रुपमा 'तपस्वीका गीतहरू' कवितासङ्ग्रहलाई लिन सकिन्छ । यस सङ्ग्रहमा सङ्गृहित कविताहरू आहुतिले सार्वजनिक काव्यिक यात्रा सुरु गर्दाताकादेखि २०४९ सम्मका भएकाले पनि 'तपस्वीका गीतहरू' कवितासङ्ग्रहलाई प्रथम चरणको चूडान्त कृतिका रुपमा लिन आवश्यक परेको हो । 'तपस्वीका गीतहरू' का अलावा यस चरणमा आहुतिका पाँचवटा फुटकर कविताहरू प्रकाशित भएको देखिन्छ जुन निम्नानुसार छन् :

| क्र.सं. | शीर्षक | प्र.का. | प्र.स्रो. |
|---|---|---|---|
| १. | साँच्चै गर्छौ र तिमी ? | २०४४ | दियो (९:१) |
| २. | पानीघट्टको सन्देश | २०४४ | जनमत (६:१) |
| ३. | मेरो मुटु दुख्छ | २०४५ | योजना (?) |

| | | | |
|---|---|---|---|
| ४. | चिहानमाथि आरुको | | |
| | फूल कहिले फुल्छ ? | २०४६ | जनमत (६:१९) |
| ५. | सियो | २०४८ | हलकारा (?) |

वि.सं. २०४४ देखि २०४८ साल बीचका यी फुटकर कविताहरू तत्कालीन राज्यव्यवस्थाका विरुद्ध आवाज उराल्न, विकृति, विसङ्गति, सामाजिक बेथिति, नारीमाथिको अमानवीय व्यवहार आदिको चित्रण गर्न सफल छन् । मार्क्सवादी दर्शनलाई अनुशरण गरी लेखिएका यी कविताहरू समसामयिक प्रगतिवादी कविताधारालाई पछ्याउँदै लेखिएका कविताका कोटीमा पर्दछन् ।

यसैगरी प्रथम चरणकै महत्त्वपूर्ण उपलब्धीका रुपमा रहेका 'तपस्वीका गीतहरू' कवितासङ्ग्रहमा २५ वटा कविताहरू सङ्कलित छन् । २०४४ देखि यता चालीसकै दशकमा लेखिएका यी कविताहरू आहुतिका कविता लेखनको आभ्यासिकता देखि सिद्धहस्ततासम्म झल्काउने स्तरका छन् । यसो हुनमा करिव पाँच वर्षसम्मको समयको अन्तराल र त्यस बिचमा कवि स्वयम्को कविता लेखनमा आएको आरोह-अवरोह र निखारता प्रमुख कारक रहेको देखिन्छ । यस सङ्ग्रहमा सङ्कलित कविताहरू निम्नानुसार रहेका छन् :- १) ताराबाजी लै लै, २) नौरङ्गी डाँफे र गरिबकी बुहारी 'क', ३) गुँइठाको आगो, ४) टुङ्गो नलागेको कविता, ५) मुक्ति गरेटो, ६) रातो नालिस, ७) इन्कलाब जिन्दाबाद, ८) नौरङ्गी डाँफे र गरिबकी बुहारी 'ख' ९) गोली र सिउँदो, १०) बुझिदेऊ मेरा आफन्तहरू, ११) बाटो हेरिबसेको आँखीझ्याल, १२) हातपात भएको माटोमा टुसाएका बीऊ, १३) बच्चाहरूलाई माया, १४) तपस्वीका गीतहरू, १५) सजीव आँखा, १६) बागमतीको किनारै किनार, १७) भड्खारोमा अल्झिएका हत्केलाहरू 'क' १८) भड्खारोमा अल्झिएका हत्केलाहरू 'ख', १९) स्वर्गीय जूनहरूलाई श्रद्धान्जली, २०) टुहुरा मान्छेहरू आफन्तको खोजीमा, २१) कुमारी, २२) बिदाको बेलामा, २३) भविष्यको चिन्ता, २४) बन्द ढोकाको आग्लो भाँचेर आऊ, २५) 'अपराधी नम्बर १५०९'

यसरी पाँचवटा फुटकर कविताहरू र पच्चीसवटा कविताहरूको सङ्ग्रह 'तपस्वीका गीतहरू' समेत प्रकाशन भएको कवि आहुतिको काव्यिक यात्राको यस प्रथम चरणलाई नै उन्नत र उर्बर चरणका रुपमा स्वीकार गर्दा अत्युक्ति नहोला । देश र जनताको आमूल परिवर्तनका लागि राजनीतिक र साहित्यिक दुबै मोर्चाबाट डटेर लागिपरेका यिनको यस चरणको काव्यिक यात्रा अब्बल नै ठहरिन आउँछ । यसको पुष्टिका लागि  कवितासङ्ग्रह र यसले प्रकाशन हुनेबित्तिकै प्राप्त गरेको 'कृष्णमणि सिर्जनशील साहित्य' पुरस्कारलाई लिन सकिन्छ । प्रगतिबादलाई अनुशरण गरी मार्क्सवादी दर्शनलाई समेटेर लेखिएका यिनका यस चरणका कविताहरू गद्यलयमा आधारित अन्तरसाङ्गीतिक छन् । धनी र गरिबबीचको बढ्दो सामाजिक, आर्थिक विभेद, सामाजिक विकृति र विसङ्गतिबिरुद्ध तीब्र आक्रोश, नारीमाथि हुने गरेका चरम शोषण र दमनबिरुद्ध लक्षित, अन्तर्राष्ट्रिय पुँजीवाद, साम्राज्यवादका विरुद्ध हुङकार, पदलोलुप कथित क्रान्तिकारीहरूको असली रुपको चित्रण, राष्ट्रिय, अन्तर्राष्ट्रिय मुक्तियोद्धाहरू प्रति उच्च सम्मान व्यक्त गर्न यिनका कविता सफल भएका छन् ।

करिब पाँच वर्षको समयावधिमा लेखिएका विभिन्न प्रसङ्ग र क्षणहरूको सामयिकता यस चरणका कविताले बेहोरेका छन् । त्यसैले कविताका विषय र प्रसङ्गहरू एक आपसमा फरक छन् । गुणस्तरका हिसाबले पनि केही कविता आभ्यासिक कविको लेखनी, कोरा नारा जस्ता लाग्दछन् भने अधिकांश कविता सिद्धहस्त कविको सुन्दर सृजना झैँ लाग्दछन् । जे होस् विसमतायुक्त सामाजिक परिवेशले प्रभावित यो चरण समसामयिक प्रगतिवादी काव्यधारालाई पछ्याउन र उनको सिङ्गो कवितायात्रालाई ठोस पहिचान दिन सफल रहेको पाइन्छ ।

### ३.२.२ द्वितीय चरण (वि.सं. २०५० देखि हालसम्म)

वि.सं. २०४९मा 'तपस्वीका गीतहरू' कवितासङ्ग्रह प्रकाशन भइसकेपछि आरम्भ भएको कवि आहुतिको काव्यिक यात्राको यस चरणलाई द्वितीय चरणका रुपमा लिन

सकिन्छ । आहुतिको काव्यिक यात्राको दोस्रो चरण भए तापनि यस चरणमा कुनै कवितासङ्ग्रह, खण्डकाव्य वा महाकाव्यस्तरका कृतिहरू प्रकाशन भएको भने पाइँदैन । पुस्तकाकार काव्यकृतिहरू प्रकाशित नभए तापनि कविताको गोटागन्तीमा झण्डै प्रथम चरण जतिकै कविताहरू यस चरणमा लेखिएका र विभिन्न पत्रपत्रिकाहरूमा फुटकर स्वरुप लिएर प्रकाशित भएको पाइन्छ । जातीय दमन र उत्पीडनको बिरुद्धमा शङ्खघोष गर्दै लेखिएको 'गहुँगोरो अफ्रिका' (मूल्याङ्कन, ११:१४,२०५०) नै यस चरणको प्रथम कविता हो । आहुतिको सार्वजनिक कवितायात्रा सुरु गर्दाताका देखिका कविताहरू 'तपस्वीका गीतहरू' (२०४९) प्रथम चरणमा प्रकाशित भयो । त्यसयता उनी झनै क्रान्तिकारी, गणतन्त्रवादी कविताहरू लिएर प्रस्तुत भएकाले दोस्रो चरण अझ सशक्त देखिन्छ । यस चरणमा लगभग अढाई दर्जनजति फुटकर कविता प्रकाशित भएका छन् । ती कविताहरू यस प्रकार छन् :

| क्र.सं. | शीर्षक | प्र.का. | प्र.स्रो. | |
|---|---|---|---|---|
| १. | गहुँगोरो अफ्रिका | २०५० | मूल्याङ्कन | (११:१४) |
| २. | के लेख्ने ? | २०५१ | विपुल | (पृ.४) |
| ३. | आजादहरू | २०५१ | कलम | (२:४) |
| ४. | एक कविता नारी जातिको निम्ति | २०५२ | जनमत | (१२:१०) |
| ५. | पच्चीस वर्षको उत्सव र वीरबहादुर | २०५४ | वेदना | (पृ.५९) |
| ६. | आस्थाको यात्रामा एक समय | २०५४ | जनएकता | (३:३३) |
| ७. | जन्म | २०५४ | जनएकता | (३:१) |
| ८. | ऐनाको जिन्दगी | २०५५ | तन्नेरी | (?) |
| ९. | लक्ष्मनिया तिम्रो लोटा खै ? | २०५८ | नवकविता | (पृ.५२) |

| | | | | |
|---|---|---|---|---|
| १०. | सेतो आतङ्ककारीलाई रातो | | | |
| | आतङ्ककारीको जवाफ | २०५८ | जनादेश | (१०:२८) |
| ११. | यतिबेला म हाँसिरहेको छु | २०५८ | जनएकता | (७:२७) |
| १२. | अनाथ सत्य | २०५८ | कान्तिपुर | (९:९१) |
| १३. | कृपया मलाई मलाई टाउको | | | |
| | देऊ | २०५९ | मूल्याङ्कन | (२१:१०५) |
| १४. | ट्राफिक जाम | २०५९ | वेदना | (अङ्क ६७) |
| १५. | जुद्ध वारुणयन्त्र | २०५९ | कान्तिपुर | (१०:३४९) |
| १६. | नेपाल अमेरिका एक्सप्रेस | २०५९ | कान्तिपुर | (?) |
| १७. | तुच्छ जीवनको महान् गाथा | २०६० | मूल्याङ्कन | (२२:११५) |
| १८. | मरेको घोडामाथि बसेको | | | |
| | बादशाहका विरुद्ध | २०६० | जनएकता | (९:६) |
| १९. | बाइसौँ शताब्दीमा | २०६० | जनएकता | (९:१९) |
| २०. | धन्यवाद राजधानी | २०६० | कान्तिपुर | (?) |
| २१. | निदाएर जुलुसमा | | | |
| | हिँडिरहेको मानिस | २०६० | कान्तिपुर | (९:२८) |
| २२. | घाइते वार्डको प्रश्न | २०६१ | मूल्याङ्कन | (?) |
| २३. | श्रीपेच बम बोकेको | | | |
| | आतङ्ककारी | २०६१ | शब्द संयोजन | (?) |
| २४. | गणतन्त्रको क्षेत्रफल | २०६१ | वेदना | (?) |
| २५. | माल्दाइ मैले घाँस खान | | | |
| | सकिनँ | २०६२ | मूल्याङ्कन | (?) |

कवि आहुतिको काव्यिक यात्राको यो दोस्रो चरण हालसम्म फैलिएको समयावधिको चरण हो । यिनी जीवित स्रष्टा भएकाले यिनीद्वारा हालसम्म सृजित कविता

र एक मात्र कवितासङ्ग्रहलाई आधार मानेर चरण विभाजन गरिएको हो । यिनी जिउँदाजाग्दा र सृजनशील कवि भएका नाताले प्रशस्त सम्भावनाका लक्षणहरू देखापर्दछन् । कालान्तरमा उनका प्रशस्त कविता र काव्यकृतिहरूको आगमनले हाल गरिएको चरण विभाजनलाई फेरबदल वा परिमार्जन गर्न सक्ने सम्भावनालाई नकार्न सकिन्न । जेहोस् आहुति चालीसको दशकमा झुल्किएका आशालाग्दा कवि हुन् । काव्यिक यात्राको दोस्रो चरणमा पनि आफ्नो मूल प्रवृत्ति र काव्यधाराबाट रत्तिभर नडग्मगाई बरू झन् निख्खारता र प्रखरताका साथ आहुतिका कविता देखापरेका पाइन्छन् । मूलत : प्रगतिवादी, मार्क्सवादी दर्शनलाई नै अनुशरण गरी लेखिएका पचासको दशकका यिनका कविताहरू प्रथम चरणका भन्दा सशक्त र सटीक रहेको बुझिन्छ । जातीय उत्पीडनको विरुद्ध शङ्खघोष गर्दै 'गहुँगोरो अफ्रिका' (२०५०) कविताबाट सुरु भएको यो दोस्रो चरणको मूल प्रवृत्तिहरू प्रथम चरणकै निरन्तरता भए  तापनि यस चरणमा कवि गणतन्त्रवादी चेत लिएर प्रस्तुत भएको पाइन्छ । देश जनयुद्धमा रहेको, मूलधारका राजनीतिक दलहरूमा अन्यौलता छाएको र शाही 'कू' भएको अवस्थामा यिनले निडरतापूर्बक गणतन्त्रको पक्षमा आफ्ना कविताहरूको सिर्जना गरेको देखिन्छ । यिनी स्वयम् राजनीतिक मोर्चााबाट उठेका जोधाहा क्रान्तिकारी भएकाले यिनका कविताहरूमा कथित देशी, विदेशी नोकरशाहीहरू, दलाल, पुंजीपति र सामन्तवर्गहरूप्रति तीब्र आक्रोश प्रकट भएको पाइन्छ ।

कवि आहुतिले यस चरणमा यति मात्र नभएर विश्वका विभिन्न भाषाका कविताहरू नेपाली भाषामा अनुवाद पनि गरेको देखिन्छ । 'जनएकता' साप्ताहिक पत्रिकाको विभिन्न अङ्कमा प्रकाशित यी अनुदित कविताहरू यस प्रकार छन् :

| क्र.सं. | शीर्षक | लेखक | प्र.का. | प्र.स्रो. |
|---|---|---|---|---|
| १. | तिम्रो हात | नाजिम हिक्मत, टर्की | २०५२ | जनएकता(१:१) |
| २. | भात दे हरामजादे | रफिक आजाद, बङ्गलादेश | २०५२ | " (१:२) |
| ३. | आफ्नो पुत्रलाई पत्र | डा. महेश्वर दयाल, भारत | २०५२ | " (१:३) |
| ४. | क्रान्तिकारीको मृत्यु | सर्वेश्वर दयाल, सक्सेना, भारत | २०५२ | " (१:५) |

| | | | | |
|---|---|---|---|---|
| ५. | कैथर कलाका आइमाई | गोरख पाण्डेय, भारत | २०५२ | " (१:६) |
| ६. | यो मृत्यु उपत्यका होइन मेरो देश | नवारुण भट्टाचार्य, भारत | २०५२ | " (१:८) |
| ७. | नारी | बरबर राव, भारत | २०५२ | " (१:९) |
| ८. | ओ ब्रिटेनवासी | सेली, बेलायत | २०५२ | " (१:१०) |
| ९. | उनीहरूलाई जो भाविष्यमा जन्मिन्छन् | बर्तोल ब्रेख्त, जर्मनी | २०५२ | " (१:११) |
| १०. | युनाइटेड फ्रुट कम्पनी | पाब्लो नेरुदा, चिली | २०५२ | " (१:१२) |
| ११. | मत्स्य जीवाश्म | आए छिङ, चीन | २०५२ | " (१:१३) |
| १२. | ओ प्यालेस्टाइन | राधारमण अग्रवाल, भारत | २०५२ | " (१:१५) |
| १३. | बन्दी शिविरबाट | रामशुर रहमान, बङ्गलादेश | २०५२ | " (१:१५) |
| १४. | नेपाल भाषाका केही कविताहरू | (?) | २०५२ | " (१:१६) |
| १५. | हुनेछौँ सफल | मार्टिन लुथर किङ्ग, अमेरिका | २०५२ | " (१:१७) |
| १६. | नाङ्गो राजा | निरेन्द्र चक्रवर्ती, भारत | २०५३ | " (१:४३) |
| १७. | छलहरूद्वारा हामीलाई नफकाऊ | कोर्स्ती एरिक्सन, नर्बे | २०५४ | " (३:१) |
| १८. | शोक गीत | कात्यायनी, भारत | २०५४ | " (३:२५) |
| १९. | चित्कार | वाइन एम्टिज | २०५९ | " (८:३) |
| २०. | झण्डा | वाइन एम्टिज | २०५९ | " (८:१५) |

विश्वका विभिन्न भाषा र नेपालभित्रकै नेवारी भाषाका कविताहरू अनुवाद गरी लेखिएका यी अनुदित कविताहरू आहुतिका मौलिक सिर्जना भने होइनन् । नेपाली जनजीवन र परिवेशसँग मिल्दाजुल्दा लाग्ने खालका अन्तर्राष्ट्रिय समस्यासँग सम्बन्धित यिनका अनुदित कविताहरूले नेपालकै गरिब, दुःखी जनताको आवाज मुखरित गरेझैँ लाग्दछन् । विशेषत : ख्यातिप्राप्त विदेशी कविहरू जसले प्रगतिवादलाई अनुशरण गरी मुक्तिको आवाज बुलन्द गर्दै कविता सिर्जना गर्दछन् तिनैका कवितालाई नेपाली परिवेश र जनजीवनसँग मिल्ने गरी अनुवाद गर्नु यिनको अनुवादकारिताको कौशलता हो ।

## ३.३ निष्कर्ष

चालीसको दशकदेखि सुरु भएको कवि आहुतिको काव्यिक यात्राको चरण विभाजन 'तपस्वीका गीतहरू' कवितासङ्ग्रहलाई आधार मानी गर्दा 'तपस्वीका गीतहरू' र यसपूर्वका फुटकर कविताहरू प्रथम चरणमा पर्दछन् । त्यस्तै २०५० देखि अर्थात् 'तपस्वीका गीतहरू'को प्रकाशनपश्चात् हालसम्मको समयलाई दोस्रो चरणको रुपमा लिनसकिन्छ । हालसम्म प्रकाशित कविताहरूको गोटागन्तीका हिसाबले हेर्दा सङ्ख्यात्मक रुपमा आहुति दुबै चरणमा बराबरी छन् तर दोस्रो चरण अनिश्चित वर्तमानसँग सम्बन्धित भएकाले सङ्ख्यात्मक रुपमा अगाडि नै रहन सक्ने तथ्यलाई नकार्न सकिन्न । प्रगतिवादको पूर्णतः अनुशरण, मार्क्सवादी दर्शनको खरी घोटाइ रहेको यिनको दुबै चरणका कविताहरूमा सामाजिक, सांस्कृतिक विकृति र विसङ्गतिको विरोध, नारीमाथिको शोषण र दमनको चित्रण, कथित क्रान्तिकारीहरूको असलीरुपको पर्दाफास, दुर्गन्धित राजनीतिक वातावरणको प्रदर्शन जस्ता विषय र प्रवृत्तिहरू पाइन्छन् । दोस्रो चरणमा आहुतिका कवितामा कलात्मकता, अझ क्रान्तिकारिता र गणतान्त्रिक चेत सल्बलाएको पाइन्छ ।

अन्ततः कवि आहुति जीउँदाजाग्दा युवाकवि भएका नाताले उनीबाट प्रशस्तै कविताहरू सिर्जना हुने सम्भावना घाम झैँ छर्लङ्ग छ । हुन त यसबेला उनी संविधान सभाको सदस्य भएर आफ्नो व्यक्तित्वको अर्को महत्त्वपूर्ण पाटो राजनीतिमा अझ बढी सक्रिय भई साहित्यमा केही शिथिल भए झैँ पनि देखिन्छन् तर साहित्यिक क्षेत्रबाट नै समाज रुपान्तरणका लागि केही गर्ने सोच बोकेका यिनी सिर्जनाकर्मबाट पछि नहट्ने जोधाहा सर्जक हुन् ।

# चौथो अध्याय

## *'तपस्वीका गीतहरू'* सङ्ग्रहको अध्ययन

### ४.१ आहुतिको काव्यिक व्यक्तित्व

विषमतापूर्ण सामाजिक परिवेश, उत्पीडन, अभाव र कर्तव्यवोधले कवि बन्न पुगेका आहुति चालीसको दशकमा उदाएर सम-सामयिक प्रगतिवादी काव्यधारामा कविता साधना गर्ने एक सशक्त प्रगतिवादी कवि हुन् । नेपाली प्रगतिवादी कविता परम्परामा आफूभन्दा अघिल्ला स्रष्टाहरूले स्थापना गरेको मूल्य मान्यतालाई अनुशरण गर्दै अझ बढी क्रान्तिकारी, गणतन्त्रवादी चेत लिएर कविता साधनामा हेलिएका यिनको काव्यिक व्यक्तित्व अब्बल दर्जाको रहेको पाइन्छ ।

आहुतिले तेऱ्हबर्से विद्यार्थी कालदेखि नै कविताको सिर्जना गर्न थालेको बुझिन्छ । उनको पहिलो प्रकाशित फुटकर कविता 'साँच्चै गर्छौं र तिमी ?' (दियो २०४४) हो । हालसम्म यिनका फुटकर कविताहरू दर्जनौंको सङ्ख्यामा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन् । यिनको हालसम्म प्रकाशित एक मात्र कवितासङ्ग्रह भने 'तपस्वीका गीतहरू' (२०४९) हो । यसमा पच्चीसवटा कविताहरू समेटिएका छन् । आहुतिका कवितामा सामाजिक जीवनको यथार्थ चित्रण, नारीका विविध समस्याहरूको उठान, क्रान्तिकारी चेतना, साम्राज्यवादी राज्यसंरचनाप्रति विद्रोह, जातीय उत्पीडनको विरोध, सामन्त तथा जमिन्दार वर्गद्वारा किसानमाथि गरिने शोषणको चित्रण, गणतन्त्रवादी चेतना आदि मुख्य प्रवृत्तिहरू पाउन सकिन्छ । यिनको कविताका बारेमा गोपीन्द्र पौडेल लेख्छन्- "आहुतिका कवितामा मानवीय मूल्य अपरहण भएको वर्तमानको सामाजिक संरचनाप्रति वितृष्णा तथा मानवीय स्वतन्त्रता र स्वाधीनताको पक्षमा मृदुगीत गाइएका छन्" (पौडेल, २०५९:२१) । त्यस्तै ताराकान्त पाण्डेयका अनुसार- "आहुतिका गीत तथा कविताहरूले पीडित, शोषित, पददलित किसान तथा गरिबवर्गको

आवाजहरूलाई मुखरित गरिदिएका छन् । उनका कविताले सङ्घर्षको निरन्तरता र आमूल परिवर्तनको गणतन्त्रवादी चेत बोकेको छ" (पाण्डेय, २०५३:१९) ।

चालीसको दशकदेखि आजपर्यन्त निरन्तर काव्यसाधनामा लागिपरेका यिनका कवितामा समसामयिकता र तत्कालीन विषयवस्तुको प्रभाव रहेको पाइन्छ । २०४६ अघिको पञ्चायती राज्यव्यवस्था होस् चाहे त्यसपछिको राज्यव्यवस्था दुवैमा देखिएका कमिकमजोरी र त्यसले निम्त्याएको समस्यालाई उजागर गर्दै शासकवर्गहरूको कुकृत्यको धज्जी उडाउन यिनी पछि परेका छैनन् । विषमतापूर्ण सामाजिक संरचनाले निम्त्याएको सामाजिक विकृति-विसंगति पनि यिनका कविताका विषय बन्न पुगेका छन् । कथित क्रान्तिकारीहरूमा देखिएको राजनीतिक विचलन र सैद्धान्तिक पतनलाई उनले आफ्ना कविताबाट झापड लाउने काम गरेका छन् र नाङ्गेझार परेका छन् । अझ राजा ज्ञानेन्द्रको शाही 'कू' पछिको प्रत्यक्ष शासनकालताका नै उनका विरुद्धमा सशक्त गणतन्त्रवादी कविता लेखेर गणतन्त्रको आगमनको कामना गर्दै निरङ्कुशताको विरोध गर्ने काम गरेका छन् । आफ्नो रचना वर्गदुश्मनका लागि धारिलो हतियार बनोस् भन्ने चाहना राख्ने आहुतिको काव्यिक व्यक्तित्व वास्तवमै निर्भिक र गरिमामय छ । आफ्ना कवितामार्फत निम्नवर्गका जनता किसान, मजदुर, सुकुम्बासी, सर्वहारा, महिला, दलितप्रति सहानुभूति र शासकवर्गप्रति हुङ्कार व्यक्त गर्न सफल यिनी नेपाली प्रगतिवादी कविता परम्पराकै एक उल्लेखनीय कवि व्यक्तित्व रहेको कुरा घाम झैं छर्लङ्ग छ ।

## ४.२ 'तपस्वीका गीतहरू' भित्रका कविताको विश्लेषण

पुस्तकाकार कृतिको रूपमा २०४९ मा प्रकाशित 'तस्पस्वीका गीतहरू' कवितासङ्ग्रह कवि आहुतिको हालसम्म प्रकाशित एकमात्र कवितासङ्ग्रह हो । जम्मा २५ वटा कविताहरू समेटिएको यस सङ्ग्रहमा आहुतिले आफ्नो कवितायात्रा सुरु गर्दाताकाका देखि २०४९ सम्मका, करिब ५ वर्षको समयान्तरमा लेखिएका विभिन्न विषयवस्तु र भाव

समेटिएका कविताहरू रहेका छन् । हुनत २०५० सालको ‘कृष्णमणि सिर्जनशील साहित्यिक पुरस्कार’ बाट पुरस्कृत यस संङ्ग्रहका सबैजसो कविताहरू उत्कृष्ट र लोभलाग्दा छन् । तथापि अध्ययनको सहजताका लागि यस सङ्ग्रहभित्रका प्रतिनिधि कविताहरूको मात्र विश्लेषण गर्ने जमर्को यहाँ गरिएको छ । कविताको विश्लेषणका लागि विभिन्न आधार र मान्यताहरू प्रचलनमा रहेका छन् । कविताले खास भन्न र देखाउन खोजेको कुरा अनि यसले बहन गरेको भाषाशैलीलाई आधार बनाएर यहाँ ‘तपस्वीका गीतहरू’ सङ्ग्रहभित्रका प्रतिनिधि कविताहरूलाई विषयवस्तु, भाव, विचार, कथनपद्धति, लयविधान, भाषाशैलीलगायतका कवितातत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.१ ताराबाजी लै लै

‘तपस्वीका गीतहरू’ कवितासङ्ग्रहमा पहिलो कविताका रुपमा सङ्गृहित ‘ताराबाजी लै लै’ शीर्षकको कविता गरिबीको पीडाबाट ग्रस्त बालबालिकालाई सम्बोधन गर्दै लेखिएको उत्कृष्ट कविता हो । नेपालको सहरी तथा ग्रामीण परिवेशका बालबालिकामा अत्यन्त लोकप्रिय रहेको र नानीहरूका पाठ्यक्रममा समेत रहेको यो बालगीतमाथि टिप्पणी गर्दै प्रस्तुत कविता लेखिएको हो । विषयवस्तुको गहनताका दृष्टिकोणले सामान्य भए तापनि यसले इङ्गित गर्ने गरिबीको पीडा, गीतले गर्ने व्यङ्ग्य र असमान आर्थिक पक्षमाथि प्रकाश पार्नु यस कविताको सबल पक्ष रहेको देखिन्छ । हरेक बालबालिकाले बालबोलीमा रमाउँदै र थप्पडी मार्दै गाउँने ‘ताराबाजी लै लै’ बोलको बालगीत र यसले बहन गर्ने भाव तथा विषयवस्तुको व्यङ्ग्यलाई गरिबीको सापेक्षतामा प्रकाश पार्नु प्रस्तुत कविताको विषयवस्तु हो ।

नेपाली समाज वर्गीय रुपमा विभाजित छ । धनी र गरिब, उचो र निचो बिचको खाडल यथावत् छ । कविका विचारमा 'ताराबाजी लै लै/मामा आए घोडा' बोलको गीत छाप्रामा हुर्कने बालबालिकाका लागि सुहाउने गीत होइन । यो त महलमा हुर्कने बालबालिकाको गीत हो । एक पेट टन्न खान नपाउने नानीहरूका मामा र माइजू घोडा र डोलीमा चढेर सोलीमा पापा लिई आउन सक्दैनन् । सुत्केरी हुँदा समेत माइजूहरूले पेटभरि खान पाएका हुँदैनन् । त्यस्ता माइजूहरू डोली चढेर भाञ्जा भाञ्जीको घरमा आउन नसक्ने कविको ठहर छ । कवि यस्तो धौले घरलाई सुहाउने धनीहरूको गीत छाप्रोमा रहने नानीहरूले नगाऊन् भन्ने आग्रह गर्दछन् । यस गीतको भावार्थले गरिबीले ग्रस्त नेपाली समाजको अभिभावकलाई सोला दिएको, व्यङ्ग्य गरेको भन्दै यो झुटो गीतको पर्दाफास गर्नु यस कविताको मूलभाव हो । मूलत : वर्गीय रुपमा विभाजित नेपाली समाजमा सांस्कृतिक रुपमा बालमष्तिकलाई ध्वस्त पार्न सामन्ती संस्कारयुक्त बालगीतहरू प्रचलनमा रहेको र यस्ता गीतहरूले ठूलाबडाकै पक्षपोषण गर्ने कविको बुझाइ छ । त्यस्ता गीतहरूले गरिबका नानीहरूलाई सुमार्गतिर लैजाने भन्दा पनि धन र रवाफको स्तुति गर्न सिकाउने, आडम्बरी बनाउने देखिन्छ । छाप्रोमा हुर्कने गरिब, किसान, मजदुर र सुकुम्बासीका नानीहरूले त आफू सुहाउँदो गीत गाउनुपर्ने भन्दै गरिबीले ग्रस्त नेपाली समाजको चित्रणद्वारा गीतका रुपमा आएका झुटा कुराहरूलाई नाङ्गेझार पार्नु यस कविताको भाव हो ।

भ्रमपूर्ण गीत गाउँदै आएका बालबालिकाहरूलाई सम्बोधन गर्दै लेखिएको यस कवितामा द्वितीय पुरुष कथनपद्धति पाइन्छ । कविताको पहिलो हरफ 'ताराबाजी लै लै' बोलको बालगीतकै हरफहरू रहेको प्रस्तुत कविता गद्यलयमा संरचित छ । थोरैमा चारदेखि धेरैमा चौबीस पङ्क्तिसम्मका हरफमा रहेको यस कवितामा जम्मा चार हरफहरू रहेका छन् भने छपन्न पङ्क्तिपुञ्जहरू विद्यमान छन् । मूलत : गद्यलयमा लेखिएको भए तापनि सुरुको हरफ पद्यात्मक र बाँकी हरफहरूमा आन्तरिक

साङ्गीतिकता, कतिपय ठाउँमा अन्त्यानुप्राशको सहज प्रयोग पाइन्छ । विभिन्न विम्ब र अलङ्कारको समुचित प्रयोग भएको पाइने यस कवितामा सरल भाषाशैली तथा 'धौले' जस्तो मौलिक शब्दको प्रयोग भएको भेट्टिन्छ । जस्तै:

मेरो प्यारो राजा !
तिमी त फोहोरमा लुटुपुटिएको छौ
झोक्राएका छौ
नगाऊ यो अघाएकाहरूको गीत
धौले घरलाई सुहाउने गीत

यहाँ गरिबका छोराछोरीले धनको स्तुति गर्ने गीत गाउँन नहुने, फोहोरमा लुटपुटिएर, झोक्राएर अघाएकाहरूको गीत गाउँन नमिल्ने भन्दै 'ताराबाजी लै लै' गीतलाई कविले बहिष्कार गर्न भनेका छन् । यसरी ग्रामीण जनजीवनमा प्रचलित 'ग्राम्य' शब्दहरूको प्रयोग गर्दै नानीहरूलाई धनाढ्यहरूको आडम्बरी गीत नगाउनका लागि कवि अनुरोध गर्दछन् ।

## ४.२.२ नौरङ्गी डाँफे र गरिबकी बुहारी 'क'

'तपस्वीका गीतहरू' कवितासङ्ग्रहमा सङ्गृहित 'नौरङ्गी डाँफे र गरिबकी बुहारी 'क' ' नारीजातिको कष्टमय जीवनको यथार्थता प्रकट गर्ने एक उत्कृष्ट नारीप्रधान कविता हो । पुरुषप्रधान नेपाली समाजमा सदियौँदेखि दासताको जञ्जिरमा बाँधिएर यन्त्रवत भई सम्पूर्ण मानवीय संवेगहरूलाई बन्धकी राखी जीवन गुजार्ने नारीजातिको कष्टसाध्य जीवनको उठान नै यस कवितको विषय हो । आफ्नो जन्मघर छोडी पराइघर सिँगार्न आइपुगेकी गरिबकी बुहारी मनभरिका रहरहरू कुल्चिएर, डाँफे झैँ पङ्ख

फिँजाएर उन्मुक्त भई बाँच्न पाएका हुँदैनन् । धाँजा फाटेका पैतालाका घाउहरू सुम्सुम्याउँदै सम्पूर्ण गृहधन्दा गर्नु, सासू ससुरा, देवर जेठाजु, नन्द आमाजूका कटाक्षलाई सहँदै तिनको सेवा गर्नुपर्ने उनको बाध्यता रहन्छ । आफ्नो कोमल छातीमा लात्ती बजार्ने लोग्नेको कठोर नलीखुट्टा तेल लगाएर मिच्नु उनको दिनचर्या रहन्छ । लोग्नेको घरको कठोरपनाबाट केही दिन भए पनि उन्मुक्ति पाउन माइत जाँदा दाजुभाउजूको झर्कोफर्कोले उनलाई सोला दिन्छ र त्यहाँ बस्न पनि नसक्ने अवस्थामा पुग्छिन् र लोग्नेकै घर फर्किन्छिन् भन्दै गरिबकी बुहारीको आफ्नो भन्ने ठाउँ कहीँ नरहेको घर माइत सबैतिरबाट अपहेलित भई जीवन बिताउनु पर्ने बाध्यतालाई उन्मुक्त भई पङ्ख फिँजाएर उड्ने नौरङ्गी डाँफे चरीको सापेक्षतामा प्रस्तुत गर्नु यस कविताको विषयवस्तु हो । जस्तैः

पानीको प्यासी झैँ
शीतल खोजेर आफन्तको आँगनमा धाइरहन्छे
ओहोर दोहोर गरिरहन्छे
धोबीले लुगा ठटाए जस्तै ढुङ्गामा
असह्य भएर छातीमा आफ्नै मुड्की बजारी रहन्छे

गरिबका छोरी-बुहारीले घरको न घाटको भएर र बाँच्नु परेको, साहारा कोही नरहेको र पुरुषप्रधान समाजले उनीहरूको हदैसम्म दोहन गरेको यथार्थता यहाँ प्रकट भएको पाइन्छ । समाजमा नारीहरू दोस्रो दर्जाको नागरिक भएर बाँच्न बाध्य रहेको र यसो हुनुमा सामन्ती संस्कार जिम्मेबार रहेको कविको ठहर छ ।

सामन्ती संस्कारयुक्त पुरुषअहम्ले ग्रस्त नेपाली समाजमा गरिबका छोरीबुहारीको दयनीय अवस्था रहेको सबैको हेलाहोचो र प्रताडना सहेर उनीहरू बाँच्न विवश रहेको

यथार्थको चित्रण नै यस कविताको भाव हो । गैरमानव पक्षी डाँफे चरी बरु उन्मुक्त भई आफ्ना कल्की हल्लाउँदै नील गगनमा कावा खाँदै उड्न सक्ने तर संसारकै सर्वश्रेष्ठ प्राणी भएर पनि महिला त्यसमा पनि गरिबका छोरीबुहारीले आफ्ना सारा इच्छा र रहरहरूलाई तिलाञ्जली दिएर सकसमा बाँच्नु पर्ने विडम्बनालाई यहाँ विम्ब प्रतीकका माध्यमबाट उजागर गरिएको छ । गरिबीले ग्रस्त नेपाली समाजका महिलाहरू जताततैबाट हेलित भई घरको न घाटको हुनु परेको कष्टमय बुहार्तन सहनु परेको र उनीहरूको सहारा कोही नरहेको यथार्थको प्रकटीकरण नै 'नौरङ्गी डाँफे र गरिबकी बुहारी 'क'' कविताको मूलभाव रहेको देखिन्छ । डाँफे चरीलाई स्वतन्त्रताको प्रतीक बनाउँदै नेपाली नारीहरू डाँफे झैँ स्वतन्त्र हुन नसकेको विचार यस कविताले प्रतीकात्मक रुपमा व्यक्त गरेको पाइन्छ ।

तृतीय पुरुष कथनपद्धतिमा संरचित भएर तीन हरफमा विभाजित प्रस्तुत कवितामा पहिलो हरफमा चौध, दोस्रोमा उन्नाईस र तेस्रो तथा अन्तिम हरफमा अड्तीस गरी जम्मा एकहत्तरवटा पङ्क्तिपुञ्ज रहेका छन् । करुण रसमा आधारित यो कवितामा प्रकृति र समाजबाट लिइएका प्रसस्तै विम्ब प्रतीक छन् भने उपमा लगायत अन्य अलङ्कारहरू पनि विद्यमान छन् । सरल भाषाशैलीमा सललल बगेको यस कवितामा लोटाउनु, पोत्नु, पिल्पिलिनु, भुत्भुतिनु, स्यानाब्याना जस्ता ग्रामीण समाजमा प्रचलित शब्दहरू रहेको पाइन्छ भने अतिकम प्रचलित 'घैमल' शब्दको प्रयोग देख्न सकिन्छ । समाज तथा प्रकृतिबाट विभिन्न बिम्ब प्रतीक सहारा लिएर रचित यस कविताको भाषा शैली सरल रहेको पाइन्छ । गद्यलयमा संरचित भए तापनि ठाउँठाउँमा अन्त्यानुप्राशको आयोजनाले कविता श्रुतिमधुर रहेको छ ।

### ४.२.३ गुँइठाको आगो

गुँइठाको आगोलाई क्रान्तिको प्रतीकका रुपमा प्रस्तुत गर्दै असमानता र अन्यायले ग्रस्त नेपाली समाजको मुक्तिका लागि क्रान्तिकारीहरू लागि परेको यथार्थताको चित्रण नै यस कविताको विषय हो । क्रान्तिकारी विचारधाराको सम्प्रेषणद्वारा समाज परिवर्तन गर्ने उद्देश्य यस कविताले लिएको छ । जस्तै कवि लेख्छन् :

मान्छेहरू सगरमाथा आकारको टोपी लगाएर
झुक्दै झुक्दै मुसाझैं डराएर भाग्दै
जीवन घिसारिरहेका छन्
तर म गुँइठाको आगो लिएर
शिर सगरमाथाझैं ठाडो पारेर
सत्यको लागि लडिरहेको छु/हिँडिरहेको छु
ए ! कालो रात म तेरो चिहान खन्दैछु
रगतका छिर्काहरूले रातो बिहान बुन्दैछु
गुँइठाको आगो जिन्दावाद ! भालेको डाँको जिन्दावाद

कवि स्वयम् क्रान्तिमा होमिएको व्यक्ति भएकाले र कविता पनि म पात्रको माध्यमबाट लेखिएकाले यो कविता आफैँमा कविको जीवनदृष्टिझैं लाग्दछ । मूलत : गुँइठाको आगोलाई क्रान्तिको प्रतीकका रुपमा व्यक्त गर्दै आफू गुँइठाको आगो सल्काएर बस्ती-बस्ती हिँड्ने क्रान्तिकारी विचारको सम्प्रेषण नै यस कविताको खास विषयवस्तु हो ।

समाजमा विद्यमान अन्याय, अत्याचार, दुराचार र असमानताका विरुद्ध क्रान्तिको प्रतीक गुँइठाको आगो झैं सल्कँदै, क्रान्तिको दीप बालेर अघि बढ्नु पर्ने, एउटा

क्रान्तिकारी ढले हजारौँ जन्मने भाव यहाँ व्यक्त भएको छ । आफू मुक्तियुद्धमा होमिँदा मृत्युवरण गर्न पुगेमा आफ्ना सारा दायित्वहरू हजारौँ सहयात्रीहरूलाई सुम्पिदिन कविले सगरमाथासँग आग्रह गरेका छन् । कवि आफू अँध्यारो रातलाई चिर्दै सुन्दर बिहानी ल्याउन हिँडेको र गुँइठाको आगो सल्काउँदै सगरमाथाको झैँ शिर ठाडो पारेर सत्यको लागि लडेको भाव प्रस्ट पार्छन् । आफू गुँइठाको आगो झैँ सल्किएर क्रान्तिका लागि समर्पित हुने विचार कविमा रहेको पाइन्छ ।

समग्रमा देशमा रहेको अन्याय, अत्याचार, दमन र उत्पीडनका विरुद्ध क्रान्तिमा होमिनु पर्ने भाव यस कवितामा छताछुल्ल भएको पाइन्छ ।

'तपस्वीका गीतहरू' कवितासङ्ग्रहमा सङ्गृहित प्रस्तुत 'गुँइठाको आगो' क्रान्तिको प्रतीक भएकाले कविताको शीर्षक आफैँमा प्रतीकात्मक छ । जम्मा दुई हरफमा संरचित यस कविताको पहिलो हरफमा उनन्चासवटा पङ्क्तिहरू छन् भने दोस्रोमा नौवटा । जम्मा अन्ठाउन्न पङ्क्तिहरू यस कवितामा रहेका छन् । 'गुँइठाको आगो', 'कालो रात', 'चिहान' जस्ता शब्दहरूले प्रतीकात्मक अर्थ बहन गरेका छन् । प्रशस्तै विम्ब ,प्रतीकको प्रयोग भएको यो कविता गद्यलयमा लेखिए तापनि ठाउँठाउँमा अनुप्राशको प्रयोग भएको भेट्टिन्छ । सरल, सहज भाषाशैलीमा संरचित यस कवितामा दुर्बोध्यता पाइँदैन । प्रथम पुरुषीय आत्मपरक कथनपद्धतिमा रचित यो कविता कवि स्वयम् क्रान्तिमा डटेर लागेका व्यक्ति हुनाले उनको आफ्नै आत्मवृत्तान्त झैँ लाग्दछ ।

### ४.२.४ मुक्ति गोरेटो

'तपस्वीका गीतहरू' कवितासङ्ग्रहको पाँचौं कविताका रुपमा सङ्गृहित 'मुक्ति गोरेटो' कविता सङ्ग्रहकै चरम क्रान्तिकारी कविता रहेको पाइन्छ । क्रान्तिको अन्तिम साधन हतियार नै हो र यो नउठाईकन मुक्ति पाइन्न भन्ने आशय यसमा छरपस्ट छ । हुन त नेपालमा माओवादी जनयुद्ध (२०५२) सुरु हुनुअघि नै लेखिएको यस कविताले

जनयुद्धकै उपादेयता पुष्टि गरेको देखिन्छ । कैँयन वर्षदेखि शासक वर्गहरूले गर्ने गरेका बर्बर दमन, शोषण, हत्या, बलात्कारका विरुद्ध हतियार नै उठाउनु पर्ने, रक्तपातको विरुद्ध रक्तपात नगरी केही नहुने, राज्यसत्ता बन्दुकै नालबाट जन्मने क्रान्तिकारी दर्शनको पुष्टि गर्नु नै यस कविताको विषयवस्तु हो ।

कविताले आमूल परिवर्तनका लागि तिघ्रा नकमाईकन सबैले हतियारसहितको क्रान्तिमा होमिँदै सुन्दर भविष्यका लागि नलडी नहुने, हतियार नै अन्तिम साधन हो भन्दै क्रान्तिकर्ममा लाग्नु पर्ने विचार व्यक्त गरेको छ ।

समाजमा कैँयन वर्षदेखि विद्यमान दमन, शोषण, हत्या, हिंसा, बलात्कारका विरुद्ध भद्रसङ्घर्षले केही नहुने बरु हतियार नै उठाएर त्यसको अन्त्य गर्नुपर्ने भाव यस कविताले व्यक्त गरेको देखिन्छ । जस्तै कविताको एक हरफमा कवि लेख्छन् :

दुश्मनहरूले दर्जनौँ वर्षदेखि शान्तिको झुठो प्रचार गरे
हाम्रा दर्जनौँ सपुतहरूले
गोलीबाट रक्ताम्य ढलेर झुठो प्रचारको खण्डन गरे
हाम्रा नाङ्गै पारिएका/हुर्मत झारिएका छोरीहरू
दुश्मनहरूबाट सामूहिक बलात्कृत चेलीहरूका छातीहरू
र विरोधमा सिरिफ निहत्था हाम्रा आवाजहरू (?) गुनासोहरू
एउटै कुरा त खुट्किन सक्छ
रक्तपात नभई केही हुँदैन
राज्यसत्ता बन्दुकको नालबाट जन्मिन्छ !

माओवादको क्रान्तिकारी दर्शनको पुष्टि गर्ने यस कविताले हतियार नै अन्तिम सत्य हो र यसको नालबाटै राज्यसत्ता प्राप्त हुने विचार राखेको छ । यदि जनताहरूले साँच्चै नै मुक्ति चाहने हो भने न्यायपूर्ण समाज र सुन्दर बिहानी चाहेको हो भने

दुश्मनका विरुद्ध लडाँइ नलडी नहुने, हतियार नउठाई नहुने क्रान्तिकारी विचारको सम्प्रेषण नै यस कविताको मुख्य भाव हो । यहाँ हतियारसहितको क्रान्तिका लागि आह्वान गर्नु कविताको समुच्च अर्थ बनेर आएको पाइन्छ ।

जम्मा चौवालीस पङ्क्तिहरूमा सिँगारिएको प्रस्तुत 'मुक्ति गोरेटो' कवितामा छोटोमा आठ देखि लामोमा सत्ताईस पङ्क्तिका हरफहरू रहेका छन् । गद्यलयमा संरचित यस कवितामा पहिलो हरफमा आठ, दोस्रोमा नौ र तेस्रो तथा अन्तिम हरफमा सत्ताईसवटा पङ्क्तिहरू छन् । दुश्मनहरूका बर्बरतालाई देखाउन सामाजिक जीवनका कैंयन विम्ब प्रतीकको सहारा लिइएको यस कवितामा भाषाशैली  भने सरल र सुबोध्य रहेको पाइन्छ । कलात्मकता भन्दा विवरणात्मक र विचारात्मक लाग्ने यस कविताको भाषाशैली नारा वा भाषण जस्ता लाग्दछन् । हामी, हाम्रा जस्ता शब्दहरूको प्रयोग पाइने प्रस्तुत कविता प्रथम पुरुषीय कथनपद्धतिमा रचित छ । समग्रमा साधारण शिक्षित पाठकले पनि सजिलै बुझ्न सक्ने यो कविता क्रान्तिकारी दर्शनको सटीक व्याख्या गर्न भने सफल भएको पाइन्छ ।

### ४.२.५ रातो नालिस

'तपस्वीका गीतहरू' कवितासङ्ग्रहको सबैभन्दा चर्चित कविता 'रातो नालिस' एक विवादास्पद कविता हो । प्रगतिवादी नेपाली कविता परम्परामा यो कविताले एउटा छुट्टै पहिचान बनाएको छ । कविता अनुरागीका माझ ताली र गाली दुबै बेहोरेको यो कविताले मुख्यतः राजनीतिक भ्रष्टाचारलाई छडी लाउने काम गरेको छ । २००७ सालमा प्रजातन्त्र स्थापना भएयता नेपालमा अनेक किसिमका राज्य व्यवस्था, राजनीतिक बादहरू स्थापना भए कैंयन राजनीतिक पार्टीहरू देखापरे विशेष गरी जनवादको नारा घन्काउँदै कम्युनिस्ट पार्टीहरू राजनीतिक वृत्तमा देखा परे । देशको अग्रगामी परिवर्तनको सपना बाँड्दै, जनवाद र सर्वहारामुक्तिको नारा घन्काउँदै हिँड्ने कम्युनिस्ट नेताहरू पद र

शक्तिमा पुगेपछि आफ्ना सबै प्रतिबद्धता, सिद्धान्त र विचारबाट च्युत भएर व्यक्तिगत धन आर्जन गर्ने, सुखसयल र बिलासितामा रमाउने, दलित, सुकुम्बासी, किसान, मजदुर र सबैलाई बिर्सनेतिर लागेको र रातो झण्डामुनि रहेर झण्डाकै अपमान गरेको तिक्ततापूर्ण यथार्थको चित्रण नै यस कविताको विषयवस्तु हो । भ्रष्ट नेता र सामाजिक संरचना विरुद्धमा सबैले डटेर लाग्नु पर्ने विचार कविले यहाँ व्यक्त गरेका छन् ।

कम्युनिस्ट पार्टीलाई विश्वव्यापी रुपमा चिनाउने, क्रान्तिको प्रतीक रातो झण्डामुनि रहेर नेपालका तथाकथित कम्युनिस्ट नेताहरूले आफ्नो धरातललाई बिर्सिएर राजनीतिक भ्रष्टाचारलाई बढावा दिएको तथ्यको उजागर गर्दै तिनको विरुद्ध उजुरी गर्नु नै यस कविताको भाव हो । जनतालाई अनेक किसिमका आश्वासन र झूटा नाराहरू दिएर नेताहरू सत्तामा पुग्ने गरेको तर तिनले सत्ता र शक्ति पाएपछि जनतासँग गरिएका प्रतिबद्धता, कम्युनिस्ट सिद्धान्त, विचार सबैलाई बिर्सिएर व्यक्तिगत स्वार्थ, सुखसयलतर्फ लागेको तथ्य यहाँ उजागर भएको छ । राजनीतिक बेइमानीको सात्तो झार्दै कविताको एक हरफमा कवि लेख्छन् :

तिमीले रातो झण्डा उठायौ
मेरा नानीहरूले त्यसलाई रगतले सलाम गरे
रातो झण्डामुनि
तिमीले जनवादको खोलभित्र धनवाद बचायौ
व्यक्तिवादको विरोधमा नयाँ व्यक्तिवाद हुर्कायौ
रातो झण्डामुनि
अत्याचारको विरोधमा नयाँ अत्याचार हुर्कायौ
चाकडीवादको खिलाफमा नयाँ चाकडीवाद हुर्कायौ
रातो झण्डामुनि
षड्यन्त्रको विरोधमा नयाँ षड्यन्त्र कायम गऱ्यौ

निजी सम्पत्तिको खिलाफमा/सामन्तवादको खिलाफमा
पूँजीवाद हुर्कायौ/सामन्तवाद भोगचलन गर्‍यौ

खासमा आहुतिले यो कविता लेख्दाका समयमा नेपालमा कम्युनिस्ट पार्टी स्थापना भएको त्रिचालीस वर्ष भएको थियो । त्रिचालीस वर्षसम्म पनि कम्युनिस्ट पार्टीहरूले देशमा केही गर्न नसकेको बरू रातो झण्डाका विरुद्धका काम गरेको, आफ्नै समस्यामा अल्झिएर जनताका सामु गरिएका सारा प्रतिबद्धताहरू बिर्सिएर धोकेबाज भएको यथार्थ यहाँ प्रस्तुत भएको छ । यदि समयको कुनै कालखण्डमा नेपालका कम्युनिस्ट पार्टी र तिनका नेताहरू सुध्रिए भने यही पवित्र रातो झण्डामुनि फेरि पनि भेट हुन सक्लान् भन्दै कम्युनिस्टभित्र व्याप्त राजनीतिक बेइमानी र भ्रष्टाचारलाई उजागर गर्नु नै 'रातो नालिस' कविताको मूल भाव रहेको देखिन्छ ।

राजनीतिक रुपमा बेइमान र भ्रष्ट नेताहरूले आफ्ना सारा प्रतिबद्धता बिर्सिएर, कम्युनिस्ट सिद्धान्त तथा विचारलाई तिलाञ्जली दिएको हुँदा त्यस्ता जाली कथित क्रान्तिकारी नेताहरूको वास्तविकता थाहा पाएर सबै जनताले तिनको विरुद्ध जनताको कठघरामा उजुरी गर्नु पर्ने सन्देश यस कविताले दिएको छ ।

प्रगतिवादी नेपाली कविता परम्परामा विवादास्पद कविताका रुपमा चर्चा पाएको यो कविता कलात्मक भन्दा पनि भाषणात्मक रहेको देखिन्छ । भ्रष्ट नेताहरूलाई सम्बोधन गर्दै लेखिएको यस कवितामा द्वितीय पुरुष कथनपद्धति पाइन्छ । चार हरफमा विभाजित यस कवितामा पहिलो हरफमा चार, दोस्रोमा पैंतीस, तेस्रोमा तेऱ्ह र चौथो तथा अन्तिम हरफमा छ पङ्क्ति गरी जम्मा अन्ठाउन्नवटा पङ्क्तिपुञ्जहरू रहेको पाइन्छ । सामाजिक जन जीवनबाट विभिन्न विम्ब प्रतीकहरू लिएको पाइने यस कविताको शीर्षक आफैंमा प्रतीकात्मक छ । यहाँ 'रातो नालिस' शब्दले क्रान्तिकारी हौं भन्नेहरू प्रति उजुरी गरिएको सन्दर्भलाई इङ्गित गरेको पाइन्छ । साधारण साक्षर पाठकहरूले पनि सहजै पढ्न र बुझ्न सक्ने यो कविता सरल, सहज भाषाशैलीमा गद्यलयमा रचित छ र

कम्युनिस्टहरूको भ्रष्टता तथा राजनीतिक बेइमानीलाई नाङ्गेझार पार्न सफल भएको छ ।

## ४.२.६ नौरङ्गी डाँफे र गरिबकी बुहारी 'ख'

'नौरङ्गी डाँफे र गरिबकी बुहारी 'क'' कविताकै दोस्रो तथा अन्तिम भागको रुपमा रचित 'नौरङ्गी डाँफे र गरिबकी बुहारी 'ख'' कविता बिस्तारै परिवर्तन हुँदै गएका र महिलामुक्ति आन्दोलनमा सरिक हुँदै गएका पीडित, दमित सानीकान्छीहरूको परिवर्तित जीवनशैलीलाई उजागर गर्न उद्धत भएको पाइन्छ । नारी जातिहरू सधैं दमन र शोषण सहेर बस्दैनन् बरु त्यसको विरुद्धमा आवाज उठाउन जुर्मुराउँदै छन् भनेर नारीजागरणको आवाज बुलन्द गर्नु यस कविताको विषयवस्तु हो । यहाँ सानीकान्छी महिलाहरूको प्रतिनिधि पात्र बनेर आएकी छिन् र कविले उनको माध्यमबाट नारीजागरणको सन्देश दिने काम गरेका छन् । जस्तै कवि लेख्छन् :

लोग्नेको टोक्ने हप्काइले गल्दिन ऊ
लोग्नेको खुट्टा पनि मोल्दिन ऊ
लुकेर बालाखामा लुकामारी खेलेझैं
खुसुक्क लुकाएर/अलिकति लाज मानेर
किताबहरू पढ्न खोजिरहन्छे
नबुझेको मुख अलिकति रातो पारेर बुझ्नेलाई सोधिरहन्छे
सबथोक बुझ्न खोज्छे

यस कवितामा सानीकान्छीहरू लोग्नेको हप्काइबाट नडग्ने, परिवर्तित समयलाई बुझ्नेतिर लागेका कुरा उल्लेख भएको छ । वास्तवमा मानिस जातिले हदभन्दा माथि सहन सक्दैन अझ सदियौं देखि पुरुषप्रधान समाजको चरम शोषण सहँदै आएका नारीहरू

जाग्दा समाज नै परिवर्तन हुने छ । नारी जातिहरूमा विस्तारै परिवर्तनका सङ्केतहरू देखापर्न थालेका, अब कसैको टोकसो र हेलाहोचो सहेर उनीहरू बस्न नसक्ने बरु अन्यायका विरुद्ध डटेर अगाडि बढ्ने अवस्थामा नारीहरू रहेको सामाजिक यथार्थलाई पाठकसामु ल्याउनु यस कविताको विचार हो ।

'तपस्वीका गीतहरू' कवितासङ्ग्रहमा सङ्गृहित एक सशक्त नारीप्रधान कविता 'नौरङ्गी डाँफे र गरिबकी बुहारी 'ख'' सङ्ग्रहकै उत्कृष्ट कविताहरू मध्येमा पर्छ । हिजोसम्म लोग्ने, सासू, ससुरा, देवर, जेठाजु, नन्द, आमाजूहरूका टोकसो र पराइघरको बुहार्तन सहँदै आएका गरिबका बुहारीहरू दयनीय अवस्थामा रहनु परेको थियो । लोग्नेको घरको पीडाबाट केही दिन भए पनि आराम लिन माइत जाँदा माइतीको र समाजको टोकसो सहँदै उही लोग्नेको घरमा फर्किएर आँशु पिएर बाँच्नु परेको थियो । तर अब घर, माइत, समाज सबैतिरबाट अपहेलित गरिबकी छोरीबुहारीहरू पनि बुझ्ने हुन थालेका छन् । अरुको हप्काइ, दप्काइ र मिचाइलाई लल्कार्न थालेका छन् । 'छि : आइमाई' भनेर हेप्नेहरूको मेख मार्न थालेका छन् भन्दै नारीमा आएको राजनीतिक जागरणलाई प्रस्तुत गर्नु यस कविताको भाव रहेको पाइन्छ । हिजोसम्म डराएर, मुख छोपेर हिँड्ने सानीकान्छीहरू अब युद्धमैदानमा पनि लड्ने सक्ने, अरुलाई जगाउन सक्ने, बाधासँग जुध्न सक्ने र एक दिन सिङ्गो संसारको अनुहार फेर्न सक्ने अवस्थामा पुग्ने ठोकुवा गर्दै नेपाली नारीहरूको परिवर्तित अवस्थालाई कविताले उजागर गरेको छ ।

गद्यलयमा संरचित भए पनि ठाँउ-ठाँउमा अनुप्रास मिलेको पाइने प्रस्तुत कवितामा प्रशस्त समाज तथा प्राकृतिक जगत्का बिम्ब र प्रतीकहरू प्रयोग भएका छन् । तीन हरफे यस कवितामा जम्मा बैसट्ठीवटा पङ्क्तिहरू रहेका छन् । आहुतिका अन्य कविताभन्दा केही कलात्मक रहेको यो कविता सरल र सुबोध छ । विभिन्न अलङ्कारको समेत सहज प्रयोग पाइने यो कविता परिवर्तित सामाजिक, राजनीतिक अवस्थामा नारी जातिमा आएको सकारात्मक परिवर्तनलाई उजागर गर्न सफल रहेको देखिन्छ ।

सानीकान्छीको परिवर्तित जीवनशैलीको वर्णन भएकाले तृतीय पुरुष कथनपद्धतिमा संरचित यो कविता कवितातत्त्वका आधारमा समेत उत्कृष्ट हुन पुगेको छ ।

### ४.२.७ बुझिदेऊ मेरा आफन्तहरू

मुक्तियुद्धमा म पात्र होमिन जाँदा ममताको पर्खाल खडा गर्ने तीन नारीपात्राहरू बहिनी, श्रीमती र आमालाई सम्बोधन गरेर लेखिएको यस कवितामा आफ्नो बाटो र योजनालाई नरोक्न आग्रह गर्दै बरू सहयोगी भूमिका खेलिदिन अनुरोध रहेको तथ्य नै यस कविताको विषयवस्तु हो । युद्धको तयारीमा लागेको दाजुसँग बहिनीले धन, दौलत र दाइजोको आशा गर्न नहुने योद्धाकी श्रीमतीले 'ताजमहल' बनाइमाग्न नमिल्ने आमाले 'तँ कतै नजा', 'तँलाई मात्र के मतलब ?' भन्न नमिल्ने भन्दै आफू अब क्रान्तिको बाटोमा हिँडेको र आफ्ना प्रियजनहरूसँग मुक्तिपश्चात् भेट्ने र सारा खुशी बाँड्ने योजना आफूसँग रहेको विषयवस्तुलाई 'बुझिदेऊ मेरा आफन्तहरू' कविताले समेटेको छ । क्रान्तिकारीहरूप्रति आफन्तजनले सहयोगी भूमिका निभाइदिनु पर्ने विचार यहाँ छताछुल्ल भएर आएको छ ।

'तपस्वीका गीतहरू' कवितासङ्ग्रहमा दसौँ कविताका रुपमा सङ्गृहित यो कविता कविको आफ्नै जीवनकथा जस्तो लाग्दछ । 'म' पात्रको प्रयोग रहेको स्वकथन ढाँचामा रचित यस कवितामा आफन्तजनहरूलाई सम्बोधन गरिएको छ । जनताका मुक्तिका लागि क्रान्तिकारी योद्धाहरू युद्धको तयारीमा रहेको, सम्पूर्ण मुक्तिकामी जनताहरूका लागि लड्ने योद्धाका लागि सबै जनता आफन्त रहने हुनाले बहिनी, श्रीमती र आमाहरूले योद्धाको बाटोमा तगारो खडा गर्न नमिल्ने कविको जिकिर छ । योद्धाहरूमा मानवीय संवेदना रहने, आफ्ना बहिनीहरूको अनुहारमा खुसीका लालीमा हेर्ने रहर त हुन्छ नै तर धेरै खर्च गरेर, दाइजो दिएर उनीहरूले बहिनीको बिहे गर्न सक्दैनन् । त्यस्तै आफ्नो छातीको देब्रे कुनामा रहने श्रीमतीसँग दुःखसुख बाँडेर सँगै रहन त मन लाग्छ नै,

उनको इच्छा पूरा गर्दिन चाहना त हुन्छ नै तर योद्धाका श्रीमतीहरूले 'ताजमहल' बनाइमाग्न नमिल्ने, 'मेरो आँखा वरिपरि घुमिरहू' भन्न नमिल्ने अनि योद्धाका आमाहरू स्वार्थी भएर छोरालाई 'तँ कतै नजा', 'तँलाई मात्र के मतलब ?', 'तँ गइस् भने म कसरी बाँचुला ?' भनेर कमजोर पार्न नहुने तर्क प्रस्तुत गर्दै सबै आफन्तहरूलाई आफ्नो मर्का बुझिदिन कविले आग्रह गरेका छन् । समग्रमा जनताको मुक्तिका लागि युद्धको तयारी गरिरहेको बेला ममताको पर्खाल ठड्याएर योद्धाको बाटो छेक्न नमिल्ने भाव यस कविताले बहन गरेको छ ।

क्रान्तिकारीहरूले आफन्तजनको मायाजालमा परेर क्रान्तिको बाटोबाट विचलित हुन नमिल्ने, भावनात्मक कुराहरूलाई ध्यान नदिई क्रान्तिकर्ममा सदा अग्रसर रहेर लक्ष्यभेदन गरी छाड्नु पर्ने सन्देश यस कवितामा बुलन्द बनेर आएको पाइन्छ ।

आत्मपरक कथनपद्धतिमा रचित यस कवितामा 'म' पात्रको प्रयोग रहेको पाइन्छ । कविका अन्य कविताहरू भन्दा केही श्रृङ्गारिक रहेको यो कवितामा अनेक बिम्ब प्रतीकहरूको सन्तुलित प्रयोग रहेको देखिन्छ । जस्तैः

छातीको देब्रे कुनामा लुकेकी प्रिय
मलाई पनि तिम्रो चुल्ठोमा एक थुँगा चमेली सिउरिदिन मन लाग्छ
हत्केलामा तिम्रो रङ्गिन तिउरी घसिदिन मन लाग्छ
टिपेर कतै लाली गुलाफको/खोसेर कतै मुस्कान चाँदनीको
तिम्रो यौवन सजाइदिन मन लाग्छ/तिमीसँग धेरैबेर हाँस्न मन लाग्छ

जम्मा चार हरफमा संरचित यस कवितामा सुरुको हरफ अठार, दोस्रो सत्र, तेस्रो सोऱ्ह र चौथो दश पङ्क्तिका छन् र जम्मा एकसट्ठी पङ्क्तिपुञ्जमा विद्यमान छन् । शैलीगत कलात्मकता रहेको प्रस्तुत कविता सरल र सहज छ । 'उलिकाण्ठ' जस्तो

अतिकम प्रचलित शब्दको प्रयोग पाइने यो कवितामा अनेक अलङ्कारहरू पनि रहेका छन् । गद्यलयमा रचित कविता समग्रमा भाषाशैली र काव्यिक शिल्पको कसीमा राम्रै दह्रिन पुगेको छ ।

### ४.२.८ हातपात भएको माटोमा टुसाएका बीऊ

चेलीबेटी बेचबिखन हुनु नेपाली ग्रामीण समाजको बर्षौं पुरानो रोग हो । यही चेलिबेटी बेचबिखनको मुद्दालाई मुख्य विषय बनाएर 'हातपात भएको माटोमा टुसाएका बीऊ' कविताको रचना भएको हो । गरिबी र अज्ञानताले ग्रस्त ग्रामीण बस्तीहरूमा नक्कली साइनो गाँस्दै फटाहा पातकीहरू सोझा गाँउलेहरूसम्म पुग्दछन् । अनेकका झुठा कुराहरू गरेर गाँउलेलाई आफ्नो विश्वास दिलाउँदै गाउँका चेलीबेटीलाई ललाइफकाइ आफ्नो पञ्जामा पार्दछन् र परदेशका वेश्यालयहरूमा विक्री गर्दछन् । बेश्यालयमा नारकीय जीवन बिताउन विवश चेलीहरूको करुण क्रन्दन र आँशुले सगरमाथा पनि पग्लन र डुब्न सक्छ भन्दै बेचिएका चेलीहरूको पीडा, कष्टलाई चित्रण गर्नु यस कविताको विषय हो । अर्कातिर यसले पुरुष समाजमा महिलाहरू भोग्याका रुपमा मात्र रहेको तितो यथार्थलाई नामेट पार्ने विचार बोकेको छ र त्यसका विरुद्ध सबै सचेत रहनु पर्ने कुरालाई अघि सारेको छ ।

मितेरी साइनो लगाएर सबैलाई विश्वासमा लिँदै मीतदाइ भनाउँदो पातकीले धागो किनिदिन्छु भनेर आफूलाई फकाएर परदेशको कोठीमा लगेर बेचिदिएको र त्यहाँ आफूले पशुवत् जीवन बाँच्नुपरेको नेपाली चेलीको दुःखद् व्यथालाई यस कवितामा उजागर गरिएको छ । दलालहरू अनेक जाल रच्दै, मितेरी साइनो गाँस्दै ग्रामीण बस्तीहरूमा पुग्ने र त्यहाँ गएर अरुको विश्वास जिती धेरै चेलिबेटीहरूलाई परदेशको कोठीमा लगेर बेच्ने गरेको तर सोझा गाउँलेहरूले दलालको अश्लियत थाहा नपाउँदा अझै पनि 'जदौ' भन्दै देवतासरह मान्ने गरेको तथ्य यहाँ उद्घाटित भएको छ । नरपशुको फेला परेर परदेशका कोठीहरूमा पुग्न विवश चेलीहरू छिन-छिनमा बलात्कृत

भएर बस्नुपर्ने, आँशु पिएर न्याउलीजस्तै रोइरहनु परेकोले चेलीहरू आफ्नो देशको गाउँसम्म पुग्ने कर्‍याङकुरुङ चरी, बादलका फाल्साहरूलाई आफ्नो वास्तविकता बाआमालाई सुनाइदेऊ भनी अनुरोध गर्दछन् । अरु केही गर्न नसके पनि मीतदाइ भनाउँदो पातकीको कालाकर्तुत खोलेर त्यसलाई दण्ड दिन आग्रह गर्दछन् । जस्तै कवि लेख्छन् :

यो बिरानो देशमा/नचिनेको परदेशमा
मेरो खुशीलाई टेकेर/चाहनालाई रेटेर
कसैले बेचेर अनि कसैले किनेर
शरीरलाई बलात्कार गरिरहेको बेला
आत्मालाई पटकपटक चिमोटिरहेको बेला
साहाराबिनाको उदाङ्ग छाती थापेर .................

यहाँ बेचिएकी चेली आफू छिनछिनमा यौनपिपाशुहरूबाट बलात्कृत भएर नारकीय जीवन बाँच्न विवश रहेको र यो खबर आफ्नो गाउँसम्म उडेर जाने कर्‍याङ कुरुङ चरीलाई बाआमासम्म पुर्‍याइदिन आग्रह गर्छिन् । यसरी दलालमार्फत परदेशका बेश्यालयहरूमा बिक्री हुन पुगेका गरिबीले ग्रस्त ग्रामीण नेपाली चेलीहरूको जीवनको चित्रण गर्दै सजग रहन आग्रह गर्नु नै यस कविताको उद्देश्य हो । त्यस्तै चेलिबेटी स्वयम् र अभिभावकहरू पनि सचेत रहेर चेलिबेटी बेचबिखन हुनबाट जोगिनु पर्ने सन्देश यस कविताले लिएको छ ।

तृतीय पुरुष कथनपद्धतिमा संरचित 'हातपात भएको माटोमा टुसाएका बीऊ' कवितामा पशुसरह खरिद बिक्री भई परदेशका बेश्यालयहरूमा यौनतृप्तीको साधन बन्न पुगेका चेलीहरूको कष्टमय अवस्थालाई चित्रण गरिएकाले पूर्णतया करुण रस प्रधान रहेको छ । यो कवितामा जम्मा लामा छोटा गरी चार हरफहरू रहेका छन् । गद्यलयमा

संरचित भए पनि प्रशस्त मात्रामा अनुप्राशको आयोजना पाइने यस कवितामा अन्तरलय र साङ्गीतिकता पाइन्छ । दृष्टान्त अलङ्कार र सामाजिक, प्राकृतिक जगत्का विभिन्न बिम्ब प्रतीकको सफल प्रयोग पाइने प्रस्तुत कवितामा कन्याङकुररुङ चरी र बादलका फाल्साहरूलाई मानवीकृत गरिएको छ । 'दाइमाडा', 'पातकी' जस्ता मौलिक शब्दले सुसज्जित प्रस्तुत 'हातपात भएको माटोमा टुसाएका बीऊ' कविता चेलीका दुःखद बेदनालाई प्रस्तुत गर्ने उत्कृष्ट कविता हो भन्दा अत्युक्ति नहोला ।

## ४.२.९ तपस्वीको गीत

'तपस्वीका गीतहरू' कवितासङ्ग्रहकै शीर्ष कविता 'तपस्वीको गीत' रहेको पाइन्छ । यस कविताको शीर्षकमा 'हरू' प्रत्यय थपेर 'तपस्वीका गीतहरू' भनेर सङ्ग्रहको नामकरण गरिएको देखिन्छ । वर्गीय रुपमा विभक्त समाजमा साहित्य पनि वर्गीय हुन्छन् र आफू जति श्रम गर्दा पनि दुई छाकको गर्जो टार्न गाह्रो पर्ने, अन्याय, अत्याचारमा पिल्सिएकाहरूको दमन र शोषणमा थिलथिलिएकाहरूको र क्रान्तिमा होमिएकाहरूको गीत/कविता गाउने भन्दै अघाएका अर्थात् साहित्यलाई सीमित मनोरञ्जन र स्तुतिमा प्रयोग गर्नेहरूको गीत/कविता गाउन नसक्ने भनेर जनवर्गीय साहित्यको पक्षपोषण गर्नु नै यस कविताको विषयवस्तु हो । यहाँ जनपक्षीय साहित्यले जहिले पनि भोकानाङ्गालाई सम्बोधन गर्नुपर्ने र अघाएकाहरूको पक्षपोषण गर्न नमिल्ने विचार कविले व्यक्त गरेका छन् ।

आफ्नो गीत/कविता लेखनीलाई अरुले नारा र विद्रोहको स्वर मात्र हो भनेर टिप्पणी गरे पनि आफूले पैसा कमाउने उद्देश्य र सीमित स्वार्थमा नअल्झिई जीवनको नयाँ रीत गाएको र भोकाएकाहरूको गीत गाएको कविको जिकीर छ । सुखीको बस्तीमा विकासका नाराहरू घन्किरहँदा दुःखीको बस्तीमा भोकको ज्वाला दन्किरहेको, एक गाँस खान पाउने आशामा बालबालिका पर्खिरहेको, बिरामी भएर थलिँदा उपचार पाउन नसकेर गरिब बस्तीमा मृत्यु मडारिरहँदा दरबारियाहरूले मादल बजाए भन्दैमा आफू

नाच्न नसक्ने, उनीहरूको गीत/कविता लेख्न गाँउन नसक्ने बरु अन्यायमा पिल्सिएका, क्रान्तिमा होमिएका, बलात्कृत चेली अनि भोको बस्तीको गीत गाउँने कविको मनसाय छ । आफूले झुटा गीतहरू गाएमा ठाडो सगरमाथा अगाडि शिर निहुराएर बाँच्नु पर्ने भएकाले आफ्नो कलमको अपमान नगर्ने बरु जतिसुकै दमन भए पनि दुश्मनको बन्दुकका नालतिर मुटुको भेट्नो तेर्साएर गरिब, दुःखीकै व्यथा गाउने, भोकाएकाहरूकै गीत गाउने भन्दै आफ्नो साहित्य लेखनीको स्पष्टीकरण प्रस्तुत गर्नु यस कविताको भाव हो । त्यस्तै कवि साहित्यकारहरूले निम्न वर्गीय जनताकै पक्षमा लेख्नु पर्छ जनताभन्दा टाढा भएर कवि साहित्यकारहरूले लेख्न नमिल्ने तथ्य यस कविताको सन्देश हो ।

आत्मपरक कथनपद्धतिमा संरचित यस कवितामा प्रथम पुरुषीय सर्वनामको प्रयोग भएको छ । सङ्ग्रहकै शीर्ष कविता 'तपस्वीको गीत' भाषाशैलीगत कोणबाट पनि शीर्षस्थानमै रहेको पाइन्छ । पाँच हरफमा विस्तारित यस कवितामा जम्मा पचहत्तरवटा पङ्क्तिहरू रहेका छन् । प्रगतिशील साहित्य र अन्य साहित्यको तुलना अनि हुनेखाने र हुँदाखाने वर्गबीचको तुलना तथा दृष्टान्त प्रस्तुत गर्ने सन्दर्भमा यस कवितामा ठाउँठाउँमा दृष्टान्त अलङ्कारको सटीक प्रयोग भएको देखिन्छ । बिम्ब, प्रतीकहरू पनि कवितामा प्रशस्तै छन् । जस्तै कवि लेख्छन्:

> यस्तो विभत्स समयमा सहिदको चिहान नजिकै उभिएर
> म कसरी झुटा गीतहरू गाउन सक्छु
> ठाडो सगरमाथा अगाडि उभिएर
> म कसरी 'तुहिएर जन्मिएको कातर' झैं
> शिर निहुराएर बाँच्न सक्छु ?

गद्यलयमा संरचित भए तापनि प्रस्तुत कवितामा धेरै जसो ठाउँमा अनुप्रास मिलेको देखिन्छ । आहुतिका औसत कविताभन्दा यो कविता केही कलात्मक नै रहेको

पाइन्छ । समग्रमा आफ्नो साहित्य लेखनीको प्रमाण र स्पष्टीकरण दिन सफल यो कविता पठनीय र उत्कृष्ट रहेको छ र जनपक्षीय साहित्यको सही अर्थ व्यक्त गर्न सफल छ ।

### ४.२.१० बागमतीको किनारै किनार

काठमाडौं उपत्यका हुँदै बहने बागमती नदीलाई दुखियाहरूको आँशुको प्रतीक मान्दै रचित प्रस्तुत कवितामा नेपाली समाजमा विद्यमान व्यापक गरिबी, चेलिबेटी बेचबिखन  र शासक वर्गहरूको दमन, शोषणलाई एकालापीय शैलीमा प्रस्तुत गर्दै तिनका बिरुद्धमा बागमतीले बहाउने आँशुलाई ऊर्जाको रुपमा लिँदै आफू अघि बढ्ने कुरालाई विषयवस्तु बनाइएको छ । समाजका विविध खाले दुःख र हन्डरहरूलाई प्रत्यक्ष अवलोकन गरेर पाठ सिकेका कविले यस कवितामार्फत त्यस्ता खाले समस्या समाधानका लागि क्रान्तिकारीहरू लड्नुपर्ने सन्देश यस कविताबाट दिएका छन् । जस्तै कविताको एक हरफमा कवि भन्छन् :

> कति छन् आँशु तिमीसँग बागमती ? मलाई देऊ
> म आफ्नो झोलामा थाप्छु
> थैलीको दूमो जस्तै जोगाएर राख्छु
> म तिम्रो आँशु देशमाराले झैँ तिउनमा भुटुन हालेर खान्न
> बटुकामा राखेर विदेशका गल्लीहरूमा बेच्न जान्न

यहाँ कवि बागमती नदीलाई मानवीकरण गर्दै उनमा भएको आँशु आफूलाई क्रान्तिको ऊर्जाका लागि दिन आग्रह गर्छन् । कवि त्यो आँशुलाई दूमो झैँ जोगाएर क्रान्तिकर्ममा प्रयोग गर्ने चाहना राख्दछन् । यसरी प्रकृति (नदी र हिमाल) लाई मानवीकरण गर्दै रचित यो कविताले गरिबी, अत्याचार र दमनको अन्त्य गर्न

क्रान्तिकारीहरू रत्तिभर नडग्मगाई लागिपर्नु पर्ने यथार्थलाई इङ्गित गरेको छ भने बागमतीले बहाउने पानीरुपी आँशुलाई क्रान्तिको ऊर्जाका रुपमा लिनु पर्ने विचार व्यक्त गरेको छ ।

बिम्ब र प्रतीकहरूको प्रयोग पाइने 'बागमतीको किनारै किनार' प्रतीकात्मक कविता हो । प्रकृतिलाई मानवीकरण गरिएको यस कवितामा बागमती र सगरमाथालाई मानिसको दुःखमा दुःखी हुने र आँशु बहाउने मानव पात्र झैं चित्रण गरिएको पाइन्छ । नेपाली समाजमा देखिएका गरिबी, चेलिबेटी बेचबिखन, रोग भोकबाट बागमती र सगरमाथासमेत दुखित भएको र बागमतीले त यी सब मानवीय दुःख सहन नसकेर आँशु बगाउने गरेको ठहर कविको छ । कवि बागमतीको आँशुलाई खेर जान नदिने, दूमो झैं जोगाएर राख्ने र यसलाई समाज परिवर्तनका लागि गरिने क्रान्तिको ऊर्जाको रुपमा प्रयोग गर्ने इच्छा व्यक्त गर्दछन् । समग्रमा समाजमा रोग, भोक, गरिबी, अन्याय, अत्याचार, चेलिबेटी बेचबिखन जस्ता समस्याहरू ज्युँका त्युँ रहेको र यसका बिरुद्ध सबैले बागमतीमा बहने पानीलाई सम्पूर्ण दुखिया नेपालीको आँशु सम्झिएर लड्नुपर्ने भाव यस कवितामा व्यक्त भएको छ ।

आहुतिका अन्य कविताभन्दा केही प्रतीकात्मक र प्रकृतिपरक प्रस्तुत 'बागमतकिो किनारै किनारै' 'तपस्वीका गीतहरू' कवितासङ्ग्रहमा सङ्गृहित उत्कृष्ट कविता हो । जम्मा पाँच हरफमा संरचित यस कवितामा अठहत्तरवटा पङ्क्तिपुञ्जहरू विद्यमान छन् । 'सगरमाथा', 'बागमती' जस्ता प्राकृतिक वस्तुलाई मानवीकरण गरेर लेखिएको यो कविताका भाषा/शैली नरम र मिठासपूर्ण छ । आत्मपरक कथनपद्धतिमा विभिन्न पात्रहरूलाई सम्बोधन गर्दै सरल र सहज भाषाशैलीमा सललल बगेको यो कविता काव्यिक गुण र कलात्मकताले सुसज्जित रहेको छ । निम्न वर्गीय सामाजिक जीवनबाट माझीको छोरो, बेचिएकी चेलीको बच्चा, टी.बी.ले ग्रस्त बा, मेलापात गर्ने आमालगायतका प्रतिनिधि पात्रहरूको उपस्थितिले कविता नेपाली समाजको सजीव चित्रण गर्न सफल छ ।

## ४.२.११ भड्खारोमा अल्झिएका हत्केलाहरू ‘क’

गरिबीको पीडाले ग्रस्त नेपाली मजदुरहरूको व्यथा नै ‘भड्खारोमा अल्झिएका हत्केलाहरू ‘क’’ कविताको मूल विषय हो । मजदुरहरूको प्रतिनिधि पात्र ढुसे घर्तीको दयनीय जीवनको वर्णन र जति श्रम गर्दा पनि भोकै रहनुपर्ने असमानपूर्ण आर्थिक वितरणले ऊ र ऊजस्ता मजदुरहरूमा पार्ने प्रभावलाई यस कविताले समेटेको छ भने अप्रत्यक्ष रुपमा मजदुरहरू आफ्नो वृत्ति विकासका लागि लड्नु पर्ने विचार आएको छ ।

मिहिनेतकश मजदुर ढुसे घर्तीहरू हत्केला पटपटी फुटाएर साहुका महलहरू बनाउँछन्, आफू भने भोको पेट र अर्धनाङ्गो शरीरलाई घिसार्दै झुपडीको गन्हाउने थाङ्नोमा सुत्न विवश छन् । स्वास्नीका साना-साना रहरहरू पूरा गर्न नसक्दा, एक छाक चामलको भात खुवाउन नसकेर फर्सीको मुन्टामा झोल हालेर ढिँडो किक्लिक पार्दै निल्न पनि धौ-धौ परिरहेको छ । केटाकेटी रोग र भोकले टाक्सिएका छन् । पढ्न नपाएर खोपी खेल्दै दिन बिताउँछन् । हलक्क बढेकी छोरीको बिहे गर्न नसक्दा निराश हुनुपरेको छ । बेदनाले छट्पटिएर ढुसे घर्तीहरू रक्सीले मातेर बाँच्नु परेको छ अनि भड्खारोमा फोहोरी पानी झैँ रहनु परेको छ भन्दै श्रम गरेर पनि गरिबीबाट उक्सन नसकेका बहुसङ्ख्यक मजदुरहरूको दयनीय अवस्थालाई चित्रण गर्नु नै यस कविताको भाव हो । तृतीय पुरुष कथनपद्धतिमा रचित यस कविताले मजदुरहरूको दयनीय अवस्थाको चित्रणद्वारा परिवर्तनका लागि लड्नु पर्ने उद्देश्य बोकेको छ ।

गद्यलयमा संरचित ‘भड्खारोमा अल्झिएका हत्केलाहरू ‘क’’ कविता करुण रस प्रधान रहेको छ । जम्मा पाँच हरफमा संरचित यस कवितामा छोटोमा आठदेखि लामोमा बाईस पङ्क्तिसम्मका हरफ छन् । गद्यलयमै संरचित भए पनि विभिन्न अनुप्रासको आयोजना रहेको यस कवितामा सामाजिक र प्राकृतिक जीवनका विभिन्न

बिम्ब र प्रतीकहरू पाइन्छन् । सरल सहज भाषशैली रहेको यो कवितामा दुर्बोध्यता रत्तिभर पाइदैंन । जस्तैः

> साहुका महलहरू बनाउन हत्केलाहरू पटपटी फुटाएर
> ढुङ्गाका कप्टेराहरूले नाडीमा चोट लाग्दा
> औषधीको त कुरै नगरौं
> थुक दलेर माड्न पनि फुर्सद नलिई
> पाखाहरूको छाती चिरेर ढुङ्गा खनेर
> त्यो बीस वर्षको ढुसे घर्ती
> चुरिँदो गन्हाउने थाङ्नोमा गुडुल्किएर सुत्दा
> दिनभरिको थकाइले रातभरि बर्बराउने गर्थ्यो

समग्रमा यहाँ ढुसे घर्तीको दारुण अवस्थाको चित्रणबाट उसको निरिहता, गरिबीको प्रदर्शन भएको छ । ढुसे घर्तीलाई प्रतिनिधि पात्र बनाउँदै गरिब मजदुरहरूको कष्टपूर्ण जीवनयात्रालाई व्यक्त गर्न कविता सफल छ । विषमतापूर्ण सामाजिक संरचना र पुँजीवादी अर्थ व्यवस्थाले मजदुरहरूको जीवन कष्टकर बन्न गएको विचार कविताले प्रकट गरेको देखिन्छ ।

### ४.२.१२ भड्खारोमा अल्झिएका हत्केलाहरू 'ख'

प्रगतिवादी साहित्यिक मान्यतालाई पूर्णतः अनुशरण गरी काव्यिक साधना गर्ने कवि आहुतिको 'भड्खारोमा अल्झिएका हत्केलाहरू 'ख'' कविता 'भड्खारोमा अल्झिएका हत्केलाहरू 'क'' कविताकै दोस्रो तथा अन्तिम भाग हो । पहिलो भागमा ढुसे घर्तीलाई भड्खारोमा जमेर बसेको, लेउ र भ्याउ पालेर बसेको फोहोर पानीका रुपमा प्रस्तुत

गरिएको छ भने यो दोस्रो भागमा साउने भेलले ती भड्खारोमा जमेका फोहोरहरू सफा गर्ने र आफ्नो बहावसँगै लैजाने भन्दै ढुसे घर्तीहरूका जीवनमा पनि परिवर्तन आउनेछ भनेर क्रान्तिकारी दर्शन र विचारको अभिव्यक्ति गर्नु नै यस कविताको विषयवस्तु हो । परिवर्तन शाश्वत् कुरा हो । ढिलो चाँडो चेतना र क्रान्तिको प्रसारले गरिबको पनि दिन आउने विचार यस कविताले व्यक्त गरेको छ ।

नियतिले ठगेको, पुँजीपतिहरूले शोषण गरेका ढुसे घर्तीजस्ता मजदुरहरू कष्टमय जीवन व्यतित गर्दछन् । जति श्रम गरे पनि भोकै रहनुपर्ने र परिवारका साना-साना समस्याहरू पनि समाधान गर्न नसक्ने उनीहरू भड्खारोमा जमेको गन्हाउने फोहोर पानी भएर बाँच्नु परेको छ तर समय परिवर्तनशील छ । एक दिन ढुसे घर्तीहरूको दिन आउने छ । वसन्तको आगमन हुनेछ अनि वर्षा ल्याउने साउनको पनि । साउने बाढीले भड्खारोमा अल्झिएका सारा फोहोर पानीहरू बगाउँदै आफूसँगै मूलधारमा लिएर लामो यात्रामा निस्कनेछ भन्दै ‘वसन्त’ र ‘साउने बाढी’लाई क्रान्तिकारी परिवर्तनको प्रतीक बनाएर गरिब मजदुरहरूको जीवनमा आउने सम्भावित परिवर्तनको अभिलाषा यहाँ व्यक्त भएको छ । परिवर्तन कसैले रोकेर नरोकिने कुरा हो । यो त अवश्यमभावी छ । मजदुरहरूको जीवनमा मात्र होइन क्रान्तिको साउने बाढीले सबैको जीवनमा परिवर्तन आउने सन्देश यस कवितामा निहित रहेको पाइन्छ । कविताको एक हरफमा कवि लेख्छन् :

तर खिन्न नभइदेऊ नदी
ती भड्खारोमा जाकिएका पानीहरू नबग्ने हैनन्
बग्न नजान्ने हैनन्
जब साउनमा तिमी
माइतीबाट बाढी कोसेली बोकेर रमाउँदै झर्नेछ्यौ

यस हरफमा प्रतीकात्मक अर्थद्वारा क्रान्तिबाट हुने परिवर्तनलाई इङ्गित गर्न खोजिएको छ । यसरी प्रतीकात्मक रुपमा क्रान्तिकारी परिवर्तनद्वारा शोषित, पीडित मजदुरहरूको जीवनमा परिवर्तनको नयाँ बिहानी आउने कुरालाई व्यक्त गर्नु नै यस कविताको भाव हो ।

'तपस्वीका गीतहरू' कवितासङ्ग्रहमा रहेको औसत कविताभन्दा छोटो आयाम लिएको यो कवितामा बिन्दुमा सिन्धु अटेको पाइन्छ । प्राकृतिक जगत्का साउने बाढी, वसन्तजस्ता विभिन्न बिम्ब प्रतीकको सहायताले कविले भन्न खोजेको कुरो प्रस्ट भएको छ । जम्मा तीन हरफमा संरचित यो कविता 'भङ्खारोमा अल्भिmएका हत्केलाहरू 'क'' कै दोस्रो तथा अन्तिम भाग हो । मजदुरहरूको प्रतिनिधि पात्र ढुसे घर्तीको चित्रण गर्ने सन्दर्भमा तृतीय पुरुष कथनपद्धति अँगालिएको यस कवितामा जम्मा सताईस पङ्क्तिपुञ्जरहेका छन् भने विभिन्न बिम्ब, प्रतीक र काव्यिक गुणले कविता सजिएको छ र परिवर्तनको अभिलाषालाई व्यक्त गर्न सफल रहेको छ । गद्यलयमा संरचित यस कवितामा लामा छोटा दुवै वाक्यांश तथा वाक्यहरू प्रयोग भएका छन् ।

## ४.२.१३ अपराधी नम्बर १५०९

पेरुका कम्युनिस्ट नेता गोञ्जालोको गिरफ्तारीबाट आक्रोसित भएर कविले यस कविताको सिर्जना गरेका हुन् । प्रभावपरक, स्तुतिपरक शैली रहेको यस कवितामा कविले पेरुका महान् कम्युनिस्ट नेता गोञ्जालोलाई नायकका रुपमा प्रस्तुत गर्दै उनीबाट भए गरेका कान्तिकारी कदमहरूको मुक्तकण्ठले प्रशंसा गरेका छन् । क्रान्तिकारीहरू कुनै एक राष्ट्रका मात्र नभएर सम्पूर्ण राष्ट्रका प्रेरणा  र ऊर्जाका स्रोत रहेको तथ्यलाई उजागर गरी गोञ्जालोको नायकीपनको चित्रण गर्नु नै यस कविताको विषयवस्तु हो ।

त्यस्तै, मुक्तियोद्धाहरूको गिरफ्तारीले सबैलाई आक्रोसित बनाएर वर्ग दुश्मनसँग लड्न थप ऊर्जा दिने विचार कवितामा सम्प्रेषित छ ।

विश्व कम्युनिस्ट आन्दोलनका महान् नेता माओको मृत्युपश्चात् क्रान्तिकारीहरूको रातो आकाशलाई कालो दोलाइले ढाकेको, कथित क्रान्तिकारी भनाउँदाहरूले सङ्घर्ष बिना नै साम्यावाद ल्याउने झुठो नारा दिएको बेलामा तिनको भण्डाफोर गर्दै अघि बढेर आन्दोलनलाई नयाँ गति दिने गोञ्जालोले लुटाहा वासिङ्टनलाई गोमन सर्प बनेर डस्न खोजेको तर दुश्मनहरूको चक्रव्युहमा परेर गोञ्जालो गिरफ्तार हुनु परेको यथार्थलाई कविले यहाँ प्रकट गरेका छन् । दुश्मनहरूको नजरमा गोञ्जालो अपराधी हुन् । उनका लागि दुश्मनहरूले 'अपराधी नम्बर १५०९' को तख्ता लगाइदिएका छन् । दुनियाँभरका सर्वहारा र मुक्तिकामी जनताका लागि लड्ने महान् योद्धा अपराधी हुन सक्दैन ऊ त एन्देज पर्वतको मजबुत छाती, सिमलको झर्झराउँदो रातो फूल हो भन्ने कविको जिकिर छ । गोञ्जालोको गिरफ्तारीले संसारभरका कम्युनिस्टहरू उत्तेजित हुँदै नयाँ-नयाँ योजना बुनेर वर्गसङ्घर्षमा होमिने र एउटा योद्धाको बदलामा हजारौँ योद्धाहरू तयार हुने विचार यहाँ प्रकट भएको छ । गोञ्जालोको राष्ट्रियता फरक भएको भए पनि उनीबाट प्रेरणा र ऊर्जा लिएर नेपाललगायत संसारभरका कम्युनिस्टहरू सङ्घर्ष गर्दै अघि बढ्ने र एक दिन साम्यवाद स्थापना गरेरै छोड्ने दृढ प्रतिज्ञा व्यक्त गर्नु नै यस कविताको मूलभाव हो । क्रान्तिकारीको कुनै देशीय सीमा नहुने ऊ त सबैको आदर्श रहने सन्देशको सम्प्रेषण पनि कविले यस कवितामा गरेका छन् ।

'तपस्वीका गीतहरू' कवितासङ्ग्रहको अन्तिम कविता 'अपराधी नम्बर १५०९' बिम्ब, प्रतीक र अलङ्कारको प्रचुरताले सुसज्जित उत्कृष्ट कविता हो । पेरुका कम्युनिस्ट नेता गोञ्जालोको वर्णन गर्ने क्रममा उनलाई प्रत्यक्ष सम्बोधन गर्दै 'तिमी' सर्वनामको प्रयोग गरिएको यस कवितामा द्वितीय पुरुष कथनपद्धतिको प्रयोग हुन पुगेको छ । नेता गोञ्जालोको व्यक्तित्वलाई प्रकाश पार्ने क्रममा कविले प्राकृतिक जगत्बाट विभिन्न बिम्ब, प्रतीकहरू लिएका छन् । जस्तै :

शान्त तलाउभन्दा गम्भीर चेहरा
सूर्यका तन्नेरी किरणहरू जस्तै सचेत आँखाहरू
प्यारो स्पार्टाकसको वंश/उत्तराधिकारी
एन्देज पर्वतको मजबुत छाती
ए ! सिमलको झर्झराउँदो रातो फूल
तिमीलाई मेरो वर्ग सलाम
सगरमाथाको फेदीबाट रातो सलाम !

स्तुतिपरक शैलीमा लेखिएको यस कवितामा अलङ्कारको प्रचुर प्रयोग भएको पाइन्छ । पाँच हरफमा संरचित यो कविता गद्यलयमा लेखिएको छ । जम्मा एकहत्तरवटा पङ्क्तिहरू रहेको यो कविता ठाउँठाउँमा नाराझैँ लागे पनि समग्रमा बिम्ब, प्रतीक र अलङ्कारको प्रयोगले कलात्मक र पठनीय देखिन्छ र पेरुका कम्युनिस्ट नेता गोञ्जालोलाई नायकका रुपमा स्थापित गर्न सफल छ ।

## ४.३ आहुतिका प्रतिनिधि फुटकर कविताहरूको अध्ययन

वि.सं. २०४४ मा 'दियो' पत्रिकामा 'साँच्चै गर्छौं र तिमी ?' कविता लेखेर सुरु भएको आहुतिको काव्यिक यात्रा फुटकर कविताबाटै सुरु भएको हो । 'तपस्वीका गीतहरू' कवितासङ्ग्रहको प्रकाशनपूर्व वि.सं. २०४८ सम्म यिनले 'साँच्चै गर्छौं र तिमी ?', 'पानीघट्टको सन्देश', 'मेरो मुटु दुख्छ', 'चिहानमाथि आरुको फूल कहिले फुल्छ ?' र 'सियो' गरी जम्मा पाँचवटा फुटकर कविताहरू लेखेर प्रकाशित गराएको बुझिन्छ । विभिन्न पत्रपत्रिकामा छरिएर रहेका ती कविताहरू हाल उपलब्ध हुन सकेका छैनन् । आहुतिको काव्यिक यात्राको दोस्रो चरण (वि.सं. २०५०) यता भने यिनले करिब पच्चीसवटा फुटकर कविताहरू रचना गरेको पाइन्छ । जातीय दमन र उत्पीडनको विरुद्धमा शङ्खघोष गर्दै लेखिएको 'गहुँगोरो अफ्रिका' (मूल्याङ्कन, ११:१४, २०५०) नै

यिनको दोस्रो चरणको प्रथम फुटकर कविता रहेको बुझिन्छ । यहाँ आहुतिको काव्यिक यात्राको दोस्रो चरणमा लेखिएका करिब पच्चीसवटा फुटकर कविताहरू मध्येका छवटा अझ उत्कृष्ट कविताहरूलाई प्रतिनिधि फुटकर कविताका रुपमा विश्लेषण गरिएको छ । आफ्नो कवितायात्राको दोस्रो चरण (वि.सं. २०५०) यता आहुतिका कवितामा देखिएका विषयगत विविधता र उनमा देखिएको खारिएको काव्यिक व्यक्तित्वलाई यी कविताहरूले व्यक्त गरेका छन् । आहुतिको समुच्च फुटकर कविताहरूको प्रतिनिधित्व गर्ने यी विश्लेष्य कविताहरूमा विषयगत विविधता पाइन्छन् । यहाँ विश्लेष्य फुटकर कविताहरूलाई तिनले वहन गरेको कवितातत्त्वका आधारमा विश्लेषण गर्ने जमर्को गरिएको छ ।

## ४.३.१ गहु“गोरो अफ्रिका

दलितमाथिको जातीय दमन र उत्पीडनका विरुद्धमा आवाज बुलन्द गर्नु नै यस कविताको विषयवस्तु हो । धर्मको आडमा सदिँयौदेखि हिन्दु समाजमा ‘अछुत’ भएर बाँच्नु परेका दलितहरूको यथार्थतालाई झल्काएर अभिजात वर्गप्रति तीव्र रोष यस कवितामा प्रकट गरिएको छ । जस्तो उनी भन्छन्:

तिम्रो मनका मनोरञ्जित ग्रन्थीहरूलाई च्यात
त्यहाँ मेरो सङ्गीतको मधुर सरसराहट सुनिन्छ
आँखा जुधाउने आँट गर चेतनायुक्त मान्छे
कि मलाई जनावरसित बाँध र घाँस खुवाउने आँट गर
कि तिमी आफूलाई जनावरभन्दा फरक पार्ने साहस गर
म सारङ्गी रेट्ने, मादल ठोक्ने, गाइने हुँ (बादी हुँ)
यो गोल भूगोलको एउटा गहुँगोरो आफ्रिका हुँ ।

कथित् ठूलाहरूले आफ्नो मनोरञ्जित ग्रन्थीलाई च्याप्नुपर्ने, दलितसँग आँखा जुधाउन सक्नुपर्ने या पशुसँगै बाँधेर घाँस खुवाउनु पर्ने भन्दै अभिजात वर्ग भनाउँदाहरूले दलितहरूलाई पशुवत् व्यवहार गरेर चरम शोषण गरेको सामाजिक यथार्थको चित्रण नै यस कविताको विषयवस्तु बनेर आएको छ । यहाँ छुवाछुत प्रथा विरुद्ध क्रान्तिकारी विचार सम्प्रेषण गरिएको छ ।

'म' पात्रले पुजारीलाई सम्बोधन गरेर लेखिएको 'गहुँगोरो अफ्रिका' कवितामा दलितहरूको श्रम, सीप र पसिना चल्ने तर आफ्नो पसिनाको प्रतिफल खोज्दा अपमान सहनुपर्ने, अछुतले बनाएका मूर्ति लगायतका सामग्रीहरू पवित्र हुने तर ऊ आफैँ अपवित्र हुने हिन्दु संस्कारप्रति कटाक्ष प्रस्तुत गरिएको पाइन्छ । मानिसका सारा आवश्यकताका काम दलितले गर्नुपरेको, सेवा दिनुपरेको तर ऊ आफैँ अछुत भएर रछ्यानमा मिल्काइएको तिक्तता व्यक्त गर्दै कवि अभिजात वर्गका प्रतिनिधि पुजारीलाई आफूसँग आँखा जुधाउन, दिमागको फोहोर सफा गर्न आग्रह गर्दछन् । आफूलाई चेतनायुक्त मान्छे भन्न रुचाउनेसँग कवि भन्छन्- "कि मलाई जनावरसित बाँध र घाँस खुवाउने आँट गर कि तिमी आफूलाई जनावरभन्दा फरक पार्ने साहर गर ।" कथित ठूला जातका भनाउँदाहरूले लगाउने पैत्तालाका जुत्तादेखि शिरका टोपीसम्म दलितले नै बनाउने हरेक श्रम र सेवाका काम दलितले नै गर्नुपर्ने तर बदलामा 'अछुत' को विशेषण पाउनुपर्दा धर्मका आडमा आफूमाथि अपमान गर्ने धर्मातीलाई कवि चुनौती दिँदै इतिहासको कठघरामा उभिन, आफूलाई बदल्न हुङ्कार दिन्छन् । समाजको रछ्यानमा दमन सहेर बस्न नसक्ने, अपमानित इतिहासको हिसाब लिने र कुनै पनि मुक्ति प्राप्त गरेरै छाड्ने दृढ प्रतिज्ञा यहाँ प्रस्तुत भएको छ ।

समग्रमा जातीय दमन र उत्पीडनका विरुद्ध सिहंनाद गर्दै अभिजात वर्गलाई चुनौती दिएर दलितमुक्तिको आवाज बुलन्द गर्नु नै यस कविताको मूलभाव हो । अर्कातिर दलितहरू आफैँ सचेत भएर छुवाछुत र भेदभावविरुद्ध आन्दोलित हुनुपर्ने सन्देश कविताले दिएको छ ।

अत्यन्त खरो भाषाशैलीमा संरचित 'गहुँगोरो अफ्रिका' कविताको शीर्षक आफैँमा प्रतीकात्मक छ । 'दलित'लाई 'अफ्रिका'सँग तुलना गरी समतुल्य बनाइएको यो कवितामा प्रशस्त मात्रामा बिम्ब, प्रतीक र अलङ्कारको सहज प्रयोग भएको देखिन्छ । मूल्याङ्कन पत्रिका (११:१४, २०५०)मा प्रकाशित यस कवितामा जम्मा छ हरफहरू रहेका छन् । लामोमा एघारदेखि छोटोमा सात पङ्क्तिसम्मको हरफ रहेको प्रस्तुत कवितामा पचासवटा पङ्क्तिपुञ्जहरू विद्यमान छन् । क्लिष्टता रत्तिभर नरहेको यो कविता सरल, सहज र सरस छ ।  म पात्रले पुजारीलाई सम्बोधन गरेर लेखिएको यस कवितामा द्वितीय पुरुष कथनपद्धति प्रयोग भएको छ ।

समग्रमा प्रगतीवादी कवि आहुतिका उत्कृष्ट कविताहरूमा पनि श्रेष्ठ मानिएको यो कविता संक्षेपमा भन्नुपर्दा कवितातत्त्वका आधारमा अब्बल ठहरिन्छ ।

### ४.३.२ लक्ष्मिनिया तिम्रो लोटा खै ?

वि.सं. २०४८ मा नवकविता पत्रिकाको पूर्णाङ्क २२ मा प्रकाशित 'लक्ष्मिनिया तिम्रो लोटा खै ?' कविता मधेशका नारीको दुःखद् जीवनको चित्रण गरिएको उत्कृष्ट कविता हो । कवि, साहित्यकारहरूका कविताका विषय बन्ने अवसर खासै नपाएका नेपालकै मधेसका नारीको दयनीय अवस्थालाई यस कविताले आफ्नो विषय बनाएको छ । मधेसका नारीहरूले पाइखाना जाँदा पुरुषहरूले जस्तो हातमा पानीको लोहोटा बोकेर जान नपाउने प्रथालाई मूल विषय बनाएर उनीहरूमाथि हुने सबै खाले दमन र उत्पीडनको चित्रण गर्नु नै यस कविताको खास विषयवस्तु हो ।

मधेसका नारीहरूले सारा इच्छा र रहरहरूलाई दबाएर आफ्नो घर र खानदानको इज्जत जोगाइदिनु पर्ने, उनको बा, दाजुभाइका नाक तिनीहरूका अनुहारमा नभएर लक्ष्मिनियाको आचरणमाथि अडिने भएकाले लक्ष्मिनियाहरूले आफू हुनुको अस्तित्वलाई बिर्सिएर पुरुष अहम्लाई साथ दिनु परेको छ । राम्रोसँग फक्रिन नपाई किशोरबयमा नै मधेसका छोरीचेलीहरू तिलक र दाइजोमा मोलतोल भई पराइघर सिँगार्न जानु पर्छ अनि

लोग्नेको घर र तिनको कूलको इज्जत धानिदिनुपर्छ । लक्ष्मिनियाहरूले पर्दाले अनुहार ढाकेर बस्नुपर्ने, भोजभतेरमा जान नहुने, बुज्रुकहरूका सामुने बोल्न नहुने र घरको इज्जत राख्न चारदिवार नाघेर कतै जान नहुने बाध्यता रहन्छ । मधेसी समाजमा नारीहरू कतिसम्म निम्छरो हुनु परेको छ भने पाइखाना जाँदा उनीहरूले लोहोटासमेत लिएर जान पाउँदैनन् । लोहोटा लिएर नारीहरू पाइखाना गए भने घर र कूलको मान मर्दन हुन्छ, इज्जत जान्छ । उनीहरू केवल पुरुष अहम्लाई स्वीकारेर निरीह भएर बाँच्नु परेको छ । जसको चर्चा गर्दै कवि लेख्छन्:

> लक्ष्मिनिया, ए मधेसकी इज्जत !
> तिम्रो लोटा खै ?
> जब तिमी झिसमिसेमै टाढा फाँटको एकान्तमा
> पाइखाना गएर फर्किन्छेउ
> तिम्रो हातमा लोटा देखिन्न
> दाँया हातमा बिँडी बाँया हातमा लोटा बोकेर
> पाइखाना गइरहेका पुरुषहरूलाई तिमी बाटैमा भेट्छेउ

मधेशका नारीहरूले पुरुषले जसरी पाइखाना जाँदा लोहोटा लिएर जान नपाउने कुसंस्कारको वर्णन यहाँ भएको छ । अर्कातिर उनीहरू भौतिक मालसामान झैँ हुनुपरेको यथार्थता झल्किएको छ । यसरी पुरुषप्रधान मधेशी समाजमा दोस्रो दर्जाको नागरिक भएर बाँच्न विवश मधेशी नारीहरू दाइजो र तिलकका भार अनि संस्कारका नाउँमा हेपिएर, दबिएर रहनुपरेको तिक्ततापूर्ण यथार्थ प्रदर्शन गर्नु नै यस कविताको भाव हो ।

'लक्ष्मिनिया तिम्रो लोहोटा खै ?' कविताको शीर्षक आफैँमा प्रश्नात्मक छ । यहाँ शीर्षकले सोझो अर्थ र लक्ष्यार्थ दुवै लिएको छ । अभिधार्थमा यसले मधेशी नारीले पाइखाना जाँदा लोटा लिएर जान नपाएको अर्थ बहन गर्छ भने लक्ष्यार्थमा मधेशी नारीको अस्तित्वलाई इङ्गित गर्दछ । सोझै लक्ष्मिनियालाई सम्बोधन गरेर लेखिएको यस

कवितामा द्वितीय पुरुष कथनपद्धति पाइन्छ भने अर्कातिर प्रशस्त मात्रामा अलङ्कार र बिम्ब प्रतीकहरू प्रयोग भएका छन् । मधेशी समाजको सजीव चित्रण गर्न सफल यो कविता जम्मा सात हरफ र उनन्सत्तरी पङ्क्तिपुञ्जमा फैलिएको छ । सरल, सहज भाषाशैली रहेको प्रस्तुत कविता गद्यलयमा संरचित छ र यसले मधेशका नारीको पीडामय यथार्थलाई सटीक ढङ्गले व्यक्त गरेको छ ।

### ४.३.३ नेपाल अमेरिका एक्सप्रेस

कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा माघ १३, २०५८मा प्रकाशित 'नेपाल अमेरिका एक्सप्रेस' कविता नेपाली कला-संस्कृति लोप हुँदै गइरहेको र पश्चिमा छाडा संस्कृति भित्रिँदै गएको वर्तमान परिप्रेक्षप्रति असन्तुष्टि प्रकट गर्दै लेखिएको कविता हो । नेपालका विभिन्न जाति जनजातिका मौलिक कला-संस्कृतिहरू नेपालीले नै बिर्सिदिनाले ती अब बिराना हुँदै लण्डन र वासिङ्टनका सङ्ग्रहालयमा सङ्गृहित हुन थालेका र विदेशी कला-संस्कृतिलाई अङ्गाल्दा विकृति र विसङ्गति भित्रिएर सांस्कृतिक रुपमा नेपालीहरू परजीवि हुनु परेको तथ्यको उद्घाटन गर्नु नै प्रस्तुत कविताको विषयवस्तु हो ।

आधुनिकताका नाममा नेपालीहरूले आफू र आफ्नोपनलाई बिर्सँदै गएको, विदेशीमोह र परसंस्कृतिलाई पछ्याउनाले नेपालीका आफ्ना कला, संस्कृति नै लोपोन्मुख अवस्थामा रहेको तथ्य यहाँ उद्घाटित भएको छ । नेपालीका आफ्ना मौलिक संस्कृतिहरू, मौलिक नाच र लोकसंस्कृति सबै 'नेपाल अमेरिका एक्सप्रेस'मा लोड गरेर नेपालीले नै पठाउन थालेको र बदलामा 'डिस्को', 'डान्सक्लब' र विदेशी गीत सङ्गीत नेपाल भित्र्याँदै गएको कविको बुझाइ छ । यसरी नै परसंस्कृतिमा रमाइ रहँदा नेपालका सारा मौलिक कला, संस्कृतिहरू विदेशका सङ्ग्रहालयमा थन्कने प्रस्ट छ । यसरी आफ्नोपनलाई बिर्सिएर विदेशी संस्कृतिलाई अन्धानुकरण गर्नाले हाम्रो आफ्नो अस्तित्व खतरामा परेको, परजीवि बन्नु परेको र आफ्नै मृत्युको इतिहास लेखिरहेको भाव यस कविताले व्यक्त

गरेको छ । सांस्कृतिक रुपमा ध्वस्त हुँदै गइरहेका नेपाली युवा मस्तिष्कमा व्यङ्ग्यवाण हान्न प्रस्तुत कविताले कुनै कसर बाँकी राखेको छैन ।

परसंस्कृति ग्रहणले गर्दा हामी स्वसंस्कृति बिहीन बन्दै गएको र आफ्नो अस्तित्व धरापमा पारेर आफ्नै मृत्युको इतिहास रचिरहेकाले त्यसतर्फ सचेत हुँदै मौलिक संस्कृतिको जगेर्ना गर्नुपर्ने सन्देश कवितामा छरपस्ट भएर आएको छ ।

चार हरफमा संरचित 'नेपाल अमेरिका एक्सप्रेस' कवितामा सुरुको हरफमा दश, दोस्रोमा एक्काईस, तेस्रोमा नौ र चौथो तथा अन्तिम हरफमा छ पङ्क्ति गरी जम्मा छ्यालीस पङ्क्तिपुञ्जहरू रहेका छन् । प्रतीकात्मक अर्थ बहन गरेको यस कविताले परसंस्कृति ग्रहणलाई आफ्नै मृत्युको इतिहास लेखिरहेको भनेको छ । कवि रोष प्रकट गर्दै भन्छन्:

बिना ऐया आत्था
बिना हिच्किचाहट
बिना प्रतिरोध
आत्मिक सत्वको मृत्युहरूमा जूठो पनि नबारी
हृदय भरिभरिको समस्त सुगन्ध समस्त परिचय
नेपाल अमेरिका एक्सप्रेसमा सगौरव 'लोड' गरेर
हामी श्रृजना गरिरहेछौँ एउटा परजीवी देश
हामी रचिरहेछौँ बिना पूर्वाग्रह राष्ट्रिय सहमतिमा आफ्नै मृत्युको इतिहास
हामी चलाइरहेछौँ लगातार राष्ट्रिय प्रतिरोध 'मुभमेन्ट' ?

'हामी' सर्वनामको प्रयोग रहेको यस कविता प्रथम पुरुषीय कथनपद्धतिमा संरचित छ । विभिन्न बिम्ब, प्रतीकको सहाराले परसंस्कृति ग्रहण प्रति तिखो व्यङ्ग्य गरिएको यस कवितामा 'एक्सप्रेस', 'लोड', 'माउन्ट एभरेष्ट', 'मम्मी', 'ड्याडी',

'डान्सक्लब', 'ब्रेकडान्स्', 'न्युज', 'भ्युज', 'इन्टरटेनमेन्ट', 'डकुमेन्ट', 'मुभमेन्ट' जस्ता अङ्ग्रेजी शब्दहरू र नेपालका जनजातिका विभिन्न भाषाका केही शब्दहरू पनि प्रयोग हुन पुगेका छन् । गद्यलयमा संरचित भए पनि अन्तरसाङ्गीतिकता र भावको गम्भीर पोखाइले कविता राष्ट्रिय संस्कृतिको जगेर्नाका लागि आवाज बुलन्द गर्न सफल रहेको छ ।

### ४.३.४ मरेको घोडामाथि बसेको बादशाहका विरुद्ध

गणतन्त्रवादी चेत बोकेको 'मरेको घोडामाथि बसेको बादशाहका विरुद्ध' शीर्षकको कविता जनएकता साप्ताहिक पत्रिकामा २०६० सालमा प्रकाशित भएको हो । नेपालका तत्कालीन राजा ज्ञानेन्द्र सक्रिय भएर केही हुक्के बैठकेहरूको सहयोगमा देशमाथि ढलिमली गरिरहेको अवस्थामा नै प्रस्तुत कविता रचिएको हो । तीब्र गणतन्त्रवादी चेत बोकेको यस कविताले राजा सक्रिय भएर फेरि कुरुप इतिहास दोहोऱ्याउन तम्सिएको, दरबारले दिल्ली र वासिङ्टनका अजेण्डाहरू बोकेर हिँडेको, निरंकुश भएर एक्काइसौँ शताब्दीलाई नै उपहास गरेको भन्दै राजतन्त्र अब धेरै नटिक्ने भनेर गणतन्त्रको विजारोपण गर्नुपर्ने विषयवस्तुलाई यस कविताले समेटेको छ । निरङ्कुशताको विरोध गर्दै कवि लेख्छन्:

जङ्गबहादुको मरेको घोडा चढेर
अघिपछि लगाएर वासिङ्टन र दिल्लीका 'अजेन्डाहरू'
अगलबगलमा राखेर अस्थिपञ्जरको भीड
यो एक्काइसौँ शताब्दीको सहर जित्न निस्केको छ
एउटा पागल बादशाह

राजा निरङ्कुश भएर पागलपन देखाउन थालेको, अस्थिपञ्जरको भीडलाई अगलबगलमा राखेर हत्या, हिंसा, बलात्कारको जगमा दरबार उभिएको र यस्तो बर्बरतालाई सबैले विरोध गरेर राजालाई चार भञ्ज्याङ कटाउनुपर्ने भन्दै गणतन्त्रको समर्थन र राजतन्त्रको विरोध गर्नु नै यस कविताको विषयवस्तु हो । यस कवितामा नयाँ युगको माग गणतन्त्र भएकाले सबैले त्यसका लागि लड्नु पर्ने विचार कविले व्यक्त गर्न खोजेका छन् ।

जङ्गबहादुर झैँ निरङ्कुश भएर विदेशीका अजेन्डाहरू बोकेर हत्या हिसांको श्रृङ्खला रच्दै एक्काईसौँ शताब्दीमा राजतन्त्रलाई मज्बुत पार्न खोज्ने राजा पागलसरह रहेको कविको भनाइ यस कवितामा रहेको पाइन्छ । यस्तो पागलपनमा रमाएर दिवास्वप्न देख्ने राजालाई सबैले खिसिटिउरी गरेर ललकारे हुन्थ्यो, चार भञ्ज्याङ कटाए हुन्थ्यो भन्दै उनी लेख्छन्- "नेपालको राजतन्त्र अन्याय, दमन र शोषणको जगमाथि उभिएको छ ।" कैँयन हत्या हिंसा, बलात्कार र गोत्रहत्याको कुरुप इतिहासमा निरङ्कुश राजतन्त्र ठडिएको छ । राजतन्त्रले विकृति विसङ्गतिलाई बढावा दिएको, दलित, जनजाति, किसान, मजदुर सुकुम्बासी माथि अन्याय गरेको, उसको इतिहास नै कुरुप रहेको भन्दै यस्तो निरङ्कुश राजतन्त्रलाई सदाका लागि विदा गरेर गणतन्त्र स्थापना गर्न सबै लागिपर्नु पर्ने अभिव्यक्ति नै यस कविताको भाव हो । निरङ्कुशता लाद्ने शासकको विरुद्ध पीडित जनता जागरुक हुनुपर्ने सन्देश पनि यस कवितामा अन्तर्निहित भएर आएको पाइन्छ ।

प्रगतीवादी धाराका सशक्त कवि आहुतिको निडरपनाको पुष्टि गर्ने यो कविता राजा ज्ञानेन्द्रले सक्रिय शासन गरिरहेको अवस्थामा प्रकाशन भएको कविता हो । तीब्र गणतन्त्रवादी चेत बोकेको यो कविता आहुतिका फुटकर कविताहरूको माझमा उत्कृष्ट रहेको देखिन्छ । जम्मा पाँच हरफमा संरचित यस कवितामा बाउन्नवटा पङ्क्तिहरू रहेका छन् । निरङ्कुश राजतन्त्रलाई 'जङ्गबहादुरको मरेको घोडा' र राजालाई 'पागल बादशाह' को उपमा दिइएको यो कविता आफैँमा बिम्बात्मक र प्रतीकात्मक छ ।

राजतन्त्रको असली चित्र उतार्न यस कविताले राजपरिवारबाट भए गरेको कालाकर्तुतहरू पनि उकल्ने प्रयास गरेको छ । सरल रहज भाषाशैलीमा संरचित यस कवितामा बिम्ब, प्रतीक र अलङ्कारहरूको सहज प्रयोग भएको पाइन्छ । कविता गद्यलयमा संरचित हुँदाहुँदै पनि ठाउँठाउँमा विभिन्न अनुप्राशको प्रयोग भएको छ । तृतीय पुरुष कथनपद्धतिमा लेखिएको कविता समग्रमा भन्नुपर्दा कलात्मक रहेको देखिन्छ ।

### ४.३.५ गणतन्त्रको क्षेत्रफल

२०६१ सालमा 'वेदना' पत्रिकामा प्रकाशित 'गणतन्त्रको क्षेत्रफल' हजारौँ वर्ष पुरानो सामाजिक अन्याय, अत्याचार र त्यसलाई टेवा पुऱ्याउने राजतन्त्र ढल्नै लागेको अभिव्यक्ति दिने कविता हो । शाहवंशका अन्तिम राजा ज्ञानेन्द्र शाहको राजनीतिक सक्रियतापछि गणतन्त्रवादी चेतका कविता लेख्न थालेका कवि आहुतिको यस कवितामा गणतन्त्रको आगमन र राजतन्त्रको अवसानपछि समाजमा रहेको कुरीति, दमन, शोषण सबै अन्त हुने अभिलाषा प्रकट भएको छ । धार्मिक अन्धता, सामाजिक अन्यायबाट पिल्सिएका महिला, दलित, जनजाति र अन्य पिछडा वर्गको मुक्ति सुन्दर गणतन्त्रको आगमन पछि हुने तथ्यलाई यस कविताले विषयवस्तुका रुपमा समेटेको छ । त्यस्तै गणतन्त्र प्राप्तिका लागि सबै लाग्नु पर्ने विचार खरो रुपमा कवितामा आएको छ ।

करिब पाँच हजार वर्ष यतादेखि समाज पुरुषप्रधान हुँदै आएको र महिलाको चरम शोषण भएको तथ्य उजागर गर्दै महिला दलित लगायतकालाई शोषण गर्न धर्मका ग्रन्थहरूले सहयोग पुऱ्याएको कविको बुझाइ छ । बेथिति र कुरीतिहरूलाई काँध थाप्ने राजतन्त्र नै हो भन्दै गणतन्त्रको आगमनपछि महिला दलित लगायतकाले प्रताडित हुनु नपर्ने, ठालुतन्त्र, हैकम, दासता, अन्धता समाजबाट हटेर जाने भाव यस कवितामा रहेको छ । राजन्त्रबाट प्रताडित भएकाहरू अब त्यसको विरुद्धमा रक्तपात गर्न पनि पछि नपर्ने र सम्पूर्ण थकानलाई लछार्दै नयाँ गीत गाएर अगाडि बढ्दै गरेको कविको बुझाइ छ । राजतन्त्रको अवसान कसैको रहर, निमन्त्रणा, बिन्तिपत्र,

पागल प्रलाप नभएर नयाँ युगको निमन्त्रणाको प्रताप रहेको भाव यस कविताले व्यक्त गरेको छ । कविताको एक हरफमा भनिएको छः

> यो नयाँ निमन्त्रणा
> बिन्तिपत्र होइन
> होइन पागल प्रलाप
> तर नयाँ युगको निमन्त्रणाको प्रतापले भत्किरहेछन् क्रमशः
> राजतन्त्र
> राजतन्त्र
> र राजतन्त्रका प्रत्येक अवशेषहरू !

यसरी नयाँ युगको निमन्त्रणाको प्रतापले संसारबाटै राजतन्त्र ढल्दै जाने र गणतन्त्रको क्षेत्रफल बिस्तार हुँदै जाने भाव यस कविताले समेटेको छ । अठारौँ शताब्दीको जस्तो निरङ्कुश राजतन्त्र कसैले नस्वीकार्ने हुनाले यसका पक्षपोषकहरूलाई सचेत रहन कवि हुङ्कार गर्दछन् । कवितामा राजतन्त्रप्रतिको घृणा व्यक्त भएको छ ।

कवि आहुतिका अन्य कविताहरू भन्दा यस कविताको भाषाशैली केही क्लिष्ट छ र बिम्बात्मक अभिव्यक्ति बहन गरेको यस कवितामा 'महिला मुक्ति'को सन्देश दिन पाँचहजार वर्ष पुरानो पेटिकोट पुरुषले (म पात्रले) धोएको, 'दलित मुक्ति र छुवाछुतको अन्त्य' बुझाउन करिब पैँतीस सय वर्ष पुरानो पूजाकोठामा सार्वजनिक छलफल भएको जस्ता कुराहरू लेखिएका छन् । जम्मा छ हरफमा संरचित यस कवितामा नौ-नौ पङ्क्ति र अन्तिममा चाहिँ आठ पङ्क्ति गरी त्रिपन्न पङ्क्तिपुञ्जहरू रहेका छन् । कविताको समुच्चा अध्ययनपछि मात्र भावार्थ बुझ्न सकिने 'गणतन्त्रको क्षेत्रफल' कविता समग्रमा राजतन्त्रप्रति वितृष्णा प्रकट गर्दै गणतन्त्रका स्वागत गर्न आतुर रहेको देखिन्छ । राजतन्त्रको बद्ख्वाइँ गर्ने क्रममा तृतीय पुरुष कथनपद्धति प्रयुक्त छ भने कविता गद्यलयमा संरचित छ ।

### ४.३.६ माल्दाइ मैले घाँस सकिनँ

'माल्दाइ मैले घाँस खान सकिनँ' कविता मूल्याङ्कन पत्रिकामा २०६२ मा प्रकाशित भएको हो । तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन रहेको अवस्थामा लेखिएको यस कवितामा पनि राजतन्त्रको विरोध नै रहेको पाइन्छ । २०६२/६३को जनआन्दोलन पछि राजनीतिमा अझ बढी सक्रिय भएर लागेका आहुतिले यस कविताको लेखनपछि खासै कविता लेखेर प्रकाशित गराएको पाइँदैन तसर्थ पनि यस कविताले विशेष महत्त्व राख्दछ । मूलतः राजा ज्ञानेन्द्रको जालझेलमा, पाउँला खाउँलाको आशमा कतिपय नेता कार्यकर्ताहरू आफ्ना विचार सिद्धान्त बिर्सिएर दरबारतिर लागेको बखतमा आफू भने उक्त कार्य गर्न नसक्ने बरु ज्यान गए जाओस् राजाको घाँस खान नसक्ने विचारको अभिव्यक्ति नै यस कविताको मुख्य विषयवस्तु हो । कविको स्पष्टोक्ति छः

माल्दाइ !
मैले घाँस खान सकिनँ !!
तिम्रो प्रशिक्षणमा बसेर
खाँदारहेछन् एक जमात प्राणीहरू घाँस
तर मैले घाँसतिर आँखा लगाउन पनि सकिनँ
म एक्काइसौँ शताब्दीको नागरिक हुँ माल्दाइ !
मैले घाँस खान सकिनँ !!

राजाका आश्वासन, प्रलोभनमा परेर अरुले उनलाई सहयोग र समर्थन गरे पनि आफू सो गर्न नसक्ने विषय यहाँ रहेको छ । जनताहरूलाई धोका दिएर राजालाई सहयोग गर्नु भनेको घाँस खाने पशुसमान बन्नु हो र यस्ता पशुको कहिले भलो नहुने विचार कवितामा रहेको पाइन्छ ।

राजनीतिक र साहित्यिक दुबै मोर्चाबाट समाज परिवर्तनका लागि होमिएका कवि आहुतिको 'माल्दाइ मैले घाँस खान सकिनँ' कविता उनको आफ्नै जीवनदृष्टि रहेको पाइन्छ । 'म' पात्रको प्रयोग भएको यस कवितामा आत्मपरक कथनपद्धतिमा कवि आफू राजाको चङ्गुलमा पर्न नचाहने बताउँछन् । पुराना राजावादी, राष्ट्रवादीदेखि आफूलाई क्रान्तिकारी भन्न रुचाउने कतिपय नेता कार्यकर्ता समेत राजाको प्रशिक्षणमा बसेर घाँस खान थालेका अर्थात राजाको चाटुकार भएको र एक्काईसौँ शताब्दीको मानव समाजलाई नै उपहास गरेको अभिप्राय यहाँ व्यक्त भएको छ । तुलसी गिरी, राधाकृष्ण, गोरेबहादुर, बद्रि मण्डल, गोल्चे सार्की आदिले राजाले दिएको घाँस खाएको तर आफूले खान नसक्ने कविको जिकिर छ । आफ्ना पुर्खाले नै नखाएको घाँस आफूले खाएमा पशुहरू छक्क पर्ने, लखन थापाले आफ्नो काटिएको टाउको लिएर आउने र थुक्ने, योगमाया, गङ्गालाल, हसिनादेवी आदिले 'तिमी पशु हौ कि मानिस हौ ?' भनेर सोध्ने छन् भन्दै आफू घाँस खान कदापि अघि नसर्ने कविको इच्छा छ । राजाले दिएको घाँस आफूले नखाँदा बरु आफू जहाँ भन्यो त्यहीँ काटिन कवि तयार छन् तर मानिसहरूको उत्सवमा पशु नै काटिने भएकाले ढिलो चाँडो एक दिन राजाले दिएको घाँस खाने पशुहरू नै काटिने छन् भन्ने भाव यहाँ व्यक्त भएको छ । समग्रमा राजालाई सहयोग र समर्थन गर्न, उनको प्रलोभनमा आफू पर्न नसक्ने र उनलाई सहयोग गर्नेहरू जनताबाट दण्डित हुने भाव नै यस कविताले समेटेको छ । अर्कातिर राजाको चङ्गुलमा परेर आफ्नो अस्तित्व नगुमाउन क्रान्तिकारी योद्धाहरूलाई सन्देश दिने काम पनि भएको छ ।

आहुतिका अन्य औसत कविताकै आकारमा फैलिएको यो कविता बिम्ब, प्रतीक र अलङ्कारको प्रशस्त प्रयोगबाट सुसज्जित छ । 'माल्दाइ' शब्दले पूर्व राजा ज्ञानेन्द्र, 'घाँस'ले राजाप्रदत्त प्रलोभन वा विवेकहिनतालाई इङ्गित गरेको छ । इतिहासबाट प्रशस्त बिम्ब, प्रतीक लिइएको यस कवितामा तत्कालीन निरङ्कुशता विरोधी महान् सहिदहरूलाई उभ्याइएको छ भने राजाप्रदत्त घाँस खाएर दरबार छिर्नेहरूलाई विभिन्न उपमा दिएर खिसिटिउरी गरेको पाइन्छ । पूरापुर प्रतीकात्मक अभिव्यक्तिबाट आफू दरबार नपस्ने र पसेकाहरू एकदिन दण्डित

हुने भाव व्यक्त गर्न प्रस्तुत कविता पूर्ण रुपमा सफल छ । बिम्ब, प्रतीकको प्रयोगले प्रस्तुत कविता जटिल नभइ बरु सरल र सहज छ भने भाषा/शैली पनि मिठो छ । आत्मपरक कथनपद्धतिमा संरचित कविताले कवि स्वयम्‌को राजनीतिक दर्शनलाई स्पष्ट रुपमा प्रस्तुत गरेको छ ।

## ४.४ निष्कर्ष

वि.सं. २०४४ मा 'साँच्चै गर्छौं र तिमी ?' कविता 'दियो' पत्रिकामा प्रकाशित गरी आजपर्यन्त काव्यसाधनारत कवि आहुतिका प्रतिनिधि फुटकर कविता र 'तपस्वीका गीतहरू' (२०४९) कवितासङ्ग्रहको अध्ययन र विश्लेषणपश्चात् उनमा सशक्त काव्यिक व्यक्तित्व रहेको कुरा स्पष्ट हुन्छ । विसमतायुक्त सामाजिक संरचना, उत्पीडन र वर्गीय चेतनाले जन्माएका कवि आहुतिका कवितामा वास्तवमै हुनेखाने वर्गको नभई हुँदाखाने वर्गको आवाजको रूपमा मुखरित भएका छन् । चालीसको दशकमा प्रगतिवादी नेपाली कविता परम्परामा झुल्किएका यिनको 'तपस्वीका गीतहरू' (२०४९) लाई प्रथम चरण कै चूडान्त कृतिको रूपमा स्वीकार गर्न सकिन्छ । पच्चीसवटा कविताहरू सङ्कलित यस सङ्ग्रहमा २०४४ देखियता ४० कै दशकमा लेखिएका कविताहरू रहेका छन् । आहुतिको कविता लेखनको आभ्यासिकतादेखि सिद्धहस्ततासम्म झल्काउने यी कविताहरू करिब पाँच वर्षसम्मको समयान्तरमा लेखिएका बुझिन्छन् । यही समयान्तर र यसबीचमा कविको साधनामा आएको उतार-चढाव र निखरता नै सङ्ग्रहमा झल्किएको पाइन्छ । मूलतः प्रगतिवादलाई अनुशरण गरी मार्क्सवादी दर्शनलाई समेटेर लेखिएका यिनका कविताहरू गद्यलयमा आधारित अन्तरसाङ्गीतिक छन् । धनी र गरिबबीचको बढ्दो सामाजिक, आर्थिक, विभेद सामाजिक विकृति र विसङ्गतिको विरुद्ध तीव्र आक्रोश, नारीमाथि हुने गरेका चरम शोषण र दमनविरुद्ध लक्षित, अन्तर्राष्ट्रिय पुँजीवाद, साम्राज्यवादका विरुद्ध हुङ्कार, पदलोलुप कथित क्रान्तिकारीहरूको असली रुपको

चित्रण, राष्ट्रिय-अन्तर्राष्ट्रिय मुक्तियोद्धाहरूप्रति उच्च सम्मान, आफ्नो कविता लेखनको स्पष्टीकरण आदि व्यक्त गर्न यिनका कविता सफल भएका छन् । खरो भाषाशैलीमा क्रान्तिकारी भावको सम्प्रेषणद्वारा समाजमा हुने तमाम भेदभाव जातीय उत्पीडन, धर्मका नाममा हुने भेदभाव, तीव्र गणतन्त्रवादी चेत यिनका पछिल्ला फुटकर कविताहरूमा छताछुल्ल भएका भेटिन्छन् । त्यस्तै कवि-साहित्यकारहरूका कविताको विषय बन्न नसकेका मधेशका नारीहरू आहुतिको कवितामा उभिएका छन् । कवितामा प्रतिनिधि पात्रहरूको उपस्थिति गराई सिङ्गो सामाजिक यथार्थको चित्रण यिनका कविताले गरेको भेटिन्छ ।

समग्रमा समसामयिक प्रगतिवादी नेपाली कविता परम्परामा एउटा छुट्टै पहिचान राख्न उद्यत 'तपस्वीका गीतहरू' (२०४९) ले कवि आहुतिलाई एक सशक्त कविको रुपमा उभ्याएको कुरा नकार्न सकिन्न । सामाजिक यथार्थको उद्घाटन गर्न समाजका विभिन्न पक्षबाट विषयवस्तु लिँदै प्रशस्त मौलिक र अतिकम प्रचलित ग्रामीण जनजीवनका शब्दहरूको प्रयोग, बिम्ब-प्रतीकको सन्तुलित आयोजना गर्न रुचाउने यिनका कविता गेयात्मकता र कलात्मकताले सुसज्जित छन् । केही कविताहरू भने कोरा नारा र भाषणजस्ता लागे पनि तिनले वहन गर्ने यथार्थताले रुखोपनलाई ओझेल पारेको देखिन्छ । यसरी उनको समग्र कवि व्यक्तित्व अब्बल रहेको पाइन्छ ।

# पाँचौ अध्याय

## कवि आहुतिका काव्यिक प्रवृत्ति र योगदान

### ५.१ परिचय

आहुति मूलत : प्रगतिवादी साहित्यकार हुन् । साहित्यका विभिन्न विधा कविता, उपन्यास, निबन्ध, एकाङ्की आदिमा यिनले कलम चलाएको पाइन्छ । विशेषत : कविता र उपन्यास विधामा यिनी बढी ऊर्जाशील देखिन्छन् । वि.सं. २०४४ मा 'साँच्चै गर्छौ र तिमी ?' शीर्षकको कविता 'दियो' पत्रिकामा प्रकाशन गरी आरम्भ भएको यिनको काव्यिक यात्राले विभिन्न चरणहरू पार गर्दै आफ्नै खाले प्रवृत्ति र काव्यिक योगदान दिएको पाइन्छ ।

खासमा मार्क्सवादी चिन्तनलाई सचेत रुपमा आत्मसात् गरेर त्यसलाई साहित्यमा प्रयोग गर्नु नै प्रगतिवादी साहित्यको मूल धर्म हो । कवि आहुतिले यस मान्यतालाई गुरुमन्त्र ठानी अनुशरण गरेको देखिन्छ । नेपाली कविता परम्परामा आधुनिककालमा आएर प्रगतिवादी कविताधाराको उद्‌भव भएको हो । यस धाराको प्रवर्तनमा कृष्णचन्द्रसिहं प्रधानको 'भञ्ज्याङ निरै' को महत्त्वपूर्ण योगदान रहेको छ । यसपश्चात् श्यामप्रसाद शर्मा, हृदयचन्द्रसिहं प्रधान, केवलपुरे किसान जस्ता श्रष्टाले यस धाराको बिँडो थामेका हुन् । भूपी शेरचन, गोकुलप्रसाद जोशी, युद्धप्रसाद मिश्र, पारिजात, विमल निभा, मीनबहादुर विष्ट, गोविन्द वर्तमान, कृष्णसेन इच्छुक आदि सर्जकले प्रगतिवादी नेपाली कविताधारालाई अझ मलजल गर्ने काम गरेको पाइन्छ । यही पृष्ठभूमिमा चालीसको दशकमा सशक्त प्रगतिवादी कवि व्यक्तित्वको रुपमा आहुतिको उदय भएको देखिन्छ । वि.सं. २०४४ को 'साँच्चै गर्छौ र तिमी ?' कविताबाट सुरु भएको यिनको काव्यिक यात्रामा आजपर्यन्त दर्जनौँ फुटकर कविता र 'तपस्वीका गीतहरू' (२०४९)

कवितासङ्ग्रह प्रकाशित भएको पाइन्छ । आहुतिद्वारा लिखित् यिनै कविताको गम्भीर अध्ययन र विश्लेषणपश्चात् यिनको कविताका खासखास प्रवृत्ति र प्रगतिवादी नेपाली कविता परम्परामा योगदानको निम्नानुसार चर्चा गरिएको छ ।

## ५.२ प्रवृत्ति र योगदानको निरूपण

वि.सं. २०४४ पछि सासामयिक प्रगतिवादी नेपाली कविता परम्परामा देखापरेका कवि आहुतिले आफ्नो काव्यिक यात्राको क्रममा विभिन्न आरोह-अवरोह पार गरेका छन् । काव्यिक यात्राको विभिन्न चरणहरू पार गर्दै प्रगतिवादी कविता परम्परामा आफ्नै किसिमका प्रवृत्ति र योगदान दिने यिनको कवि व्यक्तित्वलाई कम आँकलन गर्न सकिन्न । समसामयिक युगबोध र वर्गबोध गरेका यिनका कविताले विभिन्न प्रवृत्ति र योगदानहरू दिएको पाइन्छ । हुनत हरेक कवि, साहित्यकारहरूको साहित्यिक क्षेत्रमा आफ्नै किसिमको प्रवृत्ति र योगदान रहेका हुन्छन् । साहित्यिक मूल्य, मान्यता र गुणस्तरका कसीमा कोही खरो उत्रिन्छन् त कोही निम्छरो । कवि आहुति भने आफ्नो काव्यिक प्रवृत्ति र योगदानका कसीमा खरो उत्रिन सफल सशक्त कवि बन्न पुगेका छन् ।

प्रगतिवादी नेपाली कविता परम्परामा उत्कृष्ट कविताहरू भण्डारण गर्ने आहुतिको प्रवृत्ति र योगदानलाई यहाँ एउटै अध्यायमा राखी समुच्च अध्ययन गर्ने प्रयास गरिएको छ । हुन त झट्ट बुझ्दा प्रवृत्ति र योगदानले छुट्टाछुट्टै अर्थ बहन गरे पनि साहित्यको सन्दर्भमा तिनले बहन गर्ने विषयवस्तु एकै किसिमका हुन्छन् । साहित्यको अध्ययनका सन्दर्भमा प्रवृत्ति र योगदानले अन्योन्यास्रित सम्बन्ध राख्दछन् र उस्तै लाग्दछन् । त्यसैले पनि प्रवृत्ति भन्नु नै योगदान र योगदान भन्नु नै प्रवृत्ति बुझेर यहाँ सोहीअनुसार आहुतिको काव्यिक प्रवृत्ति तथा योगदानको निरूपण गरिएको छ ।

### ५.२.१ जातीय उत्पीडनका विरुद्ध शङ्खघोष गर्नु

नेपाली समाजमा परम्परादेखि नै जातीय उत्पीडनमा बाँच्न विवश दलित जातिको मुक्तिका लागि यिनले आफ्नो कविताबाट शङ्खघोष गरेको पाइन्छ । समालोचक ताराकान्त पाण्डेयका अनुसार- “दलितमाथिको उत्पीडनलाई अझ साधारणीकरण र वैश्वीकरण गरिएको आहुतिको ‘गहुँगोरो अफ्रिका’ यस प्रवृत्तिको सुन्दर र महत्तम प्राप्ति हो ।” (पाण्डेय, २०५८ : ८१) आहुतिका कविताले संसारभरका दलितका रगत पसिनाबाट बाँचेका अभिजात वर्गलाई ठाडो चुनौति दिएको पाइन्छ । आहुतिको यस्तै प्रवृत्तिका कविताहरूमा ‘रातो नालिस’ र ‘गणतन्त्रको क्षेत्रफल’ पनि रहेका छन् जसमा आंशिक रुपमा दलित मुक्तिको आवाज उठेको भेटिन्छ । जातीय उत्पीडनको विरोधमा उनको कविताले यस्तो उद्घोष गर्छ :

> तिम्रो मनका मनोरञ्जित ग्रन्थीहरूलाई च्यात
> त्यहाँ मेरो सङ्गीतको मधुर सरसराहट सुनिन्छ
> आँखा जुधाउने आँट गर चेतनायुक्त मान्छे !
> कि मलाई जनावरसँगै बाँधेर घाँस खुवाउने आँट गर
> कि तिमी आफूलाई जनावरभन्दा फरक पार्ने साहस गर
> म सारङ्गी रेट्ने-मादल ठोक्ने गाइने हुँ-वादी हुँ ।
> यो गोल-भुगोलको एउटा गहुँगोरो अफ्रिका हुँ ।
>
> (गहुँगोरो अफ्रिका, २०५०)

यहाँ कवि अभिजात वर्गलाई ठाडो चुनौति दिदैं उनीहरू जनावरभन्दा फरक नभएको रोष प्रकट गर्दछन् । अभिजातले दलितलाई जनावरसँगै बाँधेर घाँस खुवाउने आँट गर्न नसकेको र आफू पनि जनावरभन्दा फरक नरहेको कविको ठम्याई छ ।

### ५.२.२ राजनीतिक भ्रष्टाचार र अवसरवादी प्रवृत्तिको दोहोलो काड्नु

रातो झण्डामुनि रहेर क्रान्तिको नाममा जनताको शोषण गर्ने र भित्रभित्रै विलासिताको जीवन जिउने तथाकथित क्रान्तिकारीहरूको प्रवृत्तिप्रति आहुतिले आफ्ना कवितामा कडा शब्द प्रहार गर्ने गरेको देखिन्छ । यिनका कवितामा जनताको अग्रगामी परिवर्तनका लागि रातो झण्डामुनि रहेर लडेका हौँ भन्नेहरूको काला कर्तुतको दोहोलो काडिएको पाइन्छ । सत्ता र पद हातमा परेपछि आफ्ना प्रतिवद्धता, सिद्धान्त र निष्ठा बिर्सनेहरू प्रति यिनको कविताले घोर आपत्ति प्रकट गर्दछ । कविको यस प्रवृत्तिको चर्चा गर्दै राजकुमार के.सी. भन्छन् : "आदर्श र नैतिकताका कुराहरू ठूलाठूला स्वरमा अलाप्ने घिनलाग्दा प्रवृत्ति विरुद्ध उनी आवाज उठाँउछन्" (के.सी., २०५६ : ६१) । कविका यस प्रवृत्तिका कविताहरूमा 'रातो नालिस', 'माल्दाइ मैले घाँस खान सकिनँ' आदि कविताहरू पर्दछन् । उनी आफ्नो कवितामा भन्छन् :

तिमीले रातो झण्डा उठायौ
मेरा नानीहरूले त्यसलाई रगतले सलाम गरे
रातो झण्डामुनि
तिमीले जनवादको खोलभित्र धनवाद बचायौ
व्यक्तिवादको विरोधमा नयाँ व्यक्तिवाद हुर्कायौ
रातो झण्डामुनि
अत्याचारको विरोधमा नयाँ अत्याचार हुर्कायौ
चाकरीवादको खिलाफमा नयाँ चाकरीवाद हुर्कायौ
रातो झण्डामुनि

(रातो नालिस, तपस्वीका गीतहरू, पृष्ठ, १४)

सामाजिक रुपान्तरण र जनताको मुक्तिका नाममा क्रान्तिकारी कम्युनिस्ट पार्टीमा लागेर जनताको मुहार फेर्छौं भन्ने तथाकथित क्रान्तिकारीहरूले आफ्नो धरातललाई नै बिर्सिएर व्यक्तिवादी चिन्तनमा लागेको,अत्याचार र चाकरीवाद झन् नयाँ स्वरुपमा मौलाएको कविले यहाँ उल्लेख गरेका छन् ।

### ५.२.३ राजनीतिक प्रतिबद्धता र क्रान्तिप्रतिको समर्पण

क्रान्ति निरन्तर चलिरहने प्रक्रिया हो । योद्धाहरू ढल्दैमा क्रान्ति रोकिँदैन भन्ने मान्यतालाई आफ्ना कवितामा व्यक्त गर्ने कवि स्वयम् क्रान्तिकारी छवि भएका व्यक्तित्व हुन् । उनका अधिकांश कवितामा राजनीतिक प्रतिबद्धता र क्रान्तिप्रति समर्पणको आवाज भेट्टाइन्छ । "शीर्षमा रहेको संस्थागत सामन्ती संस्थापनको विरुद्धमा आक्रोशित जनमानसको प्रतिबिम्बन र आमूल परिवर्तनको अपेक्षा र भविष्यप्रति जनताको अटुट आस्था आहुतिका कवितामा विशेष गरी पाउन सकिन्छ" (सुवेदी र खरेल, २०५०) । आहुति आफ्ना कवितामा क्रान्तिमा लाग्नेहरूलाई व्यक्तिगत जालझेलमा नपर्न र निरन्तर लागिपर्न आह्वान गर्छन् । क्रान्तिकै लागि आफ्ना कविताहरू समर्पण गर्ने यिनका कविताहरूले यस प्रवृत्तिलाई अँगालेका छन् । मूख्यत : 'सेतो आतङ्ककारीलाई रातो आतङ्ककारीको जवाफ', 'अनाथ सत्य', 'चिहानमाथि आरुको फूल कहिले फुल्छ ?', 'बाईसौं शताब्दीमा', 'जुद्धवारुण यन्त्र', 'आस्थाको यात्रामा एक समय', 'मरेको घोडामाथि बसेको वादशाहको विरुद्ध', 'ताराबाजी लै लै', 'बन्द ढोकाको आग्लो भाँचेर आऊ', 'भङ्खारोमा अल्झिएका हातहरू 'ख'', 'बागमतीको किनारै किनार', 'बुझिदेऊ मेरा आफन्तहरू', 'इन्कलाब जिन्दावाद', 'मुक्ति गोरेटो', 'गुँइठाको आगो' इत्यादि यस प्रवृत्तिका कविताहरू हुन् । क्रान्तिप्रति पूर्ण समर्पित कवितामा यिनी लेख्छन् :

दर्जनौं अँध्यारा वर्षहरू, दर्जनौं रक्ताम्य लासहरू
ढलेका जीवनहरूसँगै क्षत विक्षत घर परिवारहरू

पुछिएका सिउँदोहरू
रित्तो काख र आँशु रित्तिएका आँखाहरू बोकेका
आमाहरूका चाउरिएका छात्तीहरू छामेर
एउटै कुरा त निष्कर्ष हुनसक्छ
रक्तपातको विरुद्ध रक्तपात नगरी केही हुँदैन
राज्यसत्ता बन्दुकको नालबाट जन्मन्छ ।

(मुक्ति गोरेटो, तपस्वीका गीतहरू, पृष्ठ १२)

यहाँ कवि कट्टर क्रान्तिकारी भएर लागिपर्न र बन्दुकका विरुद्ध बन्दुकै उठाउनु पर्ने निष्कर्षमा पुगेका छन् । राज्यसत्ता बन्दुकको नालबाटै जन्मन्छ भन्ने उनको क्रान्तिकारी दृष्टिकोण यहाँ झल्किएको देखिन्छ ।

## ५.२.४समाजवादी यथार्थवादी जीवनदृष्टि

सामाजिक जीवनको यथार्थतालाई प्रस्तुत गर्नु कवि आहुतिको महत्त्वपूर्ण प्रवृत्ति हो । विषम् सामाजिक संरचनामा आधारित सामन्ती सामाजिक संस्कार र यसले उब्जाएका पीडाको सजीव चित्रण यिनको कवितामा पाइन्छ । कविको यस प्रवृत्तिको चित्रण गर्ने क्रममा गोपीन्द्र पौडेल भन्छन्- "विपन्न वर्गको मेहनतकस जनताले खप्नुपरेको दिनानुदिनको पीडा र चित्कारलाई जीवन सापेक्ष रुपमा सम्वेद्य बनाएर प्रस्तुत गर्ने जुन जमर्को भएको छ  त्यसले कविलाई श्रमजीवी जनताको समीपमा पुऱ्याएको छ" (पौडेल, २०५९:२२) । आहुतिका यस प्रवृत्तिका फुटकर कविताहरूमा 'तुच्छ जीवनको महान गाथा', 'चिहानमाथि आरुको फूल कहिले फुल्छ ?', पानीघट्टको सन्देश' आदि महत्त्वपूर्ण छन् भने 'तपस्वीका गीतहरू' सङ्ग्रहभित्रका 'तपस्वीको गीत', 'टुहुरा मान्छेहरू आफन्तको खोजीमा', 'भड्खारोमा अल्झिएका हातहरू', 'बागमतीको किनारै किनार',

'टुङ्गो नलागेको कविता' र 'ताराबाजी लै लै' पर्दछन् । आफ्नो यस प्रवृत्तिलाई कवि 'बागमतीको किनारै किनार' शीर्षकको कवितामा यसरी व्यक्त गर्दछन् :

टि.बी.ले खङ्ग्रङ सुकेको शरीरमा/अन्नको दाना नपरेको बेला
मेरी आमाले मेलाबाट ल्याएको एकमुठी चिउरा
मेरा बाबुले एक फाँको हाल्न आँट्दा
हामी छोराछोरीले 'बा हामीलाई भोक लाग्यो' भनेपछि
मेरो बाबाले मुखको गाँस झिकेर हामीलाई दिएपछि
मेरी आमाको आँखामा टुलुटुलु हेरेर
मेरा बाबाको आँखाको झरेको विभत्स आँशुको धाराजस्तै
रुँदै रुँदै बगिरहेकी बागमती
(बागमतीको किनारै किनार, तपस्वीका गीतहरू, पृष्ठ ३८)

नेपालको निम्न वर्गीय समाज जहाँ चरम गरिबी, भोक र अभाव छ, रोगले थलिएको शरीरमा एक गाँस अन्न पर्न नसकेको दारुण अवस्थाको चित्रण यस कविताले गरेको पाइन्छ । यो हाम्रो देशको गरिब वस्तीको यथार्थको चित्रण हो ।

### ५.२.५ सामन्तवादी र साम्राज्यवादी शासन संरचनाको विरुद्ध हुङ्कार

समान्तवादी र साम्राज्यवादी शासन संरचनाले थिलथिलिएको अवस्थाको चित्रण गर्दै त्यसप्रति हुङ्कार व्यक्त गर्न कवि आहुतिका कविता सफल देखिन्छन् । यस प्रकारका शासकीय संरचनाले देशहरू देश हुन सकेका छैनन् । स्वाधीनता कुन चरीको नाम हो ? भन्ने अवस्था रहेको पाइन्छ । देशभित्र विद्यमान सामन्तवाद र अन्तर्राष्ट्रिय साम्राज्यवाद विरुद्ध उनका कविताले सिंहनाद गरेका छन् । आहुतिका यस प्रवृत्तिका कविताहरूमा 'अपराधी नम्बर १५०९', 'इन्कलाब जिन्दावाद', 'विदाको

बेलामा', 'तपस्वीको गीत', 'बाटो हेरिबसेको आँखीझ्याल', 'मुक्ति गोरेटो' आदि पर्दछन् । 'अपराधी नम्बर १५०९' मा कवि लेख्छन् :

जब एउटा सामन्त मर्दछ, जन्मन्छ त्यही घरमा अर्को सामन्त
जब एउटा अपराधी जेल पर्दछ, हुर्कन्छ त्यहीँ अर्को अपराधी
यो लुटाहाहरूको/धनपतिहरूको/वर्गीय समाजको
सामाजिक संरचनाको परिणाम हो
निजी स्वार्थमूलक संस्कृतिको परिणाम हो
यस्तै गरी तिम्रो रातो घरभित्र तिम्रो अनुपस्थितिमा जन्मिनुपर्छ
तिमी जस्तै इन्देजका वीर छविहरू/आगोजस्तै राता कविहरू

('अपराधी नम्बर १५०९', तपस्वीका गीतहरू, पृष्ठ ६३)

सामन्तवादी, साम्राज्यवादी शासन संरचनाको विरुद्ध डटेर लागिपरेका पेरुका कम्युनिस्ट नेता गोञ्जालोको गिरफ्तारीको खबर सुनेपछि उनलाई गिरफ्तार गर्ने र सजाय दिन्छौं भन्नेहरूका विरुद्ध लाखौं क्रान्तिकारीहरू जन्मने छन् , जसरी एक अपराधी जेल पर्दा अर्को अपराधी हुर्कन्छ, एउटा सामन्त मर्दा अर्को सामन्त जन्मन्छ ठीक त्यसैगरी गोञ्जालो जेल परे पनि उनको अनुपस्थितिमा हजारौं गोञ्जालोहरू जन्मन्छन् र सामन्तवादी, साम्राज्यवादी शासन व्यवस्थाको अन्त्य गर्नेछन् भन्ने भाव यस कविताले बोकेको पाइन्छ ।

### ५.२.६ नारी समस्याको उठान र स्वतन्त्राका लागि आह्वान

आहुतिका कविताले नेपाली समाजमा नारीलाई भोग्याको रुपमा प्रयोग गर्ने प्रथाको विरुद्धमा आवाज उठाएको पाइन्छ । यस प्रकारको दमनप्रति आक्रोश पोख्दै उनका कविताले सशक्त रुपमा विद्रोह गर्दछन् । खासमा सामाजिक जीवन र शासकीय संरचनाबाट पीडित नारी जातिको दर्दनाक चित्कारलाई उनका कविताले विद्रोह गर्दै नारी स्वतन्त्रताका लागि आह्वान गर्छन् । यस सन्दर्भमा आहुतिको कवितामा नारीपक्षको चर्चा गर्दै गोपीन्द्र पौडेल लेख्छन् "निम्नवर्गीय समाजमा पारिवारिक जटिलता तथा त्यसमा पनि उत्पीडित नारीपात्रको चित्रण आहुतिका कवितामा विशेष रुपमा भएको छ र उनीहरूलाई त्यस प्रकारको नारकीय जीवनबाट मुक्तिका लागि बाटो देखाउने सतत प्रयास पनि कविले गरेका छन् (पौडेल, २०५९:२२) ।" नारी समस्यामा आधारित यिनका कविताहरमा 'तपस्वीका गीतहरू' सङ्ग्रहभित्रका 'बन्द ढोकाको आग्लो भाँचेर आऊ', 'टुहुरा मान्छेहरू आफन्तको खोजीमा', 'कुमारी', 'भङ्खारोमा अल्झिएका हातहरू 'क'', 'हातपात भएको माटोमा टुसाएको बीऊ', 'गोली र सिउँदो', 'बाटो हेरिबसेको आँखीझ्याल', 'नौरङ्गी डाँफे र गरिबकी बुहारी' क, ख' आदि पर्दछन् भने फुटकर कविताहरूमा 'एक कविता नारी जातिका लागि', 'लक्ष्मनिया तिम्रो लोहोटा खोई' आदि पर्दछन् । बेचिएकी एक चेलीको नारकीय अवस्थाको वर्णन गर्दै कवि लेख्छन् :

> यो विरानो देशमा/नचिनेको परदेशमा
> मेरो खुसीलाई टेकेर/चाहनालाई रेटेर
> कसैले बेचेर अनि कसैले किनेर
> शरीरलाई बलात्कार गरिरहेको बेला ......
>
> ('हातपात भएको माटोमा टुसाएको बीऊ', तपस्वीका गीतहरू, पृष्ठ २९)

नेपाली प्रकृति झैँ निश्चल र सुकोमल नेपाली चेली भारतीय वेश्यालयहरूमा बलात्कृत भइरहेको, उनीहरू पशु झैँ खरिद विक्री भई यौनपिपाशुहरूको वासनापूर्तिको साधन बन्नु परेको कटु यथार्थ आहुतिले यस कवितामा व्यक्त गरेका छन् । कविको विचारमा यो घोर अन्याय र दमनको पराकाष्ठा हो ।

## ५.२.७ सामाजिक विकृति र विसङ्गतिको विरोध

वर्तमान समाजमा सामाजिक विकृति र विसङ्गति मौलाउँदै गएको, नेपाल र नेपालीका मौलिक कला, संस्कृतिहरू पश्चिमी छाडा संस्कृतिको प्रभावले विकृत हुँदै गएको तथ्य कविले आफ्ना कवितामा व्यक्त गरेका छन् । समाजमा व्याप्त रुढि संस्कृतिको अन्त्य गर्दै असल संस्कृति जोगाउनुपर्ने वास्तविकता आहुतिका कवितामा व्यक्त भएको पाइन्छ । यसैगरी नेपाली कला, संस्कृति लोप हुँदै जाने र विदेशी संस्कृतिले प्रश्रय पाउने हो भने समाज विषाक्त हुने उनको ठहर छ । यिनका यस प्रवृत्तिका कविताहरूमा 'नेपाल अमेरिका एक्सप्रेस', 'धन्यवाद राजधानी' आदि पर्दछन् । कवितामा यिनी आफ्नो देश परजीवी बनेको दुखेसो पोख्दै लेख्छन् :

आत्मिक सत्वको मृत्युहरूमा जुठो पनि नबारी
हृदय भरिभरिको समस्त सुगन्ध समस्त परिचय
नेपाल अमेरिका एक्सप्रेसमा सगौरव लोड गरेर
हामी सिर्जना गरिरहेछौँ एउटा परजीवी देश
हामी रचिरहेछौँ, विनापूर्वाग्रह राष्ट्रिय सहमतिमा
आफ्नै मृत्युको इतिहास

(नेपाल अमेरिका एक्सप्रेस, कान्तिपुर : २०५९)

यहाँ कवि हामी नेपालीहरू आफ्नो मौलिक कला, संस्कृति र परिचय बिर्सिएर पश्चिमा छाडा संस्कृतिमा रमाउन थालेको, आफ्नोपनलाई बिर्सिएर परजीवि बन्दै आफ्नै मृत्युको इतिहास

लेखिरहेको तितो वास्तविकता ओकल्दछन् । उनका विचारमा यो नेपाल र नेपालीको अस्तित्वसँग गाँसिएको सवाल हो ।

### ५.२.८ राष्ट्रिय-अन्तर्राष्ट्रिय मुक्तिकामी योद्धाप्रति श्रद्धाभाव

शोषित, पीडित जनताको मुक्तिका निम्ति क्रान्तिमा होमिएका राष्ट्रिय, अन्तर्राष्ट्रिय योद्धाहरूको गिरफ्तारी र मृत्युमा कविले आफ्ना कविताबाट श्रद्धाभाव प्रकट गरेको पाइन्छ । योद्धाहरूको भौतिक शरीर यस दुनियाँमा नरहे पनि तिनको योगदान र वलिदानीको मूल्याङ्कन इतिहासले गर्ने आहुतिको ठम्याइ छ । कविका यस प्रकारका कविताहरूमा 'अपराधी नम्बर १५०९', 'आजादहरू', 'विदाको बेलामा', 'स्वर्गीय जूनहरूलाई श्रद्धाञ्जली', र 'सजीव आँखा' पर्दछन् । विश्वभरका सर्वहारा वर्गका मुक्तिकामी नायक गोञ्जालोलाई आहुति आफ्ना कवितामा यसरी सम्झन्छन् :

शान्त तलाउभन्दा गम्भीर चेहरा
सूर्यका तन्नेरी किरणजस्तै सचेत आँखाहरू
प्यारो स्पार्टाकसको वंश/उत्तराधिकारी
एन्देज पर्वतको मजबुत छाती
ए ! सिमलको झर्झराउँदो रातो फूल
तिमीलाई मेरो वर्ग सलाम सगरमाथाको फेदीबाट रातो सलाम !

(अपराधी नम्बर १५०९, तपस्वीका गीतहरू, पृष्ठ ६२)

क्रान्तिकारीको कुनै जात र देशीय सीमा हुँदैन । ऊ सम्पूर्ण सर्वहारावर्गको साझा नायक हुन्छ भन्ने मान्यतालाई स्वीकार गर्दै कवि यहाँ पेरुका क्रान्तिकारी नेता गोञ्जालोप्रति

असीम श्रद्धाभाव व्यक्त गर्दछन् । जनताको मुक्तिका लागि लड्ने योद्धाहरू सधैं अमर हुन्छन् । उनीहरू एन्देज पर्वतको मजबुत छाती, सिमलको झर्भराउँदो रातो फूल जस्तै हुन्छन् भन्ने भाव यहाँ व्यक्त भएको देखिन्छ ।

### ५.२.९ गणतान्त्रिक चेत

राजा ज्ञानेन्द्रको शाही 'कू' पछि गणतन्त्रवादी चेत बोकेका कविता लेखेर आहुतिले गणतन्त्रप्रतिको आफ्नो मोह प्रकट गरेका छन् । राजाको प्रत्यक्ष शासन रहेकै अवस्थामा निडरताका साथ राजाको निरङ्कुशताको विरोध गर्दै गणतन्त्रको समर्थनमा कविता लेखेका यिनमा निर्भिकता र खरो क्रान्तिकारिता पाइन्छ । एक्काईसौं शताब्दीमा निरङ्कुश भएर अठारौं शताब्दीको जस्तो शासन गर्न खोज्ने राजा र उनका भरौटेहरूलाई खिसिटिउरी गर्दै यिनले केही गणतन्त्रवादी कविताहरू लेखेका छन् । यस प्रवृत्तिका कविताहरूमा गणतन्त्र प्राप्तिको तीव्र चाहना, निरङ्कुशताले थोपरेका असमानता, अन्याय, दमन आदिको चित्रण र सदिँयौ पुरानो राजतन्त्रको कुरुप इतिहास कोट्याउने सतत प्रयास भएको पाइन्छ । गणतन्त्रवादी चेत बोकेका आहुतिका कविताहरूमा 'माल्दाइ मैले घाँस खान सकिनँ', 'गणतन्त्रको क्षेत्रफल', 'मरेको घोडामाथि बसेको बादशाहका विरुद्ध' आदि पर्दछन् ।

निरङ्कुशता अर्थात् राजतन्त्रको अन्त्य हुने र गणतन्त्रको सुन्दर बिहानीको आगमन हुने ठोकुवा गर्दै उनी आफ्ना कवितामा भन्छन् :

यो नयाँ निमन्त्रणा
बिन्तिपत्र होइन
होइन पागल प्रलाप
तर नयाँ युगको निमन्त्रणाको प्रतापले भत्किरहनेछन् क्रमशः
राजतन्त्र
राजतन्त्र
र राजतन्त्रका प्रत्येक अवशेषहरू !

यसरी एक्काईसौ शताब्दीमा कुरुप इतिहास बोकेको राजतन्त्र टिक्न नसक्ने यो ढलेर गणतन्त्रको स्थापना हुने र गणतन्त्रको क्षेत्रफल संसारभर विस्तार हुँदै जाने भाव माथिको कवितांश र आहुतिका अन्य गणतन्त्रवादी चेत बोकेका कविताले बहन गरेका छन् ।

## ५.३ निष्कर्ष : योगदानको निरुपण

वि.सं. २०४० को दशकबाट काव्यसाधनामा लागिपरेका आहुति जल्दाबल्दा प्रगतिवादी कवि रहेको बुझिन्छ । सङ्ख्यात्मक रुपमा त्यति धेरै कविता नलेखेका भए तापनि गुणात्मकताको तराजुमा यिनको कविताको पल्ला भारी देखिन्छ । मूलत : प्रगतिवादी काव्यलेखनको मूल्यमान्यतालाई अक्षरशः पालना गरी काव्यसाधना गर्ने यिनमा जातीय उत्पीडनको विरोध गर्ने, राजनीतिक भ्रष्टाचार र अवसरवादी प्रवृत्तिको भर्त्सना गर्ने, क्रान्तिप्रतिको समर्पण, सामाजिक यथार्थवादी चिन्तन, सामन्तवादी र साम्राज्यवादी शासन संरचनाको धज्जी उडाउने, नारीका विविध समस्याको उठान गर्दै स्वतन्त्रताका लागि आह्वान, सामाजिक विकृति र विसङ्गतिप्रति विद्रोह, राष्ट्रिय, अन्तर्राष्ट्रिय योद्धाहरूप्रति श्रद्धाभाव, गणतन्त्रवादी चेत आदि प्रवृत्तिहरू देखा पर्दछन् । माथि उल्लिखित प्रवृत्तिहरूमा कविता साधना गर्दै निम्नवर्गीय शोषित, पीडित नेपाली जनताको आवाज मुखरित गर्नु यिनको नेपाली कविता परम्पराप्रतिको समर्पण तथा योगदान हो । त्यस्तै विषमतापूर्ण सामाजिक संरचनाका कारणबाट पिल्सिएकाहरूको रोदनलाई महत्त्व दिनु, महिला, दलित, सुकुम्बासी, मजदुर, किसानका आवाजलाई अझ उचाइमा पुऱ्याउनु, प्रत्येकलाई आफ्ना हक, अधिकार प्राप्तिका लागि र सुन्दर भविष्यको आगमनका लागि आ-आफ्नो ठाउँबाट डटेर लागि पर्न आह्वान गर्नु नै कवि आहुतिको विशिष्ट योगदान हो ।

# छैटौँ अध्याय

## उपसंहार तथा निष्कर्ष

### ६.१ उपसंहार

नेपाली नागरिकताको प्रमाणपत्र अनुसार आहुतिको जन्म २०२४ चैत्र १ गते भए तापनि उनको वास्तविक जन्ममिति वि.सं. २०२३ चैत्र १ मङ्गलबार हो । यिनको जन्मस्थान बागमती अञ्चल, काठमाडौँ जिल्लाको नयाँ नैकाप गा.वि.स., वडा नं. ९ झोलेटोल हो । आफू जन्मनुअघि नै बाबुको मृत्यु भएकाले गर्भेटुहुरो बालकको रुपमा यस संसारमा पाइला  टेकेका आहुतिको बाल्यकाल कष्टपूर्ण रह्यो । दलित परिवारमा जन्मिएका हुनाले सामाजिक भेदभाव र अपमान सहँदै हुर्केका यिनी गरिबीबाट पनि आहत थिए । पुर्ख्यौली पेशा अपनाउँदै अध्ययनलाई अगाडि  बढाएका यिनले राजनीतिप्रतिको मोहले गर्दा आई. ए. सम्म मात्र उत्तीर्ण गरेको बुझिन्छ ।

राजनीतिमा आहुतिको व्यक्तित्व उच्च छ । तेऱ्हबर्से विद्यार्थी जीवनदेखि नै राजनीतिक सम्पर्कमा आएका यिनी क्याम्पसको पढाइलाई त्यागेर पूर्णकालीन कार्यकर्ताका रुपमा सक्रिय भएको बुझिन्छ । राजनीतिमा लागेपछि उनी कहिल्यै पछि परेनन् । मार्क्सवादी दर्शन र क्रियाकलापमा आफ्नो समय र सिर्जना लगानी गर्दै गए । वि.सं. २०४८ मा ने.क.पा. (एकता केन्द्र) को केन्द्रीय सल्लाहकार समितिको सदस्यमा निर्वाचित भएका यिनी वि.सं. २०५४ को राष्ट्रिय सम्मेलनद्वारा सोही पार्टीको केन्द्रीय सदस्य हुँदै ने.क.पा. (माओवादी) र ने.क.पा. (एकता केन्द्र) बीच

पार्टी एकीकरण भएपछि हाल ए.ने.क.पा. (माओवादी) को पोलिटब्युरो सदस्य रहेको पाइन्छ । संविधान बनाउने ऐतिहासिक दायित्व बोकेको हालको संविधान सभाको सभासदसमेत रहेका आहुति देश र जनताको अग्रगामी परिवर्तनका लागि राजनीतिक रुपमा डटेर लागिपरेका पाइन्छन् ।

साहित्यिक लेखनका लागि आफ्नो प्रेरणाको स्रोत खासै कोही व्यक्तिविशेष नरहेको बरु समग्र सामाजिक वस्तुस्थिति प्रेरक रहेको मान्ने आहुति तेऱ्हबर्से विद्यार्थी जीवनदेखि नै साहित्यप्रति आकर्षित भएका हुन् । उनको विद्यार्थी जीवनकै क्रममा गाउँमा देखाइने डबली नाटकहरूमा दलितलाई अभिनयबाट वञ्चित गरिन्थ्यो । यस घटनाबाट यिनमा केही गर्नुपर्दछ भन्ने भावना जाग्यो र उनी आफैँ नाटकहरू लेख्न, निर्देशन गर्न र मञ्चन गर्न थाले । यसरी विद्रोही स्वाभावका आहुति यसै घटनापछि साहित्यतर्फ उन्मुख भएका हुन् । तेऱ्हबर्से विद्यार्थीकालमा एकाङ्कीबाटै साहित्यिक यात्रा सुरू गरेका यिनले जम्मा चारवटा एकाङ्की मात्र प्रकाशित गराएका छन् । यसपछि क्रमशः कविता, उपन्यास, निबन्ध, अनुवाद, राजनीतिक लेख, पटकथा लेखनजस्ता साहित्यका सबै विधामा उनले कलम चलाएको देखिन्छ । खासमा चालीसको दशकमा आहुति कविता लेखनमा नै बढी रमाएको पाइन्छ । वि.सं. २०४४ मा काठमाडौँबाट प्रकाशित हुने 'दियो' पत्रिकामा 'साँच्चै गर्छौ र तिमी?' शीर्षकको कविता प्रकाशन गरी यिनले सार्वजनिक कवितायात्राको सुरुवात गरेका हुन् । यस कविताभन्दा अगाडि आहुतिले कविता लेखनको नेपथ्यगत तयारी गरेको भए तापनि तिनले कविताको स्वरुप र प्रकाशनको अवसर भने पाउन सकेनन् । सार्वजनिक कवितायात्रा सुरु गरेको करिब पाँच वर्ष पछाडि २०४९ मा आहुतिले 'तपस्वीका गीतहरू' कविता सङ्ग्रह प्रकाशित गराएका हुन् । २५ वटा

विभिन्न समयमा लेखिएका कविताहरूको सँगालो यस कृतिले वि.सं. २०४९ सालको स्रष्टा प्रकाशनद्वारा प्रदान गरिने 'कृष्णमणि सिर्जनशील साहित्य पुरस्कार' प्राप्त गरेको छ । पुस्तकाकार रुपमा पहिलो पटक प्रकाशित कृतिले नै पुरस्कृत हुने अवसर पाएबाट यिनको कवित्वको प्रखरता सहज अनुमान गर्न सकिन्छ । आहुतिले पुस्तकाकार रुपमा एक मात्र कवितासङ्ग्रह रचना गरे पनि यिनको दर्जनौं फुटकर कविताहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् ।

चालीसको दशकबाट काव्यसाधनामा लागिपरेका आहुति खासमा समसामयिक काव्यधारामा उदाएका जल्दाबल्दा प्रगतिवादी कवि हुन् । सङ्ख्यात्मक रुपमा त्यति धेरै कविता नलेखेका भए तापनि गुणात्मकताको कसीमा यिनका कविता खरो उत्रिएका छन् । मूलतः प्रगतिवादी काव्यलेखनको मूलमान्यतालाई अक्षरशः पालना गरी काव्यसाधना गर्ने यिनमा निम्नवर्गीय नेपाली समाजप्रति विशेष सहानुभूति छ । यिनका कविताले निम्नवर्गीय नेपाली समाजको आवाज बुलन्द गरेको पाइन्छ । आहुतिका कविताले जातीय उत्पीडनको तीब्र विरोध गरेका हुन्छन् । राजनीतिक भ्रष्टाचार र अवसरवादी प्रवृत्तिको भर्त्सना गर्ने, क्रान्तिप्रतिको समर्पण, सामाजिक यथार्थवादी चिन्तन, सामन्तवादी र साम्राज्यवादी शासन संरचनाको विरोध, नारीका विविध समस्याको उठान अनि मुक्तिका लागि आह्वान, सामाजिक विकृति र विसङ्गतिप्रति विद्रोह, राष्ट्रिय, अन्तर्राष्ट्रिय मुक्तिकामी योद्धाहरूप्रति श्रद्धाभाव यिनका कविताका मूलभूत प्रवृत्तिहरू हुन् ।

यसरी सामाजिक संरचनाका कारणबाट पिल्सिएकाहरूको रोदनलाई महत्त्व दिई महिला, दलित, मजदुर, सुकुम्बासीका आवाजलाई यिनका

कविताले समेटेका हुन्छन् । शासकीय सत्ताद्वारा हुने हत्या, हिंसा, बलात्कार र दमनका कहर सहन बाध्य सम्पूर्ण जनताका आवाजहरू यिनका कविताले बोलेका पाइन्छन् । देशीय सामन्तवाद र अन्तर्राष्ट्रिय साम्राज्यवादको विरुद्ध पनि आहुतिका कविताले तीव्र रोष प्रकट गरेका छन् शाहवंशका अन्तिम राजा ज्ञानेन्द्र शाहको राजनीतिक सक्रियतापछि तत्कालीन समयमै निरङ्कुश राजतन्त्रप्रति घोर असहमति जनाउँदै यिनले गणतन्त्रवादी चेत बोकेका कविताहरू नेपाली पाठकसामु प्रस्तुत गरेका छन् । समग्रमा आहुतिले आफ्ना कवितामार्फत प्रत्येक जनतालाई आफ्ना हक, अधिकार प्राप्तिका लागि र सुन्दर भविष्यको आगमनका लागि आ-आफ्नो ठाउँबाट विद्रोही बनेर उठ्नका लागि आह्वान गरेको पाइन्छ ।

आहुतिका अधिकांश कवितामा पात्रहरूको उपस्थिति पाइन्छ । चालीसको दशकमा लेखिएका उनका पूर्वार्द्धकालीन कविताहरू केही लामा जस्ता देखिन्छन् । कवितालेखनमा आएको निखारतासँगै पचासको दशक यताका कविताहरू भने सुधारिएर अझ सशक्त बन्न पुगेका छन् । यिनका कविताहरूमा बिम्ब र प्रतीकहरूका माध्यमबाट विषयवस्तुलाई सशक्त रुपमा प्रकट गरिएको पाइन्छ । मौलिक शब्द त्यसमा पनि अझ ग्रामीण जनजीवनमा प्रचलित शब्द प्रयोगमा रमाउनु, गद्य कवितामात्र लेख्नु यिनको खास पहिचान हो । यिनका जति पनि प्रकाशित कविताहरू छन् ती सबै गद्यलयमा आधारित छन् तर तिनमा कतिपय ठाउँमा अनुप्राशको सहज आयोजना र अन्तरसाङ्गीतिकता पाइन्छन् । त्यस्तै बिम्ब, प्रतीक र अलङ्कार आहुतिका कवितामा प्रशस्तै भेट्टिन्छन् । भाषाशैलीगत होस् वा भाव र विषयवस्तुगत जुनसुकै कोणबाट पनि कवि आहुतिका कविता अब्बल दर्जाका ठहरिएका छन् अनि प्रगतिवादी नेपाली कविता परम्परामा आफ्नो छुट्टै पहिचान राख्न सफल छन् ।

## ६.२ निष्कर्ष

**आहुतिको काव्यिक व्यक्तित्वको सापेक्षतामा तपस्वीका गीतहरूको अध्ययन** शीर्षकमा प्रस्तुत गरिएको यस शोधकार्यको निष्कर्ष यस प्रकार छ :

१. चालीसको दशकमा समसामयिक प्रगतिवादी कविता धारामा उदाएका कवि आहुति सामन्ती संस्थापनपक्षको विरुद्धमा आक्रोशित जनमानसको प्रतिबिम्बन र आमूल परिवर्तनको अपेक्षा र सुन्दर गणतान्त्रिक बिहानीको अपेक्षा राख्ने कवि हुन् । उनका कवितामा भाव र शिल्पको राम्रो तालमेल पाइन्छ । उनको कवि प्रतिभाले वर्तमान सामाजिक संरचनाप्रति तीव्र रोष प्रकट गरेको पाइन्छ ।

२. काठमाडौँको काँठे गाउँमा २०२३ सालमा जन्मिएका आहुति दलित भएकै कारण चरम जातीय भेदभाव, होचोअर्घेलो सहँदै हुर्किएका व्यक्ति हुन् । दलित हुनुको पीडा, अभावको जिन्दगी, गर्भेटुहुरो हुनुको सन्ताप, दाम्पत्य जीवनको विघटन, शासक वर्गद्वारा कतिपय अवस्थामा प्राप्त प्रताडन आदिले यिनको हालसम्मको सिङ्गो जीवन नै कष्टकर र सङ्घर्षमय देखिएको छ ।

३. आहुति समाजको अग्रगामी परिवर्तनका लागि साहित्यिक र राजनीतिक दुवै मोर्चाबाट डटेर लागिपरेका व्यक्तित्व हुन् । मार्क्सवादी दर्शनबाट प्रभावित यिनको काव्यिक व्यक्तित्व सशक्त छ । यिनको व्यक्तित्वका विभिन्न पाटाहरू छन् जसमा साहित्यिक, राजनीतिक, सामाजिक-सांस्कृतिक व्यक्तित्व महत्त्वपूर्ण छन् ।

४. हाल ए.ने.क.पा. (माओवादी) को पोलिटब्युरो सदस्य र संविधानसभाका सभासद रहेका यिनी अग्रगामी संविधान निर्माणका लागि क्रियाशील छन् ।

५. कवि आहुतिको सार्वजनिक काव्यिक यात्रालाई दुई चरणमा राखी अध्ययन गरिएको छ । २०४४ देखि २०४९ बीचका कविता सङ्कलन गरी प्रकाशन गरिएको 'तपस्वीका गीतहरू ' (२०४९) कवितासङ्ग्रहलाई आधार बनाएर 'तपस्वीका गीतहरू' (२०४९) पूर्वको काव्यिक यात्रालाई प्रथम चरण र त्यसयता (२०५०) देखि हालसम्मलाई दोस्रो चरणमा राखी आहुतिको काव्यिक यात्रा र चरण विभाजनको अध्ययन गर्ने काम भएको छ ।

६. वि.सं. २०४४ देखि २०४९ को बिचका पाँचवर्षको समयान्तरमा लेखिएको 'तपस्वीका गीतहरू' (२०४९) कवितासङ्ग्रह कवि आहुतिको हालसम्म प्रकाशित एकमात्र कवितासङ्ग्रह हो । सङ्ग्रहभित्र २५ वटा कविताहरू छन् र तिनले प्रगतिवादी नेपाली कविता परम्परामा एउटा विशिष्ट स्थान राख्दछन् ।

७. कवि आहुतिले फुटकर कविताबाट कवितालेखनको शुभारम्भ गरेका हुन् । 'साँच्चै गर्छौं र तिमी?' (दियो, २०४४) बाट सुरु भएको यिनका फुटकर कवितालेखन पनि सशक्त र जीवन्त छ । हालसम्म करिब ३० वटा फुटकर कविताहरू विभिन्न पत्रिकामा प्रकाशन गराइसकेका यिनको प्रथम चरणभन्दा दोस्रो चरणका फुटकर कविताहरू काव्यिक गुणस्तरको कसीमा खरो उत्रिएका पाइन्छन् ।

८. आहुति मूलतः प्रगतिवादी कवि हुन् । प्रगतिवादी काव्यलेखनको मूल्यमान्यतालाई अक्षरशः पालना गरी काव्य साधना गर्ने यिनमा जातीय उत्पीडनको विरोध गर्ने, राजनीतिक भ्रष्टाचार र अवसरवादी प्रवृत्तिको भर्त्सना गर्ने, क्रान्तिप्रतिको समर्पण, सामाजिक यथार्थवादी चिन्तन, सामन्तवादी र साम्राज्यवादी शासन संरचनाप्रतिको विद्रोह, नारी मुक्तिको आवाज, सामाजिक विकृति र विसङ्गतिप्रति

असन्तुष्टि, राष्ट्रिय-अन्तर्राष्ट्रिय मुक्तिकामी योद्धाहरूप्रति श्रद्धाभाव, गणतन्त्रवादी चेत आदि प्रवृत्तिहरू देखा पर्दछन् ।

९. आहुतिका कवितामा भावपक्ष सबल देखिन्छन् । यिनका कवितामा सरल, सहज भाषाशैलीको आयोजना र बिम्ब, प्रतीकको सन्तुलित प्रयोगबाट कविताले भन्न खोजेका कुरा स्पष्ट पारिएका हुन्छन् ।

१०. आहुतिका स्तरीय कविताहरूमा 'तपस्वीका गीतहरू' भित्रका 'ताराबाजी लै लै', 'नौरङ्गी डाँफे र गरिबकी बुहारी क, ख', 'गुँइठाको आगो', 'मुक्ति गोरेटो', 'रातो नालिस', 'अपराधी नम्बर १५०९' आदि पर्दछन् भने फुटकर कविताहरूमा 'माल्दाइ मैले घाँस खान सकिनँ', 'गणतन्त्रको क्षेत्रफल', 'मरेको घोडामाथि बसेको बादशाहका विरुद्ध', 'नेपाल अमेरिका एक्सप्रेस', 'गहुँगोरो अफ्रिका' आदि महत्त्वपूर्ण छन् ।

११. आहुतिका कविताको भाषाशैलीगत पक्ष वास्तवमै सरल र सहज छ । मौलिक शब्द, ग्रामीण जनजीवनमा प्रचलित शब्द खेलाउन रुचाउने यिनका कविता जो कोहीले पनि बुझ्न सक्ने खालका छन् । समाज, प्रकृति, इतिहास आदिबाट विभिन्न बिम्ब, प्रतीकहरूको उपस्थिति गराएर कवितालाई क्लिष्टभन्दा पनि सुबोध्य र सर्वग्राह्य रुपमा प्रस्तुत गर्नसक्नु यिनको काव्यकारिताको खुबी हो ।

१२. मार्क्सवादी चिन्तनलाई सचेत रुपमा आत्मसात् गर्दै काव्यसाधना गर्ने आहुति समसामयिक प्रगतिवादी कविता धारामा चालीसको दशकमा उदाएका कवि हुन् । निकै चुनौति र सम्भावनाका प्रशस्तै लक्षणहरू बोकेका यिनी आफ्नो काव्यिक सिद्धान्तप्रति प्रतिबद्ध आशलाग्दा, जुझारु युवक कवि हुन् ।

# सन्दर्भग्रन्थसूची


आहुति, (२०४९), **तपस्वीका गीतहरू,** काठमाडौँः प्रगति पुस्तक सदन ।

आहुति, (२०५०), **नयाँ घर,** (उपन्यास), काठमाडौँ : सङ्गम प्रकाशन ।

आहुति, (२०५९), **स्खलन,** (उपन्यास), काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

आहुति, (२०६०), **हिन्दू समाजमा दलित जातीय मुक्तिको प्रश्न,** काठमाडौँ : आत्मनिर्भर विकास मञ्च ।

गौतम, देवीप्रसाद, (२०४९), **प्रगतिवाद : परम्परा र मान्यता,** काठमाडौँ : मुना गौतम ।

गौतम, कृष्ण, (२०५९), **आधुनिक आलोचना : अनेक रुप अनेक पठन,** ललितपुर : साझा प्रकाशन ।

चापागाईं, निनु, (२०५१), **यथार्थवादी रचनादृष्टि र विवेचना,** काठमाडौँ : दिल वरदान, पृ. १७५ ।

चापागाईं, नरेन्द्र र अन्य, (२०५२), **काव्य र समालोचना,** विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

ढकाल, नारायण, (२०६०), 'सिर्जना एक : मूल्याङ्कन अनेक', **जनएकता,** वर्ष ८ अङ्क, ३४, पृ. ४ ।

पाण्डेय, ताराकान्त, (२०५३), **'कला साहित्य, भूमिका र मूल्याङ्कन'** काठमाडौँ : चिन्तन प्रकाशन प्रा.लि. ।

पाण्डेय, ताराकान्त, (२०५८), 'समकालीन नेपाली प्रगतीवादी कविताका प्रवृत्तिहरू', **'साहित्य सन्ध्या',** (पृ. ६) ।

पाण्डेय, ताराकान्त, (२०६०), 'सिर्जना एक : मूल्याङ्कन अनेक', **जनएकता,** वर्ष ८ अङ्क, ३४, पृ. ४ ।

पारिजात, (२०४९), 'हत्केलाका फोकाहरू, एक जोडा आँखाहरू आहृतिका कविताहरू', **'तपस्वीका गीतहरू',** काठमाडौँ : प्रगति पुस्तक सदन, भूमिका ।

पौडेल, गोपीन्द्र, (२०५९), **सौन्दर्यबोध र समीक्षा विविध**, काठमाडौँ : उर्मिला पौडेल ।

बराल, ऋषिराज, (२०५३), 'प्रगतिवादी नेपाली कविता र यथार्थबोधको प्रश्न', **कलम**, (पू. ११)

भट्टराई, घटराज, (२०५६), **नेपाली लेखक कोश**, काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान ।

भण्डारी, जगदीशचन्द्र, (२०५५), **प्रगतिवादी नेपाली कविता : रेखाङ्कन र विश्लेषण**, काठमाडौँ : मुन्नी भण्डारी ।

भण्डारी, जगदीशचन्द्र, (२०६०), 'सिर्जना एक : मूल्याङ्कन अनेक', **जनएकता**, वर्ष ८, अंक, ३४, पृ. ४ ।

भण्डारी, ध्रुबबहादुर, (२०६१), **आहुतिको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, स्नातकोत्तर शोधपत्र, त्रि-चन्द्र क्याम्पस, काठमाडौँ ।

वन, राजनकुमार, (२०६४), **आहुतिको उपन्यासकारीता**, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ ।

सङ्ग्रौला, खगेन्द्र, (२०५१), 'आहुतिको नयाँघर एक पाठकको दृष्टिमा', **वेदना,** (२१:१) ।

सङ्ग्रौला, खगेन्द्र, (२०५९), 'स्खलनको आवरण भूमिका', **स्खलन,** काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

सिंह, मोहनविक्रम, (२०५६), 'एउटा नयाँ र साहसिलो प्रयोग', **नयाँ घर,** काठमाडौँ : सङ्गम प्रकाशन ।

सुवेदी, राजेन्द्र र अन्य, (२०५०), 'सम्पादकीय', **प्रलेस,** (१:२) ।

सुवेदी, राजेन्द्र, (२०५३), **नेपाली उपन्यास परम्परा र प्रवृत्ति,** वाराणसी : भूमिका प्रकाशन ।